# अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह

द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

लक्ष्मीकुमारी पुन

भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही

त्रि.वि. रजिस्ट्रेसन नं ६-२-५२-४५८-२००४, २०६६-२०६८, परीक्षा रोल नं ५२००१४


२०६९

**शोधनिर्देशक**
**डा. घनश्याम न्यौपाने**
**सहप्राध्यापक**

# अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह

द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

लक्ष्मीकुमारी पुन

भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही

त्रि.वि. रजिस्ट्रेसन नं ६-२-५२-४५८-२००४, २०६६-२०६८, परीक्षा रोल नं ५२००१४

२०६९

त्रिभुवन विश्वविद्यालय

भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस स्नातकोत्तर तह नेपाली विभाग दोस्रो वर्षकी छात्रा श्री लक्ष्मीकुमारी पुनले "अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही परिश्रमपूर्वक तयार पार्नु भएको हो । म यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली विभाग मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०३/१८

.................

**डा. घनश्याम न्यौपाने**

**सहप्राध्यापक**

शोध निर्देशक

नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस,

भैरहवा, रूपन्देही

**त्रिभुवन विश्वविद्यालय**
# भैरहवा बहुमुखी क्याम्पस
नेपाली विभाग
सिद्धार्थनगर, भैरहवा, रूपन्देही

मिति : २०६९/ /

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागकी छात्रा श्री लक्ष्मीकुमारी पुनले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं" पत्रको प्रयोजनको लागि तयार पार्नु भएको "अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| **नाम तथा पद** | **हस्ताक्षर** |
|---|---|
| **सहप्राध्यापक डा. कपिलदेव लामिछाने**<br>विभागीय प्रमुख | ............................. |
| **सहप्राध्यापक डा. घनश्याम न्यौपाने**<br>शोधनिर्देशक | ............................. |
| सहप्राध्यापक श्री ...... ....... ...... .....<br>....... क्याम्पस, .. ... . ..<br>बाह्य परीक्षक | ............................. |

# कृतज्ञता ज्ञापन

"अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ सहप्राध्यापक डा. घनश्याम न्यौपानेज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यस शोधकार्यलाई यस रूपमा ल्याइपुऱ्याउन आफ्नो अमूल्य समय र आवश्यक सल्लाह र सुझाव दिनु भएकोमा म उहाँप्रति आभार प्रकट गर्दछु ।

यस शोधका लागि आवश्यक सरसल्लाह, सुझाव, सामग्री सङ्कलन परिमार्जनका लागि आफ्नो महत्त्वपूर्ण समय दिनुहुने विभागीय प्रमुख तथा आदरणीय गुरु डा. कपिलदेव लामिछानेप्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पसप्रति म कृतज्ञ छु । यो शोधपत्र तयार गर्ने क्रममा मलाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नुहुने गुरु सहप्राध्यापक श्री बालकृष्ण भट्टराईज्यू, सहप्राध्यापक डा. दामोदर ढकालज्यू, सहप्राध्यापक श्री डिल्लीराज भट्टराईज्यू, उपप्राध्यापक श्री वनमालीराज शर्मा, उपप्राध्यापक श्री त्रिभुवन बरईज्यू, शिक्षण सहायक श्री कृष्णप्रसाद बस्यालज्यू र शिक्षण सहायक श्री कविता रिजालज्यूप्रति पनि म हृदयदेखि नै आभार प्रकट गर्दछु ।

यस शोधकार्यको अध्ययनको क्रममा सामग्री सङ्कलन र आवश्यक जानकारी दिई सहयोग पुऱ्याउने शोधनायक श्री नवराज रिजालज्यूप्रति पनि म हृदयदेखि नै आभार प्रकट गर्दछु ।

मलाई यस अवस्थासम्म आउन सहयोग गर्ने आमा श्री सुमित्रादेवी पुन, बुवा श्री कमानसिंह पुन तथा परिवारका सबै सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु । भैरहवा बहुमुखी क्याम्पसको पुस्तकालयबाट यो शोध तयार गर्दा आवश्यक सहयोग गरिदिनु भएकाले यस पुस्तकालयसँग सम्बद्ध सबैलाई धन्यवाद दिन चाहन्छु ।

यसै गरी प्राविधिक त्रुटि सच्चाउँदै यस शोधपत्रलाई छिटोछरितो टङ्कण र कम्प्युटर सेटिङ गरी सहयोग पुऱ्याउने बहिनी श्री समिता लामिछानेलाई पनि म धन्यवाद दिन चाहन्छु ।

मिति : २०६९/३/१३

लक्ष्मीकुमारी पुन

नेपाली विभाग

भैरहवा बहुमुखी क्याम्पस, भैरहवा

# विषयसूची


| | | |
|---|---|---|
| स्वीकृतिपत्र | | |
| शोधनिर्देशकको सिफारिसपत्र | | |
| कृतज्ञता-ज्ञापन | | क |
| विषयसूची | | ख-फ |
| सङ्क्षेपीकृत शब्दसूची | | ब |
| **परिच्छेद एक : शोधपरिचय** | | **१-८** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | शोधको परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ७ |
| १.८ | शोधको सीमाङ्कन | ७ |
| १.९ | सामग्री सङ्कलनविधि | ७ |
| १.१० | शोधविधि तथा सैद्धान्तिक आधार | ७ |
| १.११ | शोधपत्रको रूपरेखा | ८ |
| **परिच्छेद दुई : नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन** | | **९-१६** |
| २.१ | विषय प्रवेश | ९ |
| २.२ | जीवनी | ९ |
| २.२.१ | जन्म र जन्मस्थान | ९ |
| २.२.२ | बाल्यकाल | ९ |
| २.२.३ | शिक्षादीक्षा | १० |

२.२.४ वैवाहिक तथा पारिवारिक जीवन १०
२.२.५ पेसा र व्यवसाय १०
२.२.६ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव ११
२.२.७ साहित्यिक क्षेत्रमा प्रवेश र योगदान ११
२.२.८ रुचि र स्वभाव ११
२.२.९ पुरस्कार र सम्मान १२
२.३ व्यक्तित्व १२
२.३.१ बाह्य व्यक्तित्व १२
२.३.२ आन्तरिक व्यक्तित्व १२
२.३.२.१ साहित्यिक व्यक्तित्व १२
२.३.२.२ खोज अनुसन्धानकार व्यक्तित्व १४
२.३.२.३ साहित्यिक पत्रकार व्यक्तित्व १४
२.३.२.४ नाट्यनिर्देशक व्यक्तित्व १४
२.३.२.५ स॰ठक व्यक्तित्व १४
२.३.२.६ राजनीतिक व्यक्तित्व १४
२.३.२.७ अभिभावक व्यक्तित्व १५
२.३.२.८ आर्थिक अवस्था १५
२.४ निष्कर्ष १५

**परिच्छेद तीन : लघुकथाको सैद्धान्तिक स्वरूप १७-३७**
३.१ विषयप्रवेश १७
३.२ लघुकथाको अर्थ र परिभाषा १७
३.३ लघुकथाको स्वरूप २२
३.४ लघुकथाका विशेषताहरू २४
३.४.१ लघुता २४
३.४.२ पूर्णता २४
३.४.३ प्रभावकारिता २५

| | | |
|---|---|---|
| | ३.४.४ आख्यानात्मकता | २५ |
| | ३.४.५ पात्र अल्पता | २५ |
| | ३.४.६ सीमित परिवेश | २५ |
| | ३.४.७ सूत्रात्मकता | २६ |
| | ३.४.८ वस्तुगतता र स्पष्टता | २६ |
| | ३.४.९ व्यङ्ग्यात्मकता | २६ |
| | ३.४.१० प्रतीकात्मकता | २६ |
| | ३.४.११ कौतूहलता | २७ |
| | ३.४.१२ जीवनको एक पक्षको प्रस्तुति | २७ |
| | ३.५ लघुकथाका तत्त्व | २७ |
| | ३.५.१ कथावस्तु र कथानक | २८ |
| | ३.५.२ पात्र र चरित्र | २९ |
| | ३.५.३ परिवेश | २९ |
| | ३.५.४ संवाद | ३० |
| | ३.५.५ भाषा र शैली | ३० |
| | ३.५.६ उद्देश्य | ३१ |
| | ३.५.७ दृष्टिविन्दु | ३१ |
| | ३.६ लघुकथा र निकटस्थ विधाहरू | ३२ |
| | ३.६.१ लघुकथा र कथा | ३३ |
| | ३.६.२ लघुकथा र लघुनाटक | ३४ |
| | ३.६.३ लघुकथा र मुक्तक | ३४ |
| | ३.६.४ लघुकथा र चुट्किला | ३५ |
| | ३.६.५ लघुकथा र गजल | ३६ |
| | ३.७ निष्कर्ष | ३७ |
| **परिच्छेद चार : अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन** | | **३८-१३८** |
| | ४.१ विषयप्रवेश | ३८ |
| | ४.२ ‘अर्ती’ लघुकथाको अध्ययन | ३८ |

४.२.१ विषयवस्तु र कथानक ३८
४.२.२ पात्र र चरित्र ३९
४.२.३ परिवेश ३९
४.२.४ संवाद ३९
४.२.५ भाषाशैली ३९
४.२.६ उद्देश्य ३९
४.२.७ दृष्टिविन्दु ४०
४.३ ‘विडम्बना’ लघुकथाको अध्ययन ४०
४.३.१ विषयवस्तु र कथानक ४०
४.३.२ पात्र र चरित्र ४०
४.३.३ परिवेश ४१
४.३.४ संवाद ४१
४.३.५ भाषाशैली ४१
४.३.६ उद्देश्य ४१
४.३.७ दृष्टिविन्दु ४२
४.४ ‘पीडा’ लघुकथाको अध्ययन ४२
४.४.१ विषयवस्तु र कथानक ४२
४.४.२ पात्र र चरित्र ४२
४.४.३ परिवेश ४३
४.४.४ संवाद ४३
४.४.५ भाषाशैली ४३
४.४.६ उद्देश्य ४३
४.४.७ दृष्टिविन्दु ४३
४.५ ‘आशा ¤’ लघुकथाको अध्ययन ४४
४.५.१ विषयवस्तु र कथानक ४४
४.५.२ पात्र र चरित्र ४४
४.५.३ परिवेश ४४

४.५.४ संवाद ४५
४.५.५ भाषाशैली ४५
४.५.६ उद्देश्य ४५
४.५.७ दृष्टिविन्दु ४५
४.६ 'सन्दर्भ' लघुकथाको अध्ययन ४५
४.६.१ विषयवस्तु र कथानक ४५
४.६.२ पात्र र चरित्र ४६
४.६.३ परिवेश ४६
४.६.४ संवाद ४६
४.६.५ भाषाशैली ४६
४.६.६ उद्देश्य ४७
४.६.७ दृष्टिविन्दु ४७
४.७ 'अभियान' लघुकथाको अध्ययन ४७
४.७.१ विषयवस्तु र कथानक ४७
४.७.२ पात्र र चरित्र ४८
४.७.३ परिवेश ४८
४.७.४ संवाद ४८
४.७.५ भाषाशैली ४८
४.७.६ उद्देश्य ४८
४.७.७ दृष्टिविन्दु ४९
४.८ 'अधिकार' लघुकथाको अध्ययन ४९
४.८.१ विषयवस्तु र कथानक ४९
४.८.२ पात्र र चरित्र ४९
४.८.३ परिवेश ५०
४.८.४ संवाद ५०
४.८.५ भाषाशैली ५०
४.८.६ उद्देश्य ५०

| | |
|---|---|
| ४.८.७ दृष्टिविन्दु | ५१ |
| ४.९ ‘पागलको चाहना’ लघुकथाको अध्ययन | ५१ |
| ४.९.१ विषयवस्तु र कथानक | ५१ |
| ४.९.२ पात्र र चरित्र | ५१ |
| ४.९.३ परिवेश | ५२ |
| ४.९.४ संवाद | ५२ |
| ४.९.५ भाषाशैली | ५२ |
| ४.९.६ उद्‌देश्य | ५२ |
| ४.९.७ दृष्टिविन्दु | ५२ |
| ४.१० ‘आँखीझ्याल’ लघुकथाको अध्ययन | ५३ |
| ४.१०.१ विषयवस्तु र कथानक | ५३ |
| ४.१०.२ पात्र र चरित्र | ५३ |
| ४.१०.३ परिवेश | ५३ |
| ४.१०.४ संवाद | ५४ |
| ४.१०.५ भाषाशैली | ५४ |
| ४.१०.६ उद्देश्य | ५४ |
| ४.१०.७ दृष्टिविन्दु | ५४ |
| ४.११ ‘बाटो’ लघुकथाको अध्ययन | ५४ |
| ४.११.१ विषयवस्तु र कथानक | ५५ |
| ४.११.२ पात्र र चरित्र | ५५ |
| ४.११.३ परिवेश | ५५ |
| ४.११.४ संवाद | ५५ |
| ४.११.५ भाषाशैली | ५५ |
| ४.११.६ उद्‌देश्य | ५६ |
| ४.११.७ दृष्टिविन्दु | ५६ |
| ४.१२ ‘एकादेशमा’ लघुकथाको अध्ययन | ५६ |

४.१२.१ विषयवस्तु र कथानक ५६
४.१२.२ पात्र र चरित्र ५७
४.१२.३ परिवेश ५७
४.१२.४ संवाद ५७
४.१२.५ भाषाशैली ५७
४.१२.६ उद्देश्य ५८
४.१२.७ दृष्टिविन्दु ५८
४.१३ 'खोजी' लघुकथाको अध्ययन ५८
४.१३.१ विषयवस्तु र कथानक ५८
४.१३.२ पात्र र चरित्र ५९
४.१३.३ परिवेश ५९
४.१३.४ संवाद ५९
४.१३.५ भाषाशैली ५९
४.१३.६ उद्देश्य ५९
४.१३.७ दृष्टिविन्दु ६०
४.१४ 'स्वार्थ' लघुकथाको अध्ययन ६०
४.१४.१ विषयवस्तु र कथानक ६०
४.१४.२ पात्र र चरित्र ६०
४.१४.३ परिवेश ६१
४.१४.४ संवाद ६१
४.१४.५ भाषाशैली ६१
४.१४.६ उद्देश्य ६१
४.१४.७ दृष्टिविन्दु ६१
४.१५. 'सम्मान' लघुकथाको अध्ययन ६२
४.१५.१ विषयवस्तु र कथानक ६२
४.१५.२ पात्र र चरित्र ६२
४.१५.३ परिवेश ६२

४.१५.४ संवाद ६३

४.१५.५ भाषाशैली ६३

४.१५.६ उद्देश्य ६३

४.१५.७ दृष्टिविन्दु ६३

४.१६ ‘कर्तव्य’ लघुकथाको अध्ययन ६३

४.१६.१ विषयवस्तु र कथानक ६४

४.१६.२ पात्र र चरित्र ६४

४.१६.३ परिवेश ६४

४.१६.४ संवाद ६४

४.१६.५ भाषाशैली ६५

४.१६.६ उद्देश्य ६५

४.१६.७ दृष्टिविन्दु ६५

४.१७ ‘परिचय’ लघुकथाको अध्ययन ६५

४.१७.१ विषयवस्तु र कथानक ६५

४.१७.२ पात्र र चरित्र ६६

४.१७.३ परिवेश ६६

४.१७.४ संवाद ६६

४.१७.५ भाषाशैली ६६

४.१७.६ उद्देश्य ६७

४.१७.७ दृष्टिविन्दु ६७

४.१८ ‘पाटो’ लघुकथाको अध्ययन ६७

४.१८.१ विषयवस्तु र कथानक ६७

४.१८.२ पात्र र चरित्र ६८

४.१८.३ परिवेश ६८

४.१८.४ संवाद ६८

४.१८.५ भाषाशैली ६८

४.१८.६ उद्देश्य ६८

४.१८.७ दृष्टिविन्दु ६९
४.१९ 'विगत-वर्तमान' लघुकथाको अध्ययन ६९
४.१९.१ विषयवस्तु र कथानक ६९
४.१९.२ पात्र र चरित्र ६९
४.१९.३ परिवेश ७०
४.१९.४ संवाद ७०
४.१९.५ भाषाशैली ७०
४.१९.६ उद्देश्य ७०
४.१९.७ दृष्टिविन्दु ७०
४.२० 'भोक' लघुकथाको अध्ययन ७०
४.२०.१ विषयवस्तु र कथानक ७१
४.२०.२ पात्र र चरित्र ७१
४.२०.३ परिवेश ७१
४.२०.४ संवाद ७२
४.२०.५ भाषाशैली ७२
४.२०.६ उद्देश्य ७२
४.२०.७ दृष्टिविन्दु ७२
४.२१ 'अनुभूति' लघुकथाको अध्ययन ७२
४.२१.१ विषयवस्तु र कथानक ७२
४.२१.२ पात्र र चरित्र ७३
४.२१.३ परिवेश ७३

४.२१.४ संवाद ७३
४.२१.५ भाषाशैली ७३
४.२१.६ उद्देश्य ७४
४.२१.७ दृष्टिविन्दु ७४
४.२२ 'यथार्थ' लघुकथाको अध्ययन ७४

४.२२.१ विषयवस्तु र कथानक ७४

४.२२.२ पात्र र चरित्र ७५

४.२२.३ परिवेश ७५

४.२२.४ संवाद ७५

४.२२.५ भाषाशैली ७५

४.२२.६ उद्देश्य ७६

४.२२.७ दृष्टिविन्दु ७६

४.२३ 'दीर्घरोग' लघुकथाको अध्ययन ७६

४.२३.१ विषयवस्तु र कथानक ७६

४.२३.२ पात्र र चरित्र ७७

४.२३.३ परिवेश ७७

४.२३.४ संवाद ७७

४.२३.५ भाषाशैली ७७

४.२३.६ उद्देश्य ७८

४.२३.७ दृष्टिविन्दु ७८

४.२४ 'सहिदपुत्र' लघुकथाको अध्ययन ७८

४.२४.१ विषयवस्तु र कथानक ७८

४.२४.२ पात्र र चरित्र ७९

४.२४.३ परिवेश ७९

४.२४.४ संवाद ७९

४.२४.५ भाषाशैली ७९

४.२४.६ उद्देश्य ७९

२.२४.७ दृष्टिविन्दु ७९

४.२५ 'मानवता' लघुकथाको अध्ययन ८०

४.२५.१ विषयवस्तु र कथानक ८०

४.२५.२ पात्र र चरित्र ८०

४.२५.३ परिवेश ८०

४.२५.४ संवाद ८१
४.२५.५ भाषाशैली ८१
४.२५.६ उद्देश्य ८१
४.२५.७ दृष्टिविन्दु ८१
४.२६ ‘धूर्तता’ लघुकथाको अध्ययन ८१
४.२६.१ विषयवस्तु र कथानक ८१
४.२६.२ पात्र र चरित्र ८२
४.२६.३ परिवेश ८२
४.२६.४ संवाद ८२
४.२६.५ भाषाशैली ८२
४.२६.६ उद्देश्य ८३
४.२६.७ दृष्टिविन्दु ८३
४.२७ ‘मतान्तर’ लघुकथाको अधयन ८३
४.२७.१ विषयवस्तु र कथानक ८३
४.२७.२ पात्र र चरित्र ८४
४.२७.३ परिवेश ८४
४.२७.४ संवाद ८४
४.२७.५ भाषाशैली ८४
४.२७.६ उद्देश्य ८४
४.२७.७ दृष्टिविन्दु ८५
४.२८ ‘आ“ट’ लघुकथाको अध्ययन ८५
४.२८.१ विषयवस्तु र कथानक ८५
४.२८.२ पात्र र चरित्र ८५
४.२८.३ परिवेश ८६
४.२८.४ संवाद ८६
४.२८.५ भाषाशैली ८६
४.२८.६ उद्देश्य ८६

४.२८.७ दृष्टिविन्दु ८६
४.२९ 'जीवन-पथ' लघुकथाको अध्ययन ८६
४.२९.१ विषयवस्तु र कथानक ८७
४.२९.२ पात्र र चरित्र ८७
४.२९.३ परिवेश ८७
४.२९.४ संवाद ८८
४.२९.५ भाषाशैली ८८
४.२९.६ उद्देश्य ८८
४.२९.७ दृष्टिविन्दु ८८
४.३० 'पेट' लघुकथाको अध्ययन ८८
४.३०.१ विषयवस्तु र कथानक ८८
४.३०.२ पात्र र चरित्र ८९
४.३०.३ परिवेश ८९
४.३०.४ संवाद ८९
४.३०.५ भाषाशैली ८९
४.३०.६ उद्देश्य ९०
४.३०.७ दृष्टिविन्दु ९०
४.३१ 'निर्णय' लघुकथाको अध्ययन ९०
४.३१.१ विषयवस्तु र कथानक ९०
४.३१.२ पात्र र चरित्र ९१
४.३१.३ परिवेश ९१
४.३१.४ संवाद ९१
४.३१.५ भाषाशैली ९१
४.३१.६ उद्देश्य ९१
४.३१.७ दृष्टिविन्दु ९१
४.३२ 'ठूलो मानिस' लघुकथाको अध्ययन ९२
४.३२.१ विषयवस्तु र कथानक ९२

४.३२.२ पात्र र चरित्र ९२
४.३२.३ परिवेश ९२
४.३२.४ संवाद ९३
४.३२.५ भाषाशैली ९३
४.३२.६ उद्‌देश्य ९३
४.३२.७ दृष्टिविन्दु ९३
४.३३ ‘यथास्थिति’ लघुकथाको अध्ययन ९३
४.३३.१ विषयवस्तु र कथानक ९३
४.३३.२ पात्र र चरित्र ९४
४.३३.३ परिवेश ९४
४.३३.४ संवाद ९४
४.३३.५ भाषाशैली ९४
४.३३.६ उद्‌देश्य ९५
४.३३.७ दृष्टिविन्दु ९५
४.३४ ‘प्रवृत्ति’ लघुकथाको अध्ययन ९५
४.३४.१ विषयवस्तु र कथानक ९५
४.३४.२ पात्र र चरित्र ९६
४.३४.३ परिवेश ९६
४.३४.४ संवाद ९६
४.३४.५ भाषाशैली ९६
४.३४.६ उद्‌देश्य ९६
४.३४.७ दृष्टिविन्दु ९६
४.३५ ‘प्रगतिशीलता !’ लघुकथाको अध्ययन ९७
४.३५.१ विषयवस्तु र कथानक ९७
४.३५.२ पात्र र चरित्र ९७
४.३५.३ परिवेश ९७
४.३५.४ संवाद ९७

४.३५.५ भाषाशैली ९८
४.३५.६ उद्देश्य ९८
४.३५.७ दृष्टिविन्दु ९८
४.३६ 'राहत' लघुकथाको अध्ययन ९८
४.३६.१ विषयवस्तु र कथानक ९८
४.३६.२ पात्र र चरित्र ९९
४.३६.३ परिवेश ९९
४.३६.४ संवाद ९९
४.३६.५ भाषाशैली ९९
४.३६.६ उद्देश्य १००
४.३६.७ दृष्टिविन्दु १००
४.३७ 'परिवेश' लघुकथाको अध्ययन १००
४.३७.१ विषयवस्तु र कथानक १००
४.३७.२ पात्र र चरित्र १०१
४.३७.३ परिवेश १०१
४.३७.४ संवाद १०१
४.३७.५ भाषाशैली १०१
४.३७.६ उद्देश्य १०१
४.३७.७ दृष्टिविन्दु १०२
४.३८ 'चेतना' लघुकथाको अध्ययन १०२
४.३८.१ विषयवस्तु र कथानक १०२
४.३८.२ पात्र र चरित्र १०२
४.३८.३ परिवेश १०३
४.३८.४ संवाद १०३
४.३८.५ भाषाशैली १०३
४.३८.६ उद्देश्य १०३
४.३८.७ दृष्टिविन्दु १०३

४.३९ ‘वास्तविकता’ लघुकथाको अध्ययन १०३
४.३९.१ विषयवस्तु र कथानक १०४
४.३९.२ पात्र र चरित्र १०४
४.३९.३ परिवेश १०४
४.३९.४ संवाद १०४
४.३९.५ भाषाशैली १०४
४.३९.६ उद्देश्य १०५
४.३९.७ दृष्टिविन्दु १०५
४.४० ‘त्यो रात’ लघुकथाको अध्ययन १०५
४.४०.१ विषयवस्तु र कथानक १०५
४.४०.२ पात्र र चरित्र १०६
४.४०.३ परिवेश १०६
४.४०.४ संवाद १०६
४.४०.५ भाषाशैली १०६
४.४०.६ उद्देश्य १०६
४.४०.७ दृष्टिविन्दु १०७
४.४१ ‘ठहर’ लघुकथाको अध्ययन १०७
४.४१.१ विषयवस्तु र कथानक १०७
४.४१.२ पात्र र चरित्र १०७
४.४१.३ परिवेश १०८
४.४१.४ संवाद १०८
४.४१.५ भाषाशैली १०८
४.४१.६ उद्देश्य १०८
४.४१.७ दृष्टिविन्दु १०८
४.४२ ‘विश्वास’ लघुकथाको अध्ययन १०८
४.४२.१ विषयवस्तु र कथानक १०९

| | |
|---|---|
| ४.४२.२ पात्र र चरित्र | १०९ |
| ४.४२.३ परिवेश | १०९ |
| ४.४२.४ संवाद | १०९ |
| ४.४२.५ भाषाशैली | १०९ |
| ४.४२.६ उद्‌देश्य | ११० |
| ४.४२.७ दृष्टिविन्दु | ११० |
| ४.४३ ‘विवशता’ लघुकथाको अध्ययन | ११० |
| ४.४३.१ विषयवस्तु र कथानक | ११० |
| ४.४३.२ पात्र र चरित्र | १११ |
| ४.४३.३ परिवेश | १११ |
| ४.४३.४ संवाद | १११ |
| ४.४३.५ भाषाशैली | १११ |
| ४.४३.६ उद्‌देश्य | १११ |
| ४.४३.७ दृष्टिविन्दु | १११ |
| ४.४४ ‘छाया“’ लघुकथाको अध्ययन | ११२ |
| ४.४४.१ विषयवस्तु र कथानक | ११२ |
| ४.४४.२ पात्र र चरित्र | ११२ |
| ४.४४.३ परिवेश | ११२ |
| ४.४४.४ संवाद | ११३ |
| ४.४४.५ भाषाशैली | ११३ |
| ४.४४.६ उद्‌देश्य | ११३ |
| ४.४४.७ दृष्टिविन्दु | ११३ |
| ४.४५ ‘व्यवहार’ लघुकथाको अध्ययन | ११३ |
| ४.४५.१ विषयवस्तु र कथानक | ११३ |
| ४.४५.२ पात्र र चरित्र | ११४ |
| ४.४५.३ परिवेश | ११४ |
| ४.४५.४ संवाद | ११४ |

| | |
|---|---|
| ४.४५.५ भाषाशैली | ११४ |
| ४.४५.६ उद्देश्य | ११४ |
| ४.४५.७ दृष्टिविन्दु | ११५ |
| ४.४६ 'क्रम' लघुकथाको अध्ययन | ११५ |
| ४.४६.१ विषयवस्तु र कथानक | ११५ |
| ४.४६.२ पात्र र चरित्र | ११५ |
| ४.४६.३ परिवेश | ११६ |
| ४.४६.४ संवाद | ११६ |
| ४.४६.५ भाषाशैली | ११६ |
| ४.४६.६ उद्देश्य | ११६ |
| ४.४६.७ दृष्टिविन्दु | ११६ |
| ४.४७'सोचाइ' लघुकथाको अध्ययन | ११६ |
| ४.४७.१ विषयवस्तु र कथानक | ११७ |
| ४.४७.२ पात्र र चरित्र | ११७ |
| ४.४७.३ परिवेश | ११७ |
| ४.४७.४ संवाद | ११७ |
| ४.४७.५ भाषाशैली | ११७ |
| ४.४७.६ उद्देश्य | ११८ |
| ४.४७.७ दृष्टिविन्दु | ११८ |
| ४.४८ 'भोको मान्छे' लघुकथाको अध्ययन | ११८ |
| ४.४८.१ विषयवस्तु र कथानक | ११८ |
| ४.४८.२ पात्र र चरित्र | ११९ |
| ४.४८.३ परिवेश | ११९ |
| ४.४८.४ संवाद | ११९ |
| ४.४८.५ भाषाशैली | ११९ |
| ४.४८.६ उद्देश्य | ११९ |
| ४.४८.७ दृष्टिविन्दु | १२० |

४.४९ 'निरुत्तर' लघुकथाको अध्ययन १२०
४.४९.१ विषयवस्तु र कथानक १२०
४.४९.२ पात्र र चरित्र १२०
४.४९.३ परिवेश १२१
४.४९.४ संवाद १२१
४.४९.५ भाषाशैली १२१
४.४९.६ उद्देश्य १२१
४.४९.७ दृष्टिविन्दु १२१
४.५० 'अठोट' लघुकथाको अध्ययन १२१
४.५०.१ विषयवस्तु र कथानक १२२
४.५०.२ पात्र र चरित्र १२२
४.५०.३ परिवेश १२२
४.५०.४ संवाद १२२
४.५०.५ भाषाशैली १२२
४.५०.६ उद्देश्य १२३
४.५०.७ दृष्टिविन्दु १२३
४.५१ 'भ्रममुक्ति' लघुकथाको अध्ययन १२३
४.५१.१ विषयवस्तु र कथानक १२३
४.५१.२ पात्र र चरित्र १२४
४.५१.३ परिवेश १२४
४.५१.४ संवाद १२४
४.५१.५ भाषाशैली १२४
४.५१.६ उद्देश्य १२४
४.५१.७ दृष्टिविन्दु १२५
४.५२ 'दया' लघुकथाको अध्ययन १२५
४.५२.१ विषयवस्तु र कथानक १२५

४.५२.२ पात्र र चरित्र १२५
४.५२.३ परिवेश १२६
४.५२.४ संवाद १२६
४.५२.५ भाषाशैली १२६
४.५२.६ उद्देश्य १२६
४.५२.७ दृष्टिविन्दु १२६
४.५३ ‘सतह’ लघुकथाको अध्ययन १२६
४.५३.१ विषयवस्तु र कथानक १२७
४.५३.२ पात्र र चरित्र १२७
४.५३.३ परिवेश १२७
४.५३.४ संवाद १२७
४.५३.५ भाषाशैली १२७
४.५३.६ उद्देश्य १२८
४.५३.७ दृष्टिविन्दु १२८
४.५४ ‘पहिचान’ लघुकथाको अध्ययन १२८
४.५४.१ विषयवस्तु र कथानक १२८
४.५४.२ पात्र र चरित्र १२९
४.५४.३ परिवेश १२९
४.५४.४ संवाद १२९
४.५४.५ भाषाशैली १२९
४.५४.६ उद्देश्य १२९
४.५४.७ दृष्टिविन्दु १२९
४.५५. ‘दृष्टि’ लघुकथाको अध्ययन १३०
४.५५.१ विषयवस्तु र कथानक १३०
४.५५.२ पात्र र चरित्र १३०
४.५५.३ परिवेश १३०
४.५५.४ संवाद १३१

४.५५.५ भाषाशैली १३१
४.५५.६ उद्देश्य १३१
४.५५.७ दृष्टिविन्दु १३१
४.५६ 'कायर र वीर' लघुकथाको अध्ययन १३१
४.५६.१ विषयवस्तु र कथानक १३१
४.५६.२ पात्र र चरित्र १३२
४.५६.३ परिवेश १३२
४.५६.४ संवाद १३२
४.५६.५ भाषाशैली १३२
४.५६.६ उद्देश्य १३३
४.५६.७ दृष्टिविन्दु १३३
४.५७ 'तस्वीर' लघुकथाको अध्ययन १३३
४.५७.१ विषयवस्तु र कथानक १३३
४.५७.२ पात्र र चरित्र १३४
४.५७.३ परिवेश १३४
४.५७.४ संवाद १३४
४.५७.५ भाषाशैली १३४
४.५७.६ उद्देश्य १३४
४.५७.७ दृष्टिविन्दु १३४
४.५८ 'भोक र संवेदना' लघुकथाको अध्ययन १३५
४.५८.१ विषयवस्तु र कथानक १३५
४.५८.२ पात्र र चरित्र १३५
४.५८.३ परिवेश १३५
४.५८.४ संवाद १३६
४.५८.५ भाषाशैली १३६
४.५८.६ उद्देश्य १३६
४.५८.७ दृष्टिविन्दु १३६

४.५९ निष्कर्ष १३६

**परिच्छेद पँच : शोधनिष्कर्ष** **१३९-१४४**

५.१ विषयप्रवेश १३९

५.२ सारसङ्क्षेप १३९

५.३ शोधनिष्कर्ष १४०

५.४ सम्भावित शोधशीर्षकहरू १४४

**सन्दर्भसूची** **१४५-१४७**

## सङ्क्षिप्तीकृत शब्दसूची

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| एम.ए. | मास्टर्स अफ आर्टस |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |

| | |
|---|---|
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| पृ.स. | पृष्ठ सङ्ख्या |
| बी.एड. | ब्याचलर अफ एजुकेसन |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| संस्क. | संस्करण, |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तहको द्वितीय वर्षको दसौा पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ शोधको परिचय

लघुकथा आख्यानको तुलनात्मक रूपमा पछि विकसित भएको विधा हो । आकारमा यो छोटो भएकाले यसलाई लघुकथा भनिएको हो । अङ्ग्रेजीमा यसलाई सर्ट - सर्ट स्टोरी र मिनी स्टोरी पनि भनिएको छ । नेपालीमा अङ्ग्रेजीको सर्ट स्टोरीका तात्पर्यमा कथा र सर्ट-सर्ट स्टोरीका तात्पर्यमा लघुकथा भन्नु उपयुक्त हुन्छ । जसरी उपन्यासलाई छोट्याउादैमा कथा र कथालाई तन्काउादैमा उपन्यास बन्दैन, त्यसैगरी कथालाई छोट्याउादैमा लघुकथा र लघुकथालाई तन्काउादैमा कथा बन्दैन । लघुकथा एक छुट्टै आफ्नै अस्तित्व र पहिचान भएको आख्यानको एक नवीन विधा हो । १९९२ मा गोपालमान सिंहको नेपाली कृति 'कल्पना' नै प्रथम नेपाली लघुकथा हो भने २००७ सालमा पूर्णप्रसाद ब्राह्मणको **झिल्का** प्रथम लघुकथासङ्ग्रह हो । त्यसपछि नेपाली लघुकथाका क्षेत्रमा धेरै लघुकथाकार र तिनका लघुकथाहरूले नेपाली साहित्यलाई समृद्ध तुल्याएका छन् । त्यस्तै लघुकथाकारमध्ये नवराज रिजाल पनि एक हुन्, जसले २०४० को दशकमा लघुकथा लेख्न थालेर हालसम्म थुप्रै कृति प्रकाशित गरेका छन् । **अदृश्य पीडा** (लघुकथासङ्ग्रह, २०५७), **विखण्डित प्रवाह** (कथासङ्ग्रह, २०६३), **माटो खोज्दै** (लघुकथासङ्ग्रह, २०६७), **दयालु ढेडु** (बालकथासङ्ग्रह, २०५८), **भूतको घरभित्र** (बालकथासङ्ग्रह, २०५९), **बोक्सी बूढी** (बालकथासङ्ग्रह, २०६०), **म पनि जान्ना** (बालकथासङ्ग्रह, २०६१), **तिलकानेको टीको** (बालकथासङ्ग्रह, २०६२), **डुमरवानाको सेरोफेरो** (खोज/अनुसन्धान), **द थ्री फ्रेन्ड्स** (बालकथासङ्ग्रह), **चुपचाप चुपचाप** (गजलसङ्ग्रह, २०६६), **छट्टु बाादरको बिहे** (बालकथासङ्ग्रह, २०६३), **नक्कलीको अक्कल** (बालकथासङ्ग्रह, २०६७), **स्याबास गोपी** (बालकथासङ्ग्रह, २०६७), **रोजीको हवाइ जहाज** (बालउपन्यास, २०६७), **जुनदाइ आए** (बालकवितासङ्ग्रह, २०६८) र **देशको गीत**

**गाऔा** (बालकवितासङ्ग्रह, २०६९) उनका प्रकाशित कृति हुन् । यसरी उनले दुईवटा लघुकथासङ्ग्रह, एउटा कथासङ्ग्रह, दुईवटा बालकवितासङ्ग्रह, एउटा बालउपन्यास, एउटा अनुसन्धानमूलक कृति एउटा गजल सङ्ग्रह र नौवटा बालकथासङ्ग्रह लेखिसकेका छन् । यतिका कृति र दुई -दुईवटा लघुकथा सङ्ग्रहका स्रष्टा रिजाल एक अनुसन्धेय व्यक्तित्व भइसकेका छन् ।

## १.४ समस्याकथन

साहित्यकार नवराज रिजालको साहित्यिक व्यक्तित्व तीन दशकको रहेको पाइन्छ । दुईवटा लघुकथासङ्ग्रह, एउटा कथासङग्रह, नौवटा बालकथासङ्ग्रह, एउटा खोज अनुसन्धानमूलक कृति, दुईवटा बालकवितासङ्ग्रह, एउटा बालउपन्यास र एउटा गजल सङ्ग्रह गरी सत्रवटा पुस्तकाकार कृति प्रकाशित गरिसकेका छन् । उनका रचनाहरूले नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान राख्दछन्, तर अझसम्म पनि उनका कृतिका बारेमा गहन अध्ययन भएको छैन । यही नै प्रमुख शोधसमस्या हो । यस प्रमुख शोधसमस्यासाग सम्बन्धित भएर निम्नलिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) लघुकथाकार नवराज रिजालको जीवनी र व्यक्तित्व केकस्तो रहेको छ ?

(ख) लघुकथाको सैद्धान्तिक स्वरूप केकस्तो छ ?

(ग) लघुकथाकार नवराज रिजालका लघुकथा केकस्ता छन् ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधका मूलभूत उद्देश्य निम्नलिखित छन् :

(क) लघुकथाकार नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु,

(ख) लघुकथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु,

(ग) लघुकथाकार नवराज रिजालका लघुकथाको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लघुकथाकार नवराज रिजालका बारेमा र उनका कृतिका बारेमा गहन अध्ययन, खोज, विश्लेषण भएको पाइदैन । भूमिका तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखक र समीक्षकका टिप्पणीलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

रामप्रसाद ज्ञवालीले “घामले मसाग प्रकाश मागेपछि ” शीर्षकको भूमिका (**अदृश्य पीडा**, २०५७, पृ.४-८) मा रिजाललाई घामसाग तुलना गरी उनका कृतिको सामान्य समीक्षा गरेका छन् । यसमा ज्ञवालीले यस लघुकथासङ्ग्रहमा समाजका विविध पक्षमा

देखापरेका समस्याहरू देखाई तिनको उचित समाधान खोज्नुपर्छ भन्ने साङ्केतिक सन्देश दिन खोजिएको देखिन्छ, उनका लघुकथाहरू पढेपछि विषयवस्तु, उद्देश्य, लेखकीय नियत, विचार, भाव आदि पक्षमा खट्कने कुरा कम छन् भनी उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहका बारेमा सामान्य चर्चा मात्र गरिएको छ ।

रमेश गोर्खालीले "अदृश्य पीडा : मेरो अनुभूति" शीर्षकको भूमिका (**अदृश्य पीडा**, २०५७, पृ.९-१४) मा यस सङ्ग्रहका लघुकथाहरूले नेपाल र नेपालीको प्रगतिचेत र प्रस्ट आत्मछवि दर्साएको तथा सिर्जनामा समाहित यिनको विवेकपूर्ण खुल्लापन एवं प्रशस्त इमान्दारीलाई छाम्न सकिन्छ भनी उल्लेख गरेका छन् । यो भूमिका भएकाले यसमा यस सङ्ग्रहका लघुकथाहरूको सक्षिप्त रुपमा मात्र चर्चा गरिएको छ ।

श्रीओम श्रेष्ठ 'रोदन'ले (**अदृश्य पीडा,** आवरण पृष्ठको पछिल्लो भाग) मा रिजालका लघुकथाको चर्चा गर्दै भविष्यको कलमी यात्रा अझ बढी सुन्दर र सार्थकताको लागि शुभकामना दिएका छन्, तर यसमा यस लघुकथासङ्ग्रहका लघुकथाको बारेमा चर्चा गरिएको छैन ।

अनमोलमणि अनाथ पौडेलले 'दुख्छ भ साह्रै दुख्छ भ्भ अदृश्य पीडा' समीक्षा ( **दिव्यदर्शन**, २०५८ जेठ २०, पृ. ४) मा रिजालका लघुकथाले ढोंगी प्रकृतिका राजनीतिज्ञहरूको देखाउने र गर्ने व्यवहारको यथार्थतालाई चित्रण गरेको उल्लेख गरेका छन् । तर यसमा यस सङ्ग्रहका लघुकथाहरूको सामान्य चर्चा मात्र गरिएको छ ।

अनमोलमणिले 'स्वतन्त्रताको पीडा' लेख (**खबर**, २०५८, असार १९, पृ.?) मा रिजालका **अदृश्य पीडा**भित्रका लघुकथा सामाजिक परिवेश र जीवन भोगाइको नियतिभन्दा पर नभएको बताएका छन्, तर यसमा यस सङ्ग्रहका लघुकथाहरूको बारेमा चर्चा गरिएको छैन ।

गोबर्द्धन पूजाले 'अदृश्य पीडाभित्रका खुसीहरू' (**युगसम्वाद** साप्ताहिक, २०५८, असार २६, पृ. ६) मा रिजालका **अदृश्यपीडा**भित्रका लघुकथाको चर्चा गर्दै रिजाल एक सफल पत्रकार पनि भएका नाताले उनका कथामा अनावश्यक शब्दहरूको जन्जाल छैन र स्वादिला र चोटिला शब्द चयन गरिएको भनी उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

जुनु क्षेत्रीले 'अदृश्य पीडाका स्वरहरू' शीर्षकको लेख (**सगर,** २०५८, कार्तिक-पुस, पृ.४६) मा परिश्रमी र मिलनसार स्वभावका धनी रिजालको **अदृश्य पीडा**भित्र समसामयिक

जीवनका विविद्य घटनाहरूलाई उद्घाटन गरिएको बताएकी छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

खिमानन्द पोखरेलले 'अदृश्य पीडा र अनुभूति एक दृष्टिकोण' शीर्षकको समालोचनात्मक लेख (**मिर्मिरे,** वर्ष ३०, अङ्क १९८, २०५८, पृ.६६) मा उनका लघुकथाहरूले पहिलो सङ्ग्रहमा नै समाजमा देखिएका कुरीति, परम्परा, अन्याय, अत्याचारका बारेमा खानतलास गरी आाखा खोलिदिएको भनी समालोचना गरेका छन्, तर यसमा यस सङ्ग्रहका लघुकथाहरूको सामान्य चर्चा मात्रै गरिएको छ ।

कृष्ण शाह यात्रीले 'पठनीय सङ्ग्रह' लेख (**मधुपर्क**, वर्ष ३४, अङ्क ९, पूर्णाङ्क ३८९, २०५८, पृ.२३) मा उनका विषयवस्तुहरू समाजभित्रकै संस्कृति, परम्परा, समाजनीति, संस्कार आदिका हेराइ र भोगाइहरू बनेका पाइन्छन् भनेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

राधा काडेलले 'अदृश्य पीडाभित्र नवराज' लेख (**साप्ताहिक आवाज**, वर्ष ५, अङ्क २३, २०५८, पृ.७) मा नवराज रिजालको **अदृश्य पीडा**लाई मानिसको अन्तर मनका अदृश्य पीडाहरू समेटिएको एउटा उत्कृष्ट लघुकथासङ्ग्रह भनेकी छन्, तर यसमा यस सङ्ग्रहको बारेमा सामान्य चर्चा मात्र गरिएको छ ।

ईश्वरीप्रसाद पोखरेलले "नेपाली लघुकथाको परम्परा" त्रि.वि., नेपाली केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र (२०६०) मा लघुकथाको सङ्क्षिप्त आयाममा जीवनका गम्भीर र मार्मिक पाटाहरूको सघन रूपमा प्रस्तुत गर्न सक्ने खुबी रिजालको कथाकारिताको मुख्य विशेषता हो भनेका छन् । पोखरेलले यहाा समाजको ठूलो परिदृश्यलाई क्यामराले खिचेको सानो तस्विर जस्तै आकर्षक शब्दचित्रमा चित्रण गरेका रिजालका लघुकथाहरूले सामाजिक विषमतालाई चिरफार गरेर सचेतताको सन्देश दिएको पाइने उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

प्रमोद प्रधानले **नेपाली बाल साहित्यको इतिहास** (२०६१:५५) मा पाठ्येतर बालसाहित्यको चर्चा गर्ने क्रममा बालसाहित्यको क्षेत्रमा कलम चलाउने लेखकहरूमा नवराज रिजालको नाम पनि उल्लेख गरेका छन्, तर यो बालसाहित्य भएकोले यसमा लघुकथाको बारेमा कुनै पनि चर्चा गरिएको छैन ।

प्रमोद प्रधानले **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५:१५) मा "नेपाली बालवाङ्मय लेखन र यो कोश" शीर्षकको लेखमा पाठ्येतर बालसाहित्यको चरण विभाजन गर्ने क्रममा दोस्रो चरणको बालकथाकारहरूमा नवराज रिजालको नाम पनि उल्लेख गरेका

छन् । साथै प्रमोद प्रधानले **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५:२००-२००) मा नवराज रिजालका **दयालु ढेड्डु, भूतको घरभित्र, बोक्सी, बूढी, म पनि जान्न, तिलकानेको टिको र छट्टु बाादरको बिहे** जस्ता बालकथासङ्ग्रहको परिचय दिएका छन् । यो बालवाङ्मय कोश भएकोले यसमा बालकृतिको मात्र चर्चा गरिएको छ । यसमा लघुकथाको चर्चा गरिएको छैन ।

सिर्जना घिमिरेको "नवराज रिजालको अदृश्य पीडा लघुकथासङ्ग्रहको विश्लेषण" शीर्षकको त्रि.वि., जनमैत्री क्याम्पस, नेपाली विभागमा प्रस्तुत स्नातक तहको शोधपत्र (२०६५) मा नवराज रिजाल साहित्यिक जगत्का चहकिला तारा र बहुमुखी प्रतिभाका धनी व्यक्ति भएको बताउादै रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहका लघुकथाको समष्टिगत रूपमा सामान्य अध्ययन गरिएको छ । यसमा नवराज रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहका लघुकथाको एकएक गरी विश्लेषण र अध्ययन भएको पाइादैन ।

गोपाल अश्कले **लघुकथा प्रक्रिया र पाठ** (२०६५, पृ.७८) मा नेपाली लघुकथाको विकासक्रमको चर्चा गर्ने क्रममा २०४६ उत्तरका प्रमुख लघुकथाकारहरू भन्ने उपशीर्षकमा नवराज रिजाललाई नेपाली लघुकथाको क्षेत्रमा एउटा आशलाग्दा कथाशिल्पीका रूपमा लिादै रिजालको लघुकथाकारिता, प्रगतिशीलता र समाजमुखी प्रवृत्तिको छ भनी उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

सुकुम शर्माले "वर्तमानको प्रतिविम्ब माटो खोज्दै" शीर्षकको भूमिका (**माटो खोज्दै,** २०६७, पृ.ढ-त) मा नवराज रिजालका लघुकथा वर्तमान समयमा गाउा र सहरका सम्बन्धका यथार्थ हुन् भनी उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

किशोर पहाडीले "लेख्ने नशा बोकेका रिजाल" शीर्षकको भूमिका (**मोटो खोज्दै,** २०६७, पृ.थ-द) मा आफूलाई गम्भीर रूपमा साहित्यमा अर्पण गरेका रिजालका प्रायः सबै लघुकथाहरू यथार्थपरक रहेको उल्लेख गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

केशवप्रसाद उपाध्यायले **माटो खोज्दै** (२०६७) को आवरणको पछिल्लो पृष्ठमा रिजाललाई अतियथार्थवादी वा प्रकृतवादी कथाकार भनी टिप्पणी गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

घनेन्द्र ओझाले **माटो खोज्दै** (२०६७) को आवरणको पछिल्लो पृष्ठमा रिजाललाई सामाजिक यथार्थवादी र नारीवादी कथाकार भनी टिप्पणी गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

लक्ष्मणप्रसाद गौतमले **माटो खोज्दै** (२०६७) को आवरणको पछिल्लो पृष्ठमा रिजाल आदर्श व्यक्ति, आदर्श समाज, आदर्श देश र आदर्श मानवताको पक्षमा वकालत गर्छन्, हाम्रो सामाजिक संरचनाका स·तिहीन दुर्दान्त एवं कुरूप यथार्थलाई पाठकसामु राखिदिन्छन् भनी टिप्पणी गरेका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

कपिलदेव लामिछानेले “नवराज रिजालका यी लघुकथाहरू : लघुकथामा थप एक खुट्किलो” शीर्षकको भूमिका (**माटो खोज्दै,** २०६७, पृ.घ-ङ) मा रिजालका लघुकथामा देशनिर्माणका मामिलामा आपसमा बाझाबाझ गर्नेहरू सुविधा लिने मामिलामा एकजुट हुने स्वार्थी प्रवृत्ति, शान्तिका नाममा विषका थैला बोकाउन खोज्ने, लोकतन्त्रका नाममा आएको विकृति, राजनीतिक दलको आड लागेर हुने गरेको व्यक्तिगत प्रतिशोध जस्ता राजनीतिकेन्द्री कथ्यसन्दर्भको परिचर्चा गर्दै उनले रिजालका लघुकथाहरू समकालीन यथार्थका परिपोषक बनेको उल्लेख गरेका छन् र रिजालको लघुकथाले नेपाली लघुकथाको इतिहासमा एक खुट्किलो अरु थपेको बताएका छन् । साथै कपिलदेव लामिछानेले यहाा समकालीन नेपाली राजनीतिक पृष्ठभूमिमा उभिएको नेपाली सामाजिक संरचना, मूल्य र मान्यता, लै·िक विभेद अनि दाइजो प्रथाजस्ता परम्परा र नीतिनियम, व्यवहार, आचरण, पारिवारिक सम्बन्ध, अंशबण्डा, बाबुछोरा, दाजुभाइ, प्रेमी-प्रेमिका बीचको सम्बन्ध जस्ता सामाजिक विषयवस्तुले रिजालका लघुकथामा प्रमुख स्थान पाएको बताएका छन्, तर यसमा यस सङ्ग्रहको बारेमा चर्चा गरिएको छैन ।

रिजालको **माटो खोज्दै** (२०६७) को आवरण पृष्ठमा केही गहकिला कथन रहेको पाइन्छ । रामप्रसाद ज्ञवालीले **माटो खोज्दै** (२०६७) को आवरणको पछिल्लो पृष्ठमा विकृत राजनीति, मानवीय असमानता, शैक्षिक अराजकता, युवाबेरोजगारी, भ्रष्ट कर्मचारी प्रशासन, बढ्दो गरिबी, हुर्कदो वेश्यावृत्ति, फैलादो बालशोषण लगायत अनेक समस्याहरूमाथि कथाकार रिजालको दृष्टि पुगेको टिप्पणी गरेका छन् भने रमेश गोर्खालीले अभिजात्य र सत्तासीनका हिंस्रक सोचले गर्दा मध्यम, निम्न मध्यम र निम्न वर्गले भोग्नुपरेको थुप्रै प्रताडनालाई यिनले यथोचित ढ·ले व्याख्या गरेको बताएका छन् । श्रीओम श्रेष्ठ ‘रोदन’ले मानवीयताका पक्षपाती नवराज रिजालले मान्छे मान्छे जस्तो हुन नसकेका कारण असल कर्मीहरू कमजोर हुादै गएको तीतो सत्यलाई कथामन्त्र बनाएको टिप्पणी गरेका छन् । सुधन पौडेलले रिजालका कथाहरू समसामयिक नेपाली जनजीवनका सजिला र अप्ठ्यारा दुवै खाले परिस्थितिको विश्लेषणतर्फ केन्द्रित रहेको बताएका छन् भने जुनु क्षेत्रीले ठूलाले सानाप्रति गर्ने थिचोमिचो र धनीले गरिबप्रति गर्ने दुर्व्यवहारलाई रिजालले आफ्ना कथामा प्रस्तुत गरेर सामाजिक विभेदलाई छर्ल· पारेको र वर्गीय खाडल पुरेर सामाजिक समानता तथा एकता स्थापना गर्ने सन्देश दिएको भनी टिप्पणी गरेकी छिन् ।

यसरी हेर्दै जाादा रिजालका करिब डेढ दर्जन कृतिहरू देखिए पनि उनका कृतिका बारेमा फुटकर रूपमा पत्रपत्रिकामा समालोचना, कृतिसमीक्षा, टीकाटिप्पणी मात्र भएको

पाइन्छ । एउटामात्र कृति **अदृश्य पीडा** लघुकथासङ्ग्रहको सामान्य कृतिपरक अध्ययन भए पनि यसमा भएका लघुकथाहरूको प्रत्येकको छुट्टाछुट्टै विश्लेषण नगरी समग्रमा अध्ययन गरिएको छ । त्यसैले उनका कृतिका बारेमा शोधखोज, अध्ययन, अनुसन्धान र विश्लेषण हुनु जरुरी छ ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

चालीसको दशकदेखि साहित्यमा कलम चलाइरहेका नवराज रिजालका दुईवटा लघुकथासङ्ग्रह प्रकाशित भएकाले उनी एउटा सफल लघुकथाकारका रूपमा स्थापित भएका छन् । प्रस्तुत शोधकार्यबाट ज्ञान क्षेत्रको विस्तार भई उनका र लघुकथाको सिद्धान्तका बारेमा अध्ययन गर्न चाहने शोधार्थी तथा अन्य अध्येताहरूलाई सहयोग पुग्नेछ । यसैले यस शोधको औचित्य, महत्त्व र उपयोगिता रहेको देखिन्छ ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यको सीमा लघुकथाकार नवराज रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहका लघुकथाहरूको मात्र लघुकथाका संरचनात्मक तत्त्वका आधारमा एकएक गरी अध्ययन गर्नु रहेको छ ।

## १.९ शोधविधि र सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यका लागि वर्णनात्मक शोधविद्धि प्रयोग गरिएको छ भने लघुकथाका संरचनात्मक तत्त्वका आधारमा रिजालका लघुकथाको अध्ययन गरिएको छ ।

## १.१० सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन गर्दा मुख्यतया पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । साथै यस कार्यका लागि शोधनायकसाग कुराकानी, सम्बन्धित विषय विज्ञसाग परामर्श समेत गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुव्यविस्थत एवम् सुस·ठित बनाउनका लागि निम्नलिखित ढाचामा यसको रूपरेखा तयार पारिएको छ :

परिच्छेद एक   : शोधपरिचय

परिच्छेद दुई   : नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन

परिच्छेद तीन  : लघुकथाको सैद्धान्तिक स्वरूप

परिच्छेद चार  : **अदृश्य पीडा** लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन

परिच्छेद पाँच : शोधनिष्कर्ष

सन्दर्भसूची

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ विषय प्रवेश

यस परिच्छेदमा लघुकथाकार नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ । यसमा जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक जीवन, पेसा र बसोबास, साहित्यसृजनामा प्रेरणा र प्रभाव, साहित्यिक क्षेत्रमा प्रवेश र योगदान, रुचि र स्वभाव, पुरस्कार र सम्मान, वाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, साहित्यिक पत्रकार व्यक्तित्व, नाट्यनिर्देशक व्यक्तित्व, स·ठक व्यक्तित्व, बालकवि, गजलकार व्यक्तित्व, समालोचक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, अभिभावक व्यक्तित्व र आर्थिक अवस्था सम्बन्धी अध्ययन गरिएको छ ।

## २.२ जीवनी

हरेक व्यक्तिको आफ्नै जीवनी रहेको हुन्छ । कुनै पनि व्यक्तिको जीवनको खास-खास महत्त्वपूर्ण पक्ष नै जीवनी हो । यहाा सङ्क्षेपमा लघुकथाकार नवराज रिजालको जीवनीलाई प्रस्तुत गरिएको छ ।

### २.२.१ जन्म र जन्मस्थान

नवराज रिजालको जन्म २०२२ साल जेठ २९ गते बागमती अञ्चल, धादिङ जिल्लामा बुबा ठाकुरप्रसाद रिजाल र आमा देवीमाया रिजालको जेठा सन्तानका रूपमा भएको हो ।[1]

### २.२.२ बाल्यकाल

**उनी** संयुक्त परिवारमा जन्मे पनि छ वर्षको हुादा छुट्टिएर मूल घर छाडेर अर्कै गाउामा बसेको पाइन्छ । उनी ९-१० वर्षको उमेरमा बाराको स्वाभिमान बस्ती डुमरवाना गा.वि.स.मा स्थायी बसोबास गर्न पुगेको देखिन्छ । उनी जेठो सन्तान भएकाले बाल्यकालदेखि नै घरमा बा-आमालाई सघाउने गरेको पाइन्छ ।

---

[1] zf]wgfosaf6 k|fKt hfgsf/L .

### २.२.३ शिक्षादीक्षा

रिजालले छ वर्षको उमेरदेखि नै विद्यालय जान सुरु गरेका हुन् । निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका रिजाललाई आमा र बाले धेरै पढ्नुपर्छ भन्ने गर्नुहुन्थ्यो । कक्षा तीनसम्मको अध्ययन धादिङमा नै भयो भने २०४० सालमा सिद्धेश्वर मा.वि.बाट राम्रो अङ्क ल्याएर एस.एल.सी. उत्तीर्ण गरेका थिए (घिमिरे, २०६५:५) । प्राथमिक र माध्यमिक शिक्षा नियमित रूपमा प्राप्त गरेका रिजालले त्यसपछिको पढाइ नियमित रूपमा प्राप्त गर्न सकेनन् । रिजालले एस.एल.सी. पछि नै पूर्व प्राथमिक विद्यालयबाट अध्यापन कार्य सुरु गरे र हालसम्म पनि यसलाई निरन्तरता दिंदै आइरहेका छन् । एस.एल.सी.पछि रिजालले आफूले पढ्दै अरूलाई पढाउदै गरेका हुन् । रिजालको आफ्नो पारिवारिक परिस्थितिले गर्दा पढाइलाई बीच-बीचमा रोक्नुपरेको थियो । तर पनि उनमा पढ्ने तीव्रचाहना भएकोले उनले त्रि.वि.बाट एम.ए. नेपाली विषयमा र बी.एड. गरिसकेका छन् भने हाल "नेपाली बालउपन्यासका प्रवृत्तिहरू" विषयमा विद्यावारिधि गर्दै छन् ।[२] उनले हालसम्म ट्युसन पढेका छैनन् (हाम्रो आागन, २०६५:६) ।

### २.२.४ वैवाहिक तथा पारिवारिक जीवन

नवराज रिजालले २०५३ सालमा ३१ वर्षको उमेरमा हेटौडाकी अस्मिता शर्मासाग शुभविवाह गरेका हुन् । हाल उनका एक छोरा प्रतीत र एक छोरी प्रतीक्षा छन् । हाल छोरी कक्षा दशमा र छोरा कक्षा नौमा अध्यापनरत छन् (घिमिरे, २०६५:९) । छोराछोरीको हेरचाह, अध्यापन, सामाजिक सेवा, पत्रकारिता, विद्यालय प्रमुखको जिम्मेवारी, साहित्य सिर्जना, साहित्यिक गोष्ठी र कार्यक्रममा सहभागी हुने आदिले निकै व्यस्ततापूर्ण जीवन बिताइरहेका रिजालले आफ्नो पारिवारिक दायित्वलाई पनि राम्ररी चलाइरहेका छन् भने उनलाई पनि घरपरिवारबाट सदैव सहयोग प्राप्त भइरहेको पाइन्छ ।[३]

### २.२.५ पेसा र व्यवसाय

निम्नमध्यम वर्गीय परिवारमा जन्मेका रिजालले मुख्य पेसा प्राध्यापनलाई आगालेको पाइन्छ । हाल उनी सपरिवार काठमाडौमा बसोबास गर्दै आइरहेको पाइन्छ । उनले धुनीबेसी आदर्श क्याम्पस, जीवनपुर-६, धादिङमा अध्यापन पेसा गरिरहेका छन् । यस्तै उनी महेशधर्म उच्च मा.वि., जीवनपुर-६, धादिङमा समेत अध्यापनकार्यमा संलग्न छन् ।

उनको स्थायी बसोबास बारा जिल्लाको डुमरवाना गा.वि.स. वडा नं. ७ स्वाभिमान बस्तीमा रहेको पाइन्छ । आजको काम आजै र अहिल्यै गर्नुपर्छ भोलि कहिलै पनि आउादैन भन्ने विचार रिजालको रहेको छ ।

---

[२] zf]wgfosaf6 k|fKt hfgsf/L .

[३] zf]wgfosaf6 k|fKt hfgsf/L .

### २.२.६ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव

नवराज रिजाललाई बाराको स्वाभिमान बस्ती डुमरवानामा अवस्थित सिद्धेश्वर माध्यमिक विद्यालयमा कक्षा आठमा पढ्दा हरिभक्त कटुवालको सम्झनामा भएको गोष्ठीबाट साहित्यिक रचनाहरू सिर्जना गर्ने प्रेरणा मिलेको थियो (घिमिरे, २०६५:६) । विद्यालयमा पढ्दादेखि नै विभिन्न साहित्यिक कार्यक्रम र गोष्ठीमा भाग लिने र साहित्यिक कृति रचना गर्ने रुचि रहेको पाइन्छ । आमाको पण्डित बनाउने इच्छा र बुवाको ठूलो मान्छे बनाउने इच्छा पूरा गर्नका लागि उनी सानैदेखि साहित्यतर्फ आकर्षित भएको पाइन्छ । रिजालले कविता विधाबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेको देखिन्छ । आमा, बा, गुरुहरू, साथीभाइ, साहित्यिक व्यक्तित्व, साहित्यिक कार्यक्रमबाट उनलाई साहित्य सिर्जना गर्ने प्रेरणा र प्रभाव मिलेको पाइन्छ ।

### २.२.७ साहित्यिक क्षेत्रमा प्रवेश र योगदान

रिजालले लेखनमा २०३८ सालदेखि प्रवेश गरे पनि उनको पहिलो प्रकाशित रचना 'पागलको चाहना' हो, जुन २०३९ मा काठमाडौंबाट प्रकाशित **मातृभूमि** साप्ताहिकमा प्रकाशित भएको पाइन्छ (रिजाल, २०६५:५) । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा **अदृश्य पीडा** (लघुकथासङ्ग्रह, २०५७), **विखण्डित प्रवाह** (कथासङ्ग्रह, २०६३) र **माटो खोज्दै** (लघुकथासङ्ग्रह, २०६७), **जुनदाइ आए** (बालकवितासङ्ग्रह, २०६८) र **देशको गीत गाऔं** (बालकवितासङ्ग्रह, २०६९), **रोजीको हवाइ जहाज** (बालउपन्यास, २०६७), **दयालु ढेडु** (बालकथासङ्ग्रह, २०५८), **भूतको घरभित्र** (बालकथासङ्ग्रह, २०५९), **बोक्सी बूढी** (बालकथासङ्ग्रह, २०६०), **म पनि जान्ना** (बालकथासङ्ग्रह, २०६१), **तिलकानेको टीको** (बालकथासङ्ग्रह, २०६२) **छट्टू बाादरको बिहे** (बालकथासङ्ग्रह, २०६३), **डुमरवानाको सेरोफेरो** (खोज/अनुसन्धान), **द थ्री फ्रेन्ड्स** (बालकथासङ्ग्रह), **नक्कलीको अक्कल** (बालकथासङ्ग्रह, २०६७) र **स्याबास गोपी** (बालकथासङ्ग्रह, २०६७) । एउटा व्यक्तिको छोटो जीवनमा यतिका कृतिहरू देखापर्नु निश्चय नै ठूलो योगदान मान्नुपर्छ ।

### २.२.८ रुचि र स्वभाव

हरेक व्यक्तिका आफ्ना-आफ्ना रुचि र स्वभाव हुन्छन् । नवराज रिजालको साहित्य सिर्जन, लेखन, प्रकाशन, पठन, अध्ययन, अध्यापन, पत्रकारिता गर्ने रुचि रहेको पाइन्छ । खरो, निर्भीक, निडर, स्पष्टवक्ता, मनमा केही नराख्ने, अन्याय र अत्याचार नसहने जस्ता स्वभाव रिजालमा रहेको पाइन्छ । सबैसाग मिलनसार, अहंकार नरुचाउने, सदाचार र यथार्थता रुचाउने जस्ता चारित्रिक विशेषता रिजालमा रहेका छन् । समग्रमा नम्रता, विनयशीलता, मिलनसार, मिजासिला, भावुक, सहयोगी भावना रिजालमा पाइने चारित्रिक विशेषता हुन् ।

### २.२.९ पुरस्कार र सम्मान

रिजालले थुप्रै पुरस्कार र सम्मान पाएका छन् । सुगन्ध लघुकथा पुरस्कार- २०५१, नारायणी वाङ्मय पुरस्कार- २०५७, राष्ट्रिय वाङ्मय सम्मान- २०६३, अमेरिकाबाट अनेसास पुरस्कार- २०६६ उनले प्राप्त गरेका पुरस्कार र सम्मान हुन् ।

## २.३ व्यक्तित्व

कुनै पनि व्यक्तिको गुणविशेष, व्यक्ति पहिचान वा आन्तरिक पहिचान नै त्यस व्यक्तिको व्यक्तित्व हो । कुनै पनि व्यक्तिलाई झट्ट हेर्दा देखिने आकृति बाह्य हो भने उसको आन्तरिक आकृति आन्तरिक व्यक्तित्व हो । लघुकथाकार नवराज रिजालको व्यक्तित्वलाई पनि यसै अनुसार अध्ययन गर्न सकिन्छ ।

### २.३.१ बाह्य व्यक्तित्व

पााच फुट दुई इन्च अग्लो मझौला कद, गहुगोरो वर्णको, काला आाखा, सलक्क मिलेको नाक भएका रिजाल हृष्टपुष्ट र प्रायः टोपीमा देखिन्छन् । उनी सदैव परिश्रम गर्न र सादा जीवन बिताउन मन पराउाछन् । मीठो बोली, मिलनसार र हार्दिकतापूर्ण व्यवहारले रिजालको व्यक्तित्वलाई उाचा बनाएको छ । उनी सानैदेखि गम्भीर स्वभावका र तीव्र स्मरणशक्ति भएका व्यक्ति रहेको पाइन्छ ।

### २.३.२ आन्तरिक व्यक्तित्व

नवराज रिजाल मुख्यतया साहित्यकार हुन् भने पत्रकार, सम्पादक र प्रकाशक व्यक्तित्व प**नि हुन्** । साहित्यकार व्यक्तित्वभित्रै पनि उनका अनेक आन्तरिक व्यक्तित्व रहेका छन् ।

#### २.३.२.१ साहित्यिक व्यक्तित्व

रिजाल नेपाली साहित्यजगत्का एक बहुमुखी प्रतिभा हुन् । उनका साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू छन् । रिजालले कविताबाट साहित्ययात्रा थालेका हुन् ।

नवराज रिजाल साहित्यको कथा र लघुकथा विधामा स्थापित नाम हो । चालीसको दशकदेखि नै कथा लेखनमा सक्रिय रहेका रिजालले कथा र लघुकथा दुवै लेखेका छन् । रिजालको २०६३ सालमा **विखण्डित प्रवाह** कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । त्यस्तैगरी २०५७ मा **अदृश्य पीडा** र २०६७ मा **माटो खोज्दै** गरी दुईवटा लघुकथासङ्ग्रह प्रकाशित भएका छन् । यसबाहेक थुप्रै पत्रपत्रिकाहरूमा पनि फुटकर रूपमा उनका कथा, लघुकथाहरू प्रकाशित भएका छन् । आफूले देखेका, भोगेका र अनुभव गरेका कुराहरू र समाजमा हुने गरेका सामाजिक विकृति, विस˙ति र यथार्थ घटनालाई आधार बनाएर लघुकथा रचना गर्नु

रिजालको लघुकथा लेखनको विशेषता नै हो । उनका कथाहरूले यसरी पहिलो सङ्ग्रहमा नै समाजमा देखिएका कुरीति, परम्परा, अन्याय, अत्याचारका बारेमा खान तलास गरी आाखा खोली दिएका छन् (पोखरेल, २०५८:६६) । त्यस्तै गरी सङ्क्षिप्त लघुकथाको आयाममा जीवनका गम्भीर र मार्मिक पाटाहरूको सघन रूपमा प्रस्तुत गर्न सक्ने खुबी रिजालको कथाकारिताको मुख्य विशेषता हो, समाजको ठूलो परिदृश्यलाई क्यामराले खिचेको सानो तस्विरजस्तै आकर्षक शब्दचित्रण गरेका रिजालका लघुकथाहरूले सामाजिक विषमतालाई चिरफार गरेर सचेतताको सन्देश दिएको पाइन्छ (पोखरेल, २०६०:११०) । रिजालका लघुकथाहरूमा प्रगतिवादी र सामाजिक यथार्थवादी चिन्तन मुखरित भएको पाइन्छ । जुनसुकै विषयलाई पनि टपक्क टिपेर सरल र कलात्मक शैलीमा लघुकथा रचना गर्ने रिजालको लघुकथाकार व्यक्तित्व अत्यन्त सबल छ ।

नवराज रिजालले फुटकर कविता लेखनबाट नै साहित्यिक क्षेत्रमा प्रवेश गरेको पाइन्छ । रिजालका थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । उनले करिब एक सयको हाराहारीमा फुटकर कविताहरू भने लेखिसकेका छन् (घिमिरे, २०६५:८) । उनले हालसम्म दुईवटा बालकबितासङग्रह प्रकाशित गरिसकेका छन् ।

रिजाल बालसाहित्यकार पनि हुन् । उनले बाल साहित्यका क्षेत्रमा सक्रियतापूर्वक कलम चलाइरहेका छन् । रिजालका सङ्ग्रहगत रूपमा नै धेरै बालकथासङ्ग्रह प्रकाशित भइसकेका छन् । **दयालु ढेडु, भूतको घरभित्र, बोक्सी बूढी, म पनि जान्ना, छट्टु बाादरको बिहे, तिलकानेको टीको, नक्कलीको अक्कल, स्याबास गोपी, द थ्री फेण्ड्स** बालकथासङ्ग्रह, **चुपचाप चुपचाप** गजलसङ्ग्रहका साथै रिजालले बालकविता पनि लेखेको पाइन्छ । त्यसैले उनी बालकवि पनि हुन् । उनले धेरै बालकविताहरू लेखेका छन् । काठमाडौाका धेरै पत्रपत्रिकाहरूमा उनका बालकविताहरू प्रकाशित भइसकेका छन् । रिजालले **जुनदाइ आए** नामक बालकवितासङ्ग्रह प्रकाशित गरिसकेका छन् भने अर्को एउटा बालकवितासङ्ग्रह **देशको गीत गाऔा** शीघ्र प्रकाश्य रहेको छ । बालकथा, बालकविताका साथै रिजाल बालउपन्यासकार पनि हुन् । उनको **रोजीको हवाइजहाज** नामक बालउपन्यास पनि प्रकाशित भइसकेको छ । अतः बालसाहित्यका क्षेत्रमा रिजालको ठूलो योगदान रहेको पाइन्छ ।

रिजाल गजलकार पनि हुन् । उनले धेरै गजलहरू लेखेर विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित पनि गरिसकेका छन् भने **चुपचाप चुपचाप** नामक गजलसङ्ग्रह (२०६६) आफ्नो छद्मनाम वागीयान शर्मा नामबाट प्रकाशित भइसकेको छ । हाल पनि उनी गजलहरू लेखिरहेका छन् ।

रिजाल समालोचक पनि हुन् । उनले थुप्रै रचनाहरूको समालोचना गरिसकेका छन् । उनका समालोचनाहरू पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । रिजाल लघुकथाका साथै

कविता, मुक्तक, हाइकु र समालोचना विधाका पनि क्रियाशील स्रष्टा हुन् (क्षेत्री, २०५८:४६) ।

### २.३.२.२ खोज अनुसन्धानकार व्यक्तित्व

रिजालको रुचि खोज अनुसन्धानमा पनि छ । उनी सधै केही नयाा गर्नुपर्छ भन्ने विचार राख्छन् । उनले **डुमरवानाको सेरोफेरो** नामक खोजअनुसन्धानमूलक कृति तयार पारेका छन् भने “नेपाली बालउपन्यासका प्रवृत्तिहरू” विषयमा विद्यावारिधि स्तरको अनुसन्धान पनि गर्दै- छन् ।

### २.३.२.३ साहित्यिक पत्रकार व्यक्तित्व

साहित्यिक पत्रकार व्यक्तित्व पनि रिजालको एक प्रमुख व्यक्तत्व रहेको पाइन्छ ।उनी २०५० सालदेखि **नवप्रज्ञापन** नामक त्रैमासिक पत्रिकाको सम्पादक र प्रकाशक रहेको पाइन्छ । २०६८ साल माघ-चैत्रसम्म यस पत्रिकाको ५५ औ अङ्क प्रकाशित भएको पाइन्छ । उनी साहित्यिक पत्रकार संघको केन्द्रीय सदस्य समेत हुन् (घिमिरे, २०६५:५१) । उनले शिक्षणका साथै पत्रकारितालाई पनि सागैसागै अगाडि बढाएका छन् ।

### २.३.२.४ नाट्यनिर्देशक व्यक्तित्व

रिजालका अनुसार विद्यार्थी अवस्थामै २०३६ सालदेखि २०४५ सालसम्म लेखन तथा निर्देशन गरी दसै, तिहार र नयाा वर्षमा नाटक गरिन्थ्यो (रिजाल, २०६५:६) । त्यसैले नाट्यनिर्देशक व्यक्तित्व पनि उनको एउटा मुख्य व्यक्तित्व रहेको देखिन्छ ।

### २.३.२.५ सङ्गठक व्यक्तित्व

रिजालको धेरै व्यक्तित्वमध्ये स•ठक व्यक्तित्व पनि एक रहेको पाइन्छ । उनको आफ्नै भनाइ अनुसार विद्यार्थी अवस्थामै २०३८ सालमा उनकै अध्यक्षतामा गाउामा नवयुवा पुस्तकालय खोलिएको थियो (रिजाल, २०६५:६)।

### २.३.२.६ राजनीतिक व्यक्तित्व

साहित्यका क्षेत्रमा विभिन्न उपनामद्वारा परिचित नवराज रिजाल राजनीतिमा आबद्ध नभए पनि समसामयिक राजनीतिको विश्लेषण गर्न रुचि राख्छन् । उनी मार्क्सवादी दर्शनबाट प्रभावित भएको हुनाले वामपन्थी विचारसाग सहमत छन् । राजनीतिलाई सामाजिक सुधारका दृष्टिले हेर्ने रिजाल प्राध्यापन र साहित्य लेखनकै क्षेत्रमा आबद्ध भएका हुनाले कुनै पनि रानीतिक पार्टीमा आबद्ध भएका छैनन् (घिमिरे, २०६५:८) ।

### २.३.२.७ अभिभावक व्यक्तित्व

रिजाल एक कुशल अभिभावक पनि हुन् । रिजालका एक छोरा र एक छोरी गरी दुई सन्तान छन् । यिनीहरूमध्ये छोरी प्रतीक्षा कक्षा दसमा पढ्दै छन् भने छोरा प्रतीत कक्षा नौमा अध्ययन गर्दै छन् । रिजालको पतिपत्नी बीचमा जुन किसिमको सम्झदारी छ यसबाट पनि उनीहरूको दाम्पत्य जीवन राम्रो बनेको पाइन्छ (घिमिरे, २०६५:८) । उनी एक कुशल पिता र अभिभावक हुन् । आफूले पूरा गर्नुपर्ने कर्तव्य उनले पालन गरेको पाइन्छ । उनलाई हरेक क्षेत्रमा अघि बढ्न श्रीमती र छोराछोरीले पनि साथ, सहयोग र हौसला दिएका कारण उनी सफल भएका हुन् । उनको परिवारमा एक आपसमा मेलमिलाप, समझदारी, सहयोगी भावनाको कारण उनको दाम्पत्य र पारिवारिक जीवन अत्यन्त सफल र सुखद रहेको देखिन्छ ।

### २.३.२.८ आर्थिक अवस्था

रिजाल गाउामा जन्मे पनि हाल काठमाडौमा प्राध्यापन पेसामा संलग्न छन् । काठमाडौमा आफ्ना छोराछोरी र श्रीमतीलाई सुखीसाग पालेका छन् र छोराछोरीको शिक्षादीक्षाको उचित व्यवस्था पनि मिलाएका छन् । उनको आर्थिक अवस्था औसत रूपमा राम्रो छ भन्न सकिन्छ ।

## २.४ निष्कर्ष

२०२२ साल जेठ २९ गते पश्चिम १ नम्बर अन्तर्गत पर्ने तत्कालीन धादिङमा जन्मेका नवराज रिजाल एक चर्चित प्रतिभासम्पन्न बहुआयामिक व्यक्तित्व हुन् । नेपालीमा स्नातकोत्तर र बी.एड. गरी हाल “नेपाली बालउपन्यासका प्रवृत्तिहरू” विषयमा विद्यावारिधि गर्दै छन् । २०४० सालमा काठमाडौबाट प्रकाशित हुने साप्ताहिक पत्रिका **मातृभूमि**मा पहिलो लघुकथा ‘पागलको चाहना’ प्रकाशित भए पछि उनी लघुकथाका क्षेत्रमा झुल्किएका हुन् । उनी कथाकार, लघुकथाकार, बालकथाकार, गजलकार, बालकविताका लेखक, बालउपन्यासकार, साहित्यिक पत्रकारका रूपमा पनि क्रियाशील छन् । उनले हालसम्म नौवटा बालकथासङ्ग्रह, दुईवटा बालकवितासङ्ग्रह, एउटा बालउपन्यास, एउटा गजलसङ्ग्रह, दुईवटा लघुकथासङ्ग्रह, एउटा कथासङ्ग्रह र एउटा अनुसन्धानमूलक कृति लेखेर प्रकाशित गरिसकेको पाइन्छ । यति धेरै कृति लेखेर नेपाली साहित्यको ढुकुटी समृद्ध गर्नमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । उनी एक कुशल प्राध्यापक, अभिभावक, सम्पादक, समाजसेवी, प्रशासक, पत्रकार र अन्वेषक व्यक्तित्वका रूपमा पनि स्थापित छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने रिजालका नौवटा बालकथासङ्ग्रह, दुईवटा बालकवितासङ्ग्रह, एउटा बालउपन्यास, एउटा अनुसन्धानमूलक कृति, एउटा कथासङ्ग्रह दुईवटा लघुकथासङ्ग्रह र एउटा गजलसङ्ग्रह गरी सत्रवटा पुस्तकाकार कृति प्रकाशनमा आइसकेका छन् । अन्य थुप्रै फुटकर रचनाहरू बेला-बेलामा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुने गरेको पाइन्छ । यति धेरै कृतिहरू नेपाली साहित्यको भण्डारमा थपी नेपाली

साहित्यको ढुकुटीमा आफ्नो अमूल्य निधिहरू दिएर रिजालले नेपाली साहित्यमा ठूलो योगदान गरेका छन् ।

# परिच्छेद तीन

# लघुकथाको सैद्धान्तिक स्वरूप

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा लघुकथाको सैद्धान्तिक स्वरूपका बारेमा चर्चा गरिएको छ । यस क्रममा  यहाा लघुकथाको अर्थ, परिभाषा, स्वरूप, विशेषता, तत्त्वको निरूपण र निकटस्थ विधासाग लघुकथाको तुलना सम्बन्धी अध्ययन गरिएको छ ।

## ३.२ लघुकथाको अर्थ र परिभाषा

लघुकथा आख्यान साहित्यको एउटा भेद हो । लघुकथा शब्द दुईवटा शब्दहरूको योगबाट बनेको छ : लघु+कथा । यहाा लघु भन्नाले सानो र कथा भन्नाले किस्सा, कहानी, आहान भन्ने बुझिन्छ । सानो भए पनि स्वयम्मा पूर्ण र प्रभावकारी हुनु यसको मौलिक पहिचान हो । यस लघुकथाको सम्बन्धमा धेरै मतमतान्तरहरू रहेका छन् । यसका बारेमा धेरै सर्जक तथा समालोचकहरूले पनि आआफ्ना धारणा प्रस्तुत गरेका छन् । लघुकथाको कथासाग नजिकको सम्बन्ध छ, तर पनि कथा नै लघुकथा होइन । जसरी कथा उपन्यासभन्दा फरक पहिचान भएको विधा हो, त्यसरी नै लघुकथा पनि कथाभन्दा आफ्नै मौलिक पहिचान र अस्तित्व भएको विधा हो । अझै पनि पाश्चात्य र नेपाली साहित्यमा लघुकथा सम्बन्धी सिद्धान्तको प्रतिपादन भएको छैन । समालोचक मोहनराज शर्माले यसका प्रमुख कारणहरू निम्नलिखित रहेको जनाएका छन् :

(क) लघुकथाले साहित्यिक विधाको भेदोपभेदका रूपमा मान्यता नपाउनु,

(ख) यसको लेखन परम्परामा निरन्तरता वा अविच्छिन्नता नहुनु,

(ग) उपन्यासकार, कथाकार झौ यसको मात्र लेखन गर्ने समर्पित लघुकथाकारहरूको

अत्यल्पता हुनु,

(घ) प्रतियोगिता, विशेषाङ्क वा गोजिकाका निम्ति माग हुादा आकस्मिक वा अनियमित

ढ·मा मात्र लेखिनु आदि (शर्मा, २०६६:१७७-१७८)।

यिनै कारणहरूले गर्दा लघुकथाको यथार्थ पहिचान वास्तविक स्वरूपको निरूपण गर्ने काम आज पनि थातीकै अवस्थामा रहेको छ ।

लघुकथा आख्यानको एउटा उपविधा र साहित्यको कान्छो विधा हो । नामले नै यसको आकारको बारेमा जानकारी पाइन्छ । 'लघुकथा'को रूपमा चिन्ने गरेको यस लघुत्तम आख्यानको स्वरूपलाई अङ्ग्रेजीमा सर्ट-सर्ट स्टोरी भनिन्छ (गिरी, २०५६:७१) । अङ्ग्रेजीमा प्रयोग हुने सर्ट स्टोरीको अर्थ नेपालीमा कथा हुन्छ भने सर्ट-सर्ट स्टोरीको अर्थ नेपालीमा लघुकथा हुन्छ । यसलाई अङ्ग्रेजीमा मिनी स्टोरी पनि भनिएको पाइन्छ । अतः उपन्यासलाई छोट्याउदैमा कथा र कथालाई खुम्च्याउदैमा लघुकथा र लघुकथालाई लम्ब्याउदैमा कथा बन्दैन । लघुकथा आफ्नो छुट्टै पहिचान र अस्तित्व भएको आख्यानको एक भेद हो । कतिपय साहित्यकार, समालोचक र चिन्तकहरूले लघुकथालाई छुट्टै विधा हो भन्ने विचार पनि राखेका छन् ।

लघुकथाको सबैभन्दा ठूलो विशेषता के हो भने यसमा मुक्तकीय झट्का दिने सूक्ष्म तर तीव्र आख्यानतन्तुको एउटा शृङ्खला हुन्छ (गौतम, २०५६:६१)। साहित्यका मुख्य चार विधाहरू कविता, आख्यान, नाटक र निबन्धमध्ये आख्यान एक हो । यसै आख्यान विधाका उपविधा उपन्यास, कथा र लघुकथा हुन्, तर उपन्यास र कथाभन्दा लघुकथा न्यूनतम आयाम भएको स्वतन्त्र विधा हो । लघुकथा छोटो कुनै समस्यालाई चुटुक्क पारेर कलात्मक र रोचक ढङ्गले गद्यमा प्रस्तुत गर्ने कला हो (भट्टराई, २०५६:४१)।

लघुकथा गद्य विधाको त्यो कलात्मक विधा हो, जुन आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रूपमा सम्भवतः सर्वाधिक संश्लिष्ट माध्यमले सक्षम छ, जुन छोटो भईकन पनि चोटिलो र छरितो हुने गर्छ (थापा, २०५६:८५) ।

लघुकथा लघुतम आयाममा संरचित एक स्वतन्त्र उपविधा हो, जसमा जीवन र जगत्को कुनै एक क्षणको प्रस्तुति हुन्छ । छोटो कथानक, थोरै पात्र, सानो परिवेश हुनु लघुकथाको विशेषता हो । लघुकथा आकारमा सानो भए पनि जीवन र जगत्मा घट्ने गरेका समस्याहरूको सूक्ष्म रूपमा तीव्र व्यङ्ग्यका साथ प्रस्तुत हुन्छ । यो आफैमा पूर्ण र मौलिक पहिचान भएको लघुत्तम आख्यानात्मक संरचना हो । जसरी अग्लो मान्छेका गोडा काटेर मान्छेलाई सानो बनाउन सकिदैन, त्यसरी नै कथालाई काटेर लघुकथा बनाउन सकिदैन, किनभने आकारमात्रै लघुकथा होइन (श्रेष्ठ, २०५६:१०९) ।

सम्भवतः अन्य मुख्य-मुख्य विधाहरूभन्दा कनिष्ठ भएर होला, यसले ठूलो बठ्याइका साथ ती अन्य विधाहरूका गुण र स्वभावलाई आफूभित्र स्वायत्त गरेर आफ्नो मजबुतीपनलाई निर्वाह गर्न सकेको छ (श्रेष्ठ, २०६०:४) ।

आधुनिक समयको माग र समयको व्यस्तताले नै लघुकथाको जन्म भएको हो । मानिसहरूलाई लामा-लामा उपन्यास र कथा पढेर बस्ने फुर्सद नभएका कारण पाठकहरू लघुकथातर्फ आकर्षित भएका हुन् । छोटो समयमा पाठक वर्गलाई आनन्द र सन्तुष्टि दिन लघुकथा सक्षम देखिन्छ । त्यसकारण यसको लोकप्रियता र विकास दिनानुदिन बढिरहेको छ

। मनु ब्राजाकीका विचारमा उपन्यास तरबार हो, कथा खुकुरी हो भने लघुकथा छुरी हो । हो वास्तवमा आकारमा लघु भएर पनि हैसियतमा कति चहकिलो हुन्छ छुरी (थापा, २०५६: १४२) । मोहनराज शर्माका अनुसार कथा उपन्यासको सङ्क्षिप्त रूप नभए झौ लघुकथा पनि कथाको सङ्क्षिप्त रूप होइन । कथा र उपन्यास झौ लघुकथा पनि स्वयम्मा पूर्ण र स्वायत्त रचना हो (शर्मा, २०५६:२६) । कपिल लामिछानेका अनुसार कमभन्दा कम शब्दबाट लघुकथाको निर्माण वा रचना होस् भन्ने प्रयत्न लघुकथामा राखिएको हुन्छ । जीवनजगत्को निश्चित क्षण, निश्चित पक्षलाई लघुकथाले आफूमा रचनात्मक पूर्णताका साथ समेटेको हुन्छ (लामिछाने, २०६४:१५३) । घनश्याम न्यौपानेका अनुसार सीमित कथ्यमा सम्बद्ध तीव्र प्रभावोत्पादक, कौतूहल, संपृक्त चरित्र, परिवेश र घटनाले गर्दा नै लघुकथा रोचक हुन्छ ( थापा, २०५५:घ)।

विभिन्न समय र सन्दर्भमा नेपाली, हिन्दी र अङ्ग्रेजी साहित्यका विभिन्न सर्जक तथा समालोचकहरूले आ -आफ्नै तरिकाले लघुकथाका सम्बन्धमा उद्गार व्यक्त गरेका छन् भने कतिपयले लघुकथाको परिभाषा दिएका छन् । यहाा त्यस्ता केही परिभाषाहरूलाई प्रस्तुत गर्दै लघुकथालाई चिन्ने-चिनाउने प्रयत्न गरिएको छ :

लघुकथा न्यूनतम आख्यान भएको लघु गुरु संरचना हो । यसको प्रस्तुति तीव्र र अजटिल हुने हादा यो अति पठनीय र रोचक हुन्छ ।

— मोहनराज शर्मा

आकारगत लघुता मात्र लघुकथाको तात्त्विक पहिचान होइन । मुख्य कुरो त यसमा क्षण भरमै विचार वा भावको विष्फोट हुन सक्ने अणुसामर्थ्य हुनु पर्छ ।

— दयाराम श्रेष्ठ

लघुकथा शब्द नेपाली साहित्यको सन्दर्भमा प्रयुक्त कथा विधाको एक प्रविधा हो ।

— राजेन्द्र सुवेदी

लघुकथा कुशल फोटोग्राफरले खिचेको विशाल र सुन्दर दृश्यको सानो फोटो हो । थोरै समयमा थोरै शब्द पढेर धेरै शब्दको स्वाद लिन सक्ने विधा हो ।

- श्रीओम श्रेष्ठ रोदन

लघुकथाको आयामिक संरचना छोटो र स्वयम्मा पूर्ण हुन्छ ।

- लक्ष्मणप्रसाद गौतम

सङ्क्षिप्त, सरल, सुरुचिपूर्ण प्रहारक एवम् सम्प्रेषक कथात्मक अभिव्यक्ति नै लघुकथा हो ।

— रवीन्द्र समीर

सूत्रात्मक रूपको सङ्केतात्मक सन्देश दिने आख्यान साहित्यको एउटा नवीनतम उपविधा नै लघुकथा हो ।

- रामविक्रम थापा

लघुकथा जीवन आकाशलाई हेर्ने दुरबिन हो ।

- मनु ब्राजाकी

कुनै तथ्य, दृश्य, घटना वा समस्यालाई खिरिलोसित थोरै शब्दमा प्रस्तुत गरिएको रचना नै छोटो कथा हो । यसैलाई लघुकथा पनि भन्दछौ ।

- कृष्ण गौतम

कुनै पनि सामान्य घटना वा मन छुने घटनालाई एउटा मौलिक वा नयाा दृष्टिकोण दिएर पाठकलाई च्वास्स बिभ्ने, सोच्न बाध्य तुल्याउने वा नयाा विचार दिने गरी लेख्ने वा सुनाउने विधालाई लघुकथा भनिन्छ ।

- विनयकुमार
कसजू

लघुकथा गद्य विधाको त्यो कथात्मक विधा हो, जुन आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रूपमा सम्भवतः सर्वाधिक संश्लिष्ट माध्यमले सक्षम छ, जुन छोटो भईकन पनि चोटिलो र छरितो हुने गर्छ ।

- रोशन थापा ॅनीरव'

लघुकथा भनेको सानो आयतन भएको आफैमा पूर्ण त्यो कथा हो जुन बिनाभूमिका सुरु हुन्छ र व्यङ्ग्यात्मक एवम् चमत्कारपूर्ण प्रभाव सहित टुङ्गिन्छ ।

- निमेष निखिल

वास्तविक र सफल लघुकथा त्यही हुन्छ, जसलाई प्रयत्न गरेर पनि अरू विस्तार दिन नसकियोस् ।

- नरेन्द्र कोहली

लघुकथा एक स्वतः पूर्ण रचना हो, जसमा एक तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्रमाथि प्रकाश पार्ने वर्णन होस् ।

- गुलाब राय

लघुकथा जीवनको कुनै अंश वा खण्डको पूर्ण अभिव्यक्ति हो ।

- रत्नलाल शमन

लघुकथा कमभन्दा कम शब्दमा प्रभावशाली ढङ्गबाट कथिएको कुनै संवेदनाको प्रस्तुति हो ।

— महावीरप्रसाद जैन

जीवनका विस·तिहरूलाई उजागर गर्ने लघुकथा एउटा न्यूटन बम हो, जो विस्फोट हुनासाथ अचानक अन्तर्मनलाई आन्दोलित गर्न थाल्दछ ।

- भगवतीप्रसाद द्विवेदी

भोगेका क्षणका टुक्राहरूलाई त्यस्तै शब्दका टुक्राहरूमा नै प्राण भर्नु लघुकथा हो ।

- दिनेशचन्द्र दुबे

छोटो-छोटो कथा (लघुकथा) पनि कथा नै हो, जसको संरचनात्मक आयाम बढीमा पन्ध्र सय शब्दसम्म बिस्तार हुन्छ ।

— जे.ए. सिम्पसन र .एस.सी.विनर

एक मिनेटका कथाहरूलाई लघुकथा भनिन्छ ।

- आर होगर्ट

दुई हजार शब्द वा त्यसभन्दा थोरै शब्दमा लेखिने कथा नै लघुकथा हुन् ।

- सिमोन्स बलडी

सबै आख्यान तत्त्वहरू जस्तो त्यसको सफलतामा निर्भर रहोस् न कि त्यसको (लघुकथा) को लम्बाइमा बरु गहिराइ, दृष्टिकोणको स्पष्टता, मानवीय, अर्थपूर्णता रहोस्, जुन पढेर पाठक आफ्नो वास्तविक जीवनको यथार्थ वस्तुलाई चिन्न सकोस् ।

- जेम्स थोमस

लघुकथा सामान्य प्रकारको कथाभन्दा भिन्न हुन्छ । यो यति डरलाग्दो गरी छोट्याइएको हुन्छ कि लगभग एउटा गीति कविता जस्तै प्रकाशको झिल्का सबै प्रष्फुटित/विष्फोटित हुन्छ । यसले घटनाहरूलाई निराकरण गर्दै आफूलाई एउटैमा सीमाबद्ध गर्दछ र प्रतीकात्मक मूल्य हासिल गर्दछ ।

- इर्भिङ हाओ

यसरी नेपाली सर्जक तथा समालोचक, चिन्तकहरूले लघुकथा सम्बन्धी दिएको परिभाषाबाट लघुकथालाई कसैले विधा, कसैले कला, कसैले उपविधा, कसैले छोटा कथा भनेको पाइन्छ । जे भने तापनि विभिन्न सत्य घटना र समस्यालाई खिरिलोसित थोरै शब्दमा कलात्मक प्रस्तुति गर्नु नै लघुकथा हो भन्ने आशय प्रकट भएको देखिन आउाछ । यस्तै हिन्दीका समालोचकले पनि लघुकथालाई एक कसिलो सुन्दर आख्यानात्मक विधाका रूपमा लिएका छन् । अङ्ग्रेजी साहित्यिक चिन्तकहरूले पनि लघुकथाको परिभाषा दिने क्रममा कसैले शब्दगत सीमालाई जोड दिएका छन्, कसैले समयगत सीमालाई जोड दिएका छन् भने कसैले प्रतीकात्मकता र सङ्क्षिप्ततामा जोड दिएका छन् । यी सबैको निष्कर्षमा के भन्न सकिन्छ भने लघुकथा आख्यानको एउटा सशक्त विधा हो, जुन छोटो भएर पनि जीवन र जगत्को कुनै एक क्षण विशेषको यथार्थ प्रस्तुति दिन सक्षम छ । समाजका विकृति, विसङ्गति, समस्याहरूको व्यङ्ग्यपूर्ण र प्रतीकात्मक प्रस्तुति दिन यो सक्षम छ । यसले छोटो समयमा पाठकलाई मनोरञ्जन, चेतना, आनन्द, सन्तुष्टि, शिक्षा सबै दिन सक्छ । त्यसैले आजको समयमा यो विधा विकसित र लोकप्रिय हुादै गइरहेको छ ।

## ३.३ लघुकथाको स्वरूप

लघुकथाको स्वरूप ठ्याक्कै यस्तै हुनुपर्छ भन्न सकिन्न, तर लघुकथा छोटोछरितो हुन्छ र यसमा मुक्तकीय झट्का दिने सूक्ष्मतर तीव्र आख्यान तन्तु हुन्छ, जसले गर्दा साहित्यका सबै विधाबाट यो पृथक् देखिन आउाछ ।

लघुकथा साहित्यको लघुविधा हो । साहित्यको भेद आख्यानको उपभेदमध्ये एउटा लघुकथा हो । यो कथासाग नजिक रहेको हुन्छ । लघुकथामा कुनै पनि भाव, विचार र सन्देशको तीव्र सम्प्रेषण हुन्छ । यसको संरचना सङ्क्षिप्त हुन्छ तर स्वयम्मा पूर्ण हुन्छ । यसको विषयवस्तु, पात्र र घटना सीमित र निश्चित हुन्छ । यो छोटो हुने भएकोले पात्र तथा परिवेशको विश्लेषण यसमा गरिादैन । यसको कथानक सटिक र अत्यन्त तीव्र गतिमा अघि बढ्छ र अन्त्य हुन्छ । यसमा कम्तीमा दुईवटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा

स्थितिको कालक्रमिक प्रतिनिधित्व भएको लघुतम आख्यान हुन्छ । यसको संरचना छोटो र स्वयम्मा पूर्ण हुन्छ । सानो भए पनि यसमा विचार र भावको प्रभावकारी विस्फोटन हुन्छ । यसमा थोरै शब्द र समयमा धेरै कुरा भन्न सक्ने सामर्थ्य रहेको हुन्छ । यसमा क्षण भरमै विचार वा भावको प्रभावकारी विष्फोटन हुन सक्ने भित्री अणुसामर्थ्य हुन्छ ।

कतिपय साहित्यचिन्तकले लघुकथालाई शब्दका सीमामा बाध्ने वा आक्ने प्रयत्न गरेका छन्, तर यतिउति शब्द भन्नुभन्दा पनि लघुकथा कम शब्दको हुन्छ भन्नु बढी उपयुक्त हुन्छ । समयका हिसाबले एक मिनटदेखि पाचदस मिनेटभित्र लघुकथा पढिसकिने हुन्छ ।

वास्तवमा लघुकथालाई शब्द र समयमा बाध्नु श्रेयस्कर हादैन । यो अत्यन्त सानो हुने भएकोले चिया खादाखादै, हिड्दाहिड्दै, गफ गर्दागर्दै पनि पढेर सकिने हुन्छ । लघुकथाको घटना तीव्र, रोचक र गत्यात्मक हुन्छ । यसले पाठकलाई तीव्र झट्का दिन्छ र प्रभाव छोड्छ । लघुकथामा कौतूहलता, रोचकता, साहित्यिक कलात्मकता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, सङ्क्षिप्ततामा पूर्णता, तथा गम्भीर कथात्मक अभिव्यक्ति हुन्छ । यो सूत्रात्मक हुन्छ । यो गागरमा सागर अटाउने प्रकृतिको हुन्छ । साहित्यका प्रायः सबैजसो विधामा साङ्केतिकता, व्यङ्ग्यात्मकता र प्रतीकको प्रयोग गरिएको हुन्छ । यिनीहरूको प्रयोग उपन्यासमा भन्दा कथामा र कथामा भन्दा लघुकथामा बढी हुन्छ । लघुकथा खादिलो र चोटिलो हुने भएकोले यो व्यङ्ग्यप्रधान हुन्छ ।

लघुकथामा एकोन्मुख भावको प्रधानता हुन्छ । यसले व्यक्त गर्न खोजेको केन्द्रीय भाव, सार र अनुभूतिको संवेदना बहुल नभएर एकल हुन्छ । लघुकथा यथार्थ जीवनका द्रष्टा र भोक्ताको दृष्टि र अनुभवमा आधारित हुन्छ । यसले जीवन र जगत्को सम्पूर्ण पक्षको चित्रण नगरेर कुनै एक पक्षको एक क्षणको मात्र चित्रण गर्दछ ।

लघुकथामा साहित्यिक कलात्मकता हुन्छ । गद्य साहित्यमा प्रयोग हुने भाषिक चमत्कार, नाटकीकरण, व्यङ्ग्य र प्रतीकको प्रयोग  लघुकथामा पनि सशक्त रूपमा गरिएको हुन्छ । साहित्यिक कलात्मकता लघुकथामा नभएको भए लघुकथा कलाविहीन र रसविहीन बन्न जान्थ्यो । लघुकथामा कौतूहलता पनि हुन्छ । पाठक वर्गलाई यसपछि अब के हुन्छ- अब के हुन्छ भन्ने उत्सुकता जगाउाछ । कौतूहलता बिना लघुकथा नूनबिनाको तरकारी झैं खल्लो हुन्छ । लघुकथाको कथानक कल्पना गरिएको भए पनि कार्यपिठीका, पात्र, घटना, परिवेश आदि यथार्थ हुन्छ । यसमा समाजमा विद्यमान आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक पक्षका विकृति, विसङ्गति असमानताको सटिक र यथार्थ चित्रण गरिएको हुन्छ । लघुकथामा द्वन्द्व पनि हुन्छ तर त्यो एकैचोटि उत्कर्षबाट अपकर्षमा पुगेको हुन्छ । यो सानो आकारको भए पनि पाठकलाई आनन्द र सन्तुष्टि दिने शक्ति यसमा रहेको हुन्छ । कथाको लघुता लघुकथा नभएर कथन, विषय, समय, परिस्थिति र अन्य तत्त्वलाई

आफ्नो सङ्क्षिप्त कलेवरमा समेटेर दक्षताकासाथ प्रभावपूर्ण तरिकाले सम्प्रेषण गर्नु लघुकथाको सफलता मानिन्छ ।

## ३.४ लघुकथाका विशेषताहरू

साहित्यका हरेक विधाको आ-आफ्नो विशेषता भए जस्तै लघुकथाको पनि आफ्नै खालका मौलिक विशेषताहरू छन् । छुट्टै मौलिक विशेषताहरूले नै एउटा विधालाई अर्को विधाबाट छुट्याउन मदत पुऱ्याउाछ । विशेषताबाट विधाहरूको पहिचान गर्न सजिलो हुन्छ । विशेषता भनेको पहिचान हो, जसलाई पढेर, हेरेर चिन्न सकिन्छ । लघुकथाका खासखास विशेषताहरूलाई यहाा प्रस्तुत गरिएको छ :

### ३.४.१ लघुता

लघुकथाको संरचना छोटोछरितो अर्थात् लघु आकारको हुन्छ । यो यसको प्रमुख विशेषता हो । लघुकथालाई अन्य विधाबाट छुट्याउने विशेषताहरूमध्ये लघुता पनि एक हो । लघुकथा लघु हुने भएकोले नै यसको नाम कथा नभएर लघुकथा भएको हो । लघुकथा लघु हुने भएकाले यसको विषयवस्तु, कथानक, परिवेश, संवाद पनि लघु हुन्छन् भने यसमा थोरै पात्र हुन्छन् र पात्रको चरित्रचित्रण गरिएको हुादैन । विस्तारका विपरीत सङ्क्षिप्तता नै लघुकथाको पहिचान हो (शर्मा, २०५६:२६) । यसरी के भन्न सकिन्छ भने लघुता वा सङ्क्षिप्तता लघुकथाको एउटा प्रमुख विशेषता हो । यसलाई दयाराम श्रेष्ठ, मोहनराज शर्मा, लक्ष्मणप्रसाद गौतम, गोविन्द गिरी, रोशन थापा, श्रीओम श्रेष्ठ जस्ता साहित्यकारले लघुकथाको विशेषता मानेका छन् ।

### ३.४.२ पूर्णता

लघु भईकन पनि स्वयम्मा पूर्ण हुनु लघुकथाको अर्को प्रमुख विशेषता हो । लघुकथा लघु हुने भएकोले यसमा थोरै कथानक, विषयवस्तु, पात्र, परिवेश हुने भए पनि यसमा पूर्णता रहेको हुन्छ । कथा र उपन्यास झैं लघुकथा पनि स्वयम्मा पूर्ण र स्वायत्त रचना हो (शर्मा, २०५६:२६) । मोहनराज शर्मा, लक्ष्मणप्रसाद गौतम, श्रीओम श्रेष्ठ 'रोदन' लगायतका साहित्यकारहरूले पूर्णतालाई लघुकथाको विशेषता मानेका छन् । अतः पूर्णता लघुकथाको एउटा प्रमुख विशेषता हो ।

### ३.४.३ प्रभावकारिता

लघुकथाको लघुता र पूर्णता प्रमुख विशेषता भए जस्तै प्रभावकारिता पनि एउटा विशेषता हो । एकलता र एकोन्मुखताका कारण यो प्रभावान्तिले भरिपूर्ण हुन्छ (शर्मा, २०५६:२६) । लघुकथा लघु हुने भए पनि साहित्यका अन्य विधामा जस्तै यसमा पनि प्रभावकारिता रहेको पाइन्छ । सीमित परिवेश, सीमित चरित्र, सीमित प्रभावकारिता लघुकथाभित्रका अपरिहार्य गुण हुन् (श्रेष्ठ, २०५६:१९) । लघुकथा सानो हुने भएकोले पाठक वर्गमा थोरै समयमा नै आफ्नो प्रभावकारिता सम्प्रेषण गर्न सक्ने विशेषता यसमा रहेको हुन्छ ।

### ३.४.४ आख्यानात्मकता

आख्यानात्मकता पनि लघुकथाको एउटा विशेषता हो । लघुकथा सानो हुने भए पनि यसमा  आख्यान रहेकै हुन्छ । यसमा घटनाको विस्तार गरिएको हुदैन, तीव्र रूपमा घटना अगाडि बढी मध्यसागै अन्त्य भएको हुन्छ । लघुकथा न्यूनतम आख्यान भएको लघुगद्य संरचना हो (शर्मा, २०५६:२६) । लघुकथा आफै सानो विधा भएकोले यसमा  आख्यान पनि सीमित रहेको  हुन्छ ।

### ३.४.५ पात्र अल्पता

लघुकथाका विभिन्न विशेषताहरूमध्ये **पात्र अल्पता** पनि एउटा विशेषता हो । लघुकथाको संरचना सानो हुने भएकोले यसमा थोरै पात्रको प्रयोग गरिएको हुन्छ । यसमा सामान्यतया पात्रहरूको चरित्रचित्रण गरिएको हुदैन । सीमित परिवेश, सीमित चरित्र, सीमित प्रभावकारिता लघुकथाभित्रका अपरिहार्य गुण हुन् (श्रेष्ठ, २०५६:१०९) । त्यसैले लघुकथा निर्माणका लागि पात्र एक महत्त्वपूर्ण अ॰ हो । पात्र बिनाको लघुकथाको निर्माण हुन सक्दैन । पात्रका क्रियाकलापबाट घटनाहरूको जन्म हुन्छ र तिनै घटनाहरूको शृङ्खलाद्वारा नै कथावस्तु अगाडि बढेको हुन्छ ।

### ३.४.६ सीमित परिवेश

लघुकथाका धेरै विशेषताहरूमध्ये सीमित परिवेश पनि एक हो । लघुकथाको संरचना सानो हुने भएकोले यसमा व्यापक परिवेश रहनु सम्भव नभएकोले यसमा सीमित परिवेश रहेको हुन्छ । सीमित परिवेश, सीमित चरित्र, सीमित प्रभावकारिता लघुकथाभित्रका अपरिहार्य गुण हुन् (श्रेष्ठ, २०५६:१०९) । लघुकथामा एउटा स्थानिक र कालिक परिवेश त हुन्छ, तर त्यो अत्यन्त सीमित हुन्छ (गौतम, २०५६:६२) । लघुकथामा सत्य, यथार्थ र जीवन्त परिवेशको अपेक्षा गरिन्छ । यसले लघुकथालाई प्रभावकारी बनाउन मदत गरेको हुन्छ । त्यसैले लघुकथा स्वयम् लघु हुने भएकोले यसको परिवेश पनि सीमित हुने गर्दछ ।

### ३.४.७ सूत्रात्मकता

सूत्रात्मकता पनि लघुकथाको एउटा विशेषता हो । लघुकथाका वाक्यहरू सूत्रात्मक हुन्छन्, सटिक हुन्छन् । यसमा भन्न खोजिएको कुरा सूत्रात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । बढी विस्तृत तरिकाले यसमा कुनै पनि कुराको व्याख्या विश्लेषण गरिएको हुादैन । गागरमा सागर हुन्छ वा सूत्रात्मक हुन्छ (गौतम, २०५६:६२) । लघुकथा सानो आकारको भएकोले पनि यसमा थोरैमा धेरै कुरा प्रस्तुत गर्नुपर्ने भएकोले यसमा सूत्रात्मकताको प्रयोग गरिएको हुन्छ ।

### ३.४.८ वस्तुगतता र स्पष्टता

लघुकथाका धेरै विशेषताहरूमध्ये वस्तुगतता र स्पष्टता पनि एउटा हो । लघुकथामा थोरैमा धेरै कुरा प्रस्तुत गर्नुपर्ने भएकोले यसमा व्यापक व्याख्या विश्लेषण नगरी भन्न खोजिएको कुरा वस्तुगत रूपमा अथवा ठोस रूपमा स्पष्टसाग प्रस्तुत गरिएको हुन्छ । वस्तुगतता नै लघुकथाको आन्तरिक स्वरूप भएको हुादा यो जतिसुकै छोटो भए पनि स्वयम्मा पूर्ण हुन्छ (गौतम, २०५६:६१) । लघुकथा लघु हुने भएकोले भन्न खोजिएको कुरालाई यसमा स्पष्ट, ठोस, सशक्त र वस्तुगत रूपमा देखाइएको हुन्छ ।

### ३.४.९ व्यङ्ग्यात्मकता

लघुकथाका धेरै विशेषताहरूमध्ये व्यङ्ग्यात्मकता पनि एक हो । समाज र जीवनमा देखिने विस·ति, विकृति, विडम्बना र अन्य समस्याहरूमाथि लघुकथामा व्यङ्ग्य गरिएको हुन्छ । सोभ्रो भाषाले मानवीय संवेदनालाई त्यति प्रभावपूर्ण ढ·बाट आकर्षित गर्न सक्दैन, जति व्यङ्ग्यात्मक भाषाले गर्न सक्छ । समाजमा घट्ने नकारात्मक विस·तपूर्ण घटना, शोषण, अत्याचारी, दुराचारी व्यक्तिहरू र त्यस्तो समाजप्रति व्यङ्ग्य गर्ने काम लघुकथामा गरिएको हुन्छ । लघुकथामा कथ्य, विचार वा उद्देश्यको साङ्केतिक प्रतिपादन हुन्छ र व्यङ्ग्यधर्मिता पनि हुन्छ (गौतम, २०५६:६२) । व्यङ्ग्यले लघुकथालाई थप उचाइ प्रदान गर्दछ र यसको प्रभावकारिता बढ्छ । व्यङ्ग्यात्मकता उपन्यास र कथामा भन्दा लघुकथामा बढी हुन्छ । व्यङ्ग्यात्मकता एउटा चोटिलो प्रहार गर्ने हतियार हो । सोभ्रो भाषामा सयौा वाक्यले भन्न नसकेको कुरा  एउटा वाक्य व्यङ्ग्यले भन्न सक्छ । त्यसैले लघुकथाको एक प्रमुख विशेषता व्यङ्ग्यात्मकता पनि हो । व्यङ्ग्यात्मकताकै कारणले लघुकथा सूक्ष्म भए पनि चोटिलो र प्रभावकारी बनेको हुन्छ ।

### ३.४.१० प्रतीकात्मकता

लघुकथाका धेरै विशेषताहरूमध्ये प्रतीकात्मकता पनि एक हो । प्रतीक साहित्यमा प्रयोग हुने एक प्रमुख तत्त्व हो । यसका लागि लेखकमा उखान, टुक्का, मिथक आदिको ज्ञान

हुनु र स्वाभाविक प्रयोग गर्न सक्ने क्षमता हुनु पर्दछ । प्रतीकात्मकताले लघुकथालाई तीव्र गति र प्रभावकारी बनाउाछ । प्रतीकात्मकताले लघुकथालाई स्तरीय बनाउन मदत गरेको हुन्छ । त्यसैले लघुकथामा यो तत्त्व आवश्यक मानिन्छ ।

### ३.४.११ कौतूहलता

लघुकथाका धेरै विशेषताहरूमध्ये कौतूहलता पनि एक हो । कौतुहलताले पाठकलाई पठनमा रुचि र अग्रसरता प्रदान गर्छ । कौतूहलता नभएमा लघुकथा खल्लो हुन्छ । कौतूहलताले गर्दा नै पाठकलाई अब के हुन्छ अब के हुन्छ भन्ने जिज्ञासा जागृत हुन्छ र लघुकथा पूरा पढ्नलाई प्रेरित  गर्छ । लघुकथा छोटो हुने भएकाले र यसमा कौतूहलता हुने भएकोले पाठकहरूले यस विधालाई रुचाएको पाइन्छ ।

### ३.४.१२ जीवनको एक पक्षको प्रस्तुति

लघुकथाको विशेषताहरूमध्ये जीवनको एक पक्षको प्रस्तुति पनि एक रहेको छ । लघुकथा सानो हुने भएकोले यसमा जीवन र जगत्‌को व्यापक प्रस्तुति गर्नु सम्भव छैन । त्यसैले यसमा जीवन र जगत्‌को कुनै एक पक्षको चित्रण सटिक रूपमा प्रस्तुत गरिएको हुन्छ । तत्त्वगत एकताका कारण लघुकथाको स्वरूप एकोन्मुख र संरचना छोटोछरितो हुन्छ (शर्मा, २०५६:२६) । लघुकथामा पूरै जीवनको प्रस्तुति नभएर जीवनको कुनै विशेष क्षणको प्रस्तुति गरिएको हुन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने लघुकथा आकारमा सानो हुने भए पनि यो एक छुट्टै मौलिक विशेषता भएको विधा हो । लघुता, पूर्णता, शीघ्र प्रभावकारिता, आख्यानात्मकता, पात्र अल्पता, सीमित परिवेश, सूत्रात्मकता, वस्तुगतता र सीमितता, जीवनको एक पक्षको प्रस्तुति र व्यङ्ग्यात्मकता लघुकथाका विशेषताहरू हुन्, जसले लघुकथालाई पूर्ण हुनको लागि सहयोग पुऱ्याएका हुन्छन् । यी विशेषताहरू जस्तै प्रतीकात्मकता, चोटिलोपना, साङ्केतिकता, छरितोपन आदि जस्ता विशेषताहरू पनि लघुकथामा रहेका छन् ।

## ३.५ लघुकथाका तत्त्व

लघुकथा आख्यान साहित्यको सबैभन्दा कान्छो, चर्चित, सानो, मौलिक र स्वतन्त्र अस्तित्व भएको विधा हो । कथा उपन्यासको सङ्क्षिप्त रूप नभए झै लघुकथा पनि कथाको सङ्क्षिप्त रूप होइन । मुक्तकलाई कविताको सारांश भन्न नमिले जस्तै लघुकथालाई कथाको सारांश भन्न मिल्दैन।लघुकथा पनि उपन्यास र कथा जस्तै आख्यान साहित्यकै एक विधा भएकोले उपन्यास र कथाका तत्त्वसाग लघुकथाका तत्त्वहरू मिल्दछन् । लघुकथाका तत्त्वका बारेमा विभिन्न समयमा विभिन्न समालोचकहरूले आ-आफ्नै विचार दिएका छन् । यसै क्रममा मोहनराज शर्माका अनुसार बढी महत्त्व राख्ने तत्त्व घटना,  पात्र र परिवेश हुन् भने

परिधीय तत्त्व भाषा, शैली, उद्देश्य र दृष्टिविन्दु हुन् (शर्मा, २०५६:२६) । साहित्यकार रोशन थापा 'नीरव'ले कथाको चयन, शिल्पको परिपाक, रचनाकारको दृष्टिलाई लघुकथाको तत्त्व मानेका छन् (थापा, २०५६:८६) । समालोचक लक्ष्मणप्रसाद गौतमले ठोस आख्यान, प्रभावोत्पादकता, सीमित परिवेश, सीमित पात्र, द्वन्द्वात्मकता, कथोपकथन, उत्सुकताको प्रबलता, साङ्केतिकता, व्यङ्ग्य, वस्तुगत भाषाशैलीलाई लघुकथाको तत्त्व मानेका छन् ( गौतम, २०५६:६२) । साहित्यकार निमेष निखिलले कथ्य वा विषय, शिल्पशैली, आरम्भ, उत्कर्षलाई लघुकथाका तत्त्व मानेका छन् (पोखरेल, २०५७-०५९:२५) भने घनश्याम न्यौपाने 'परिश्रमी'ले शब्दअल्पता, पात्रन्यूनता, परिवेश सीमितता र विषयवस्तुको सूक्ष्मतालाई लघुकथा सिर्जनाका प्रमुख आधार मानेका छन् (थापा २०५५:घ) । त्यस्तै राजेन्द्र सुवेदीले कथानक, परिवेश, द्वन्द्व, कौतूहलता र विचारलाई लघुकथाका तत्त्वहरू मानेका छन् ( पोखरेल, २०५७-२०५९:२६) । यसरी साहित्यकार तथा समालोचकहरूले लघुकथाका तत्त्वका बारेमा किटान गरेका छन् । धेरैजसोले कथानक, पात्र, परिवेश, संवाद, भाषाशैली, उद्देश्य र दृष्टिविन्दुलाई लघुकथाको तत्त्व मानेकाले यहाा यिनीहरूको थप चर्चा गरिएको छ ।

### ३.५.१ कथावस्तु र कथानक

यो लघुकथाको एउटा प्रमुख तत्त्व हो । यसलाई घटना, कथानक, कथावस्तु, विषय आदि भनिन्छ । जेका बारेमा लघुकथा लेखिन्छ त्यो नै लघुकथाको विषयवस्तु हुन्छ । घटनाहरूको सिलसिलाबद्ध रखाइ नै कथानक हो । विषयवस्तु बिना लघुकथाको निर्माण सम्भव छैन । पात्रका क्रियाव्यापारको एक मूर्त आकृति नै कथानक हो, जसमा अर्थयुक्त घटनाहरूको अनुक्रम हुन्छ । यो अनुक्रमबाट कथात्मक मूल्य प्राप्त गरेपछि कथावस्तुको निर्माण हुन्छ (पोखरेल, २०६०:२६) । बढी सङ्क्षिप्त हुने भएकोले यसको कथानक ढााचा रैखिक हुन्छ । आरम्भ, उत्कर्ष र निष्कर्षको रैखिक ढााचामा कथाको गति तीव्र रूपमा अगाडि बढेको हुन्छ (कसजू, २०६५:११) ।

कथावस्तु भन्नाले एकभन्दा बढी दृश्यविधानको आनुक्रमिक निर्माण र तिनका बीच सम्बन्धको स्थापना भन्ने बुझिन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारका विचार, धारणा वा अनुभूतिको अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०६०:९) । यसको आकार सानो हुने भएकाले अनावश्यक कुराहरू आउादैनन् । जे भन्न खोजिएको हो त्यो भूमिका नबााधीकन सिधै आउादा लघुकथाको कथानकको स्वरूप सङ्क्षिप्त र अत्यन्त प्रभावकारी हुन्छ । यसलाई लघुकथाको मेरुदण्ड भने पनि फरक पर्दैन । जसरी मेरुदण्ड बिना मानिस अपा· भएर चल्न सक्दैन, त्यसैगरी विषयवस्तु बिना लघुकथा अपा· हुन्छ । यसको आकार जति नै सानो भए पनि कुनै न कुनै विषयवस्तु आएकै हुन्छ । लघुकथाको विषयवस्तु खासगरी हाम्रै समाजमा घट्ने घटनाहरू हुन्छन् । समाजका विकृति, विसङ्गति, समस्या जस्ता कुराको तीव्र व्यङ्ग्य लघुकथामा गरिएको हुन्छ । लघुकथामा आख्यान अनिवार्य रूपमा रहेको हुन्छ र यो तरल नभई ठोस हुन्छ (गौतम, २०५६:६२) । अन्य साहित्यिक

रचना विधाहरू झैं लघुकथामा पनि हाम्रो अनुभव संसार नै अभिव्यक्त हुने गर्छ, जुन अत्यन्त विशद एवम् व्यापक पनि हुनसक्छ र त्यसैबाट एक अंशलाई नै चुनेर यस विधामा प्रयोग गर्ने गरिन्छ अर्थात् ती विषयहरूबाटै एक विषयको चयन गरिन्छ अनि यो चयन लघुकथाकारका विवेक, सुझबुझ र रचनात्मक क्षमतामा भर पर्दछ (थापा, २०५६:८६) ।

## ३.५.२ पात्र र चरित्र

पात्र लघुकथाको अनिवार्य तत्त्व हो । पात्रको गुणदोष र विशेषतालाई चरित्र पनि भनिन्छ । पात्रले कथानकलाई डोऱ्याएर अगाडि बढाउने काम गर्छ । त्यसैले पात्रलाई कथानकको गतिका संवाहक पनि भनिन्छ । कथानकका घटनाहरूलाई घटाउने काम पात्रले गर्दछ । पात्र बिनाको कथाको कल्पना गर्न सकिदैंन । कथाको आयाम निर्धारण, द्वन्द्व, कौतूहलता, संवाद आदिको मुख्य कारक तत्त्व पात्र हो (पोखरेल, २०६०:२७) । जड विषयवस्तुलाई मूर्त रूप प्रदान गर्ने काम पनि पात्रले गर्दछ । लक्ष्मणप्रसाद गौतमका अनुसार लघुकथामा पात्रविधान त हुन्छ, तर त्यो कथावस्तुको अतिसामान्य एवम् सीमित परिवेशमा हुन्छ र अन्यन्त थोरै पात्रको प्रयोग हुन्छ (गौतम, २०५६:६२) । लघुकथा सानो हुने भएकाले यसमा थोरै पात्रको प्रयोग गरिएको हुन्छ । पात्र भनेको कथानकको सजीव अ· हो, जसको पारिचालनबाट सम्पूर्ण कथा गतिशील बन्दछ (पोखरेल, २०६०:२७) । लघुकथाको सन्दर्भमा उपयुक्त प्रभावकारिताको मूल तत्त्व भनेको नै पात्र हो (कसजू, २०६५:११) । विषय, भावना वा घटना प्रकाशित गर्ने माध्यम र कथाको सञ्चालक पात्र हो । पात्र कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमबद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो । लघुकथामा पात्र मान्छे नै चाहिन्छ भन्ने छैन । मानवेतर प्राणी र जड वस्तुसमेत पात्रको रूपमा आउन सक्छन् । जसरी एउटा चलिरहेको घडीबाट त्यसको ब्याट्री झिकिदिने हो भने घडी ठप्प रोकिन्छ, त्यसैगरी कथाबाट पात्रहरूलाई अलग्याउने हो भने घटनाहरू पनि निर्जीव र अचल बन्दछन् । लघुकथालाई आकर्षक तथा सजीव तुल्याउने काम पात्रका माध्यमबाट मात्र सम्भव छ (ज्ञवाली, २०६३:३४) । लघुकथामा पात्रले क्रियाव्यापार गर्छ । यसले द्वन्द्व सिर्जना हुन्छ, द्वन्द्वले कौतूहलता जगाउाछ र पाठकलाई पढ्ने इच्छा वा रुचि पैदा गर्छ । लघुकथाको आकार सानो हुने भएकोले यसमा पात्रको चरित्रचित्रण गरिदैंन । पात्र बिनाको कथा मियो बिनाको दाइा जस्तै हुन जान्छ र ल·डोमात्र नभएर मुर्कटा नै बन्न पुग्दछ (ज्ञवाली, २०६३:३६) । त्यसैले पात्रलाई लघुकथाको अनिवार्य तत्त्व मानिन्छ ।

## ३.५.३ परिवेश

परिवेश लघुकथाको एउटा महत्त्वपूर्ण तत्त्व हो । यसलाई देशकाल, परिस्थिति पनि भनिन्छ । परिवेश स्थान, समय र अवस्थासाग सम्बन्धित हुन्छ । लघुकथालाई प्रभावकारी बनाउने काममा परिवेशले सहयोग गर्दछ । लघुकथाको विषय, घटना र पात्रको आधार क्षेत्र नै परिवेश हो । कुन ठाउामा कहिले घटना घट्यो भन्ने कुराको जानकारी परिवेशले बताउाछ (पोखरेल, २०६०:२७) । लघुकथामा सीमित परिवेशको प्रयोग गरिन्छ । पात्रहरूले

गर्ने क्रियाकलाप र घट्ने घटनाहरू परिवेशमा नै घट्ने गर्दछन् । लघुकथाकारले कथावस्तु सुहाउादो परिवेशको सिर्जना गरेको हुन्छ । कथा वा उपन्यासमा जस्तै लघुकथामा पनि परिवेश जति सत्य, यथार्थ र जीवन्त हुन्छ, त्यति नै त्यो प्रभावकारी र मर्मस्पर्शी पनि हुन्छ (कसजू, २०६५:११) । लघुकथामा एउटा स्थानिक र कालिक परिवेश त हुन्छ, तर त्यो अत्यन्त सीमित हुन्छ (गौतम, २०५६:६२) । लघुकथामा सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक, सहरिया, गाउाले आदि परिवेशको प्रयोग गरिन्छ । परिवेश पनि दुई प्रकारको हुन्छ- आन्तरिक र  बाह्य । बाह्य परिवेश समाजिक हुन्छ भने आन्तरिक परिवेश मनोवैज्ञानिक हुन्छ । जे भए पनि लघुकथामा परिवेश आवश्यक तत्त्व हो ।

### ३.५.४ संवाद

संवाद नाटकको अनिवार्य तत्त्व हो भने लघुकथाको सहायक तत्त्व हो । यो लघुकथाको अनिवार्य तत्त्व नभए पनि प्रायः लघुकथाहरूमा संवादको प्रयोग गरिएको हुन्छ । यसलाई कथोपकथन पनि भनिन्छ । कथोपकथन वा संवाद भनेको पात्रहरूका बीचको कुराकानी हो । लघुकथाको आकर्षक तथा रोचक प्रस्तुतिका लागि त्यस्तै खालको आरम्भ र अन्त्यको लागि नाटकीकृत शैलीमा संवादको क्षीण प्रयोग गरिएको हुन्छ (पोखरेल, २०६०:२८) । लघुकथामा पात्र सीमित हुने भएकाले संवाद पनि सीमित रूपमा हुन्छ । संवाद पनि परिवेश, पात्र र कथावस्तु सुहाउादो हुनुपर्छ । संवादले आख्यानको विस्तार, द्वन्द्व र चरित्रचित्रण गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसले लघुकथामा कौतूहलताको सिर्जना गर्नमा जोड दिएको हुन्छ (कसजू, २०६५:१२) ।

### ३.५.५ भाषा र शैली

भाषाशैली पनि लघुकथाको एउटा मुख्य तत्त्व हो । लेखकले आफ्ना कुरालाई लिखित रूप दिनका लागि कुनै न कुनै भाषाको प्रयोग गरेकै हुन्छ । भाषा र शैलीलाई एउटै जस्तो लागे पनि दुवै फरक कुरा हुन् । भाषा सञ्चार र विचार विनिमयको माध्यम हो भने शैली लेखकको आफ्नो व्यक्तिगत तरिका वा ढ· हो । लघुकथामा प्रयोग हुने शैली सामान्यतया जटिल नभएर सरल, सम्प्रेष्य तथा पाठक वर्गले सहजै बुझ्ने हुन्छ । थोरै भन्दा थोरै शब्दमा धेरै भन्दा धेरै भाव अभिव्यक्त गर्ने शैली लघुकथाकारको आफ्नैपन हो । लेखकको रुचि तथा लघुकथाको प्रकृति अनुसार सरल, जटिल, व्यङ्ग्यात्मक, हास्यात्मक, प्रतीकात्मक, संवादात्मक वा नाटकीय, पत्रात्मक जस्ता शैलीको प्रयोग गरिएको हुन्छ । जे भए पनि लघुकथालाई उपयुक्त हुने भाषा र शैलीको प्रयोग गर्नु र पाठकलाई प्रभाव पार्न सक्नु लेखकको दक्षता हो । लघुकथालाई सघन भाव वा विचारयुक्त र क्षिप्रतान्मुख तुल्याउन भाषाकै मुख्य हात हुन्छ (कसजू, २०६५:१२) । त्यसैले भाषा र शैली लघुकथाको अनिवार्य तत्त्व हो ।

### ३.५.६ उद्देश्य

उद्देश्य पनि लघुकथाको एउटा महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि रचना सिर्जना गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेकै हुन्छ । उद्देश्य बिना साहित्यको सिर्जना हुदैन । पाठकलाई क्षण भरमा नै समाजमा विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, जातीय आदि विकृति, विसङ्गति जस्तो कुनै पनि सत्यलाई चिनाउन तथा चरित्रको वैचित्र्यता देखाउन समय विशेषको अनुभव वा अनुभूति बताउन र स्थान विशेषको भाषाशैलीको सङ्क्षिप्त रूपमा मुक्त चित्रण गर्ने उद्देश्य लघुकथाको हुन्छ (पोखरेल, २०६०:२९) । यसका साथै धर्म, अर्थ, काम, मोक्ष प्राप्तिका साथै मनोरञ्जन, शिक्षा, आत्मसन्तुष्टि आदिका लागि पनि लघुकथाको सिर्जना गरिन्छ । आधुनिक सन्दर्भमा खासगरी लघुकथा लेखनको उद्देश्य वर्तमान, व्यस्त जीवनमा थोरै समयको उपयोग गरी कथात्मक आस्वादन लिनका लागि धेरै उपयोगी विधाको रूपमा चिनिन्छ । क्षण भरमै कथात्मक आस्वादन प्राप्त गर्न सकिने आख्यान लघुकथा बनेको छ । जे होस् लघुकथाको उद्देश्य समाजका विविद्य यथार्थहरूलाई सङ्क्षिप्त समय र संरचनामा आकर्षक र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी पूर्ण रूपले चित्रण गर्नु हो (कसजू, २०६५:१२) ।

### ३.५.७ दृष्टिविन्दु

दृष्टिविन्दु लघुकथाको एउटा महत्त्वपूर्ण अनिवार्य तत्त्व हो । दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो, जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पु¥याउादछ । कथाकार र पाठकका बीचको सम्बन्ध सूत्र नै दृष्टिविन्दु हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामग्रीलाई लघुकथाको आकारमा मूर्तिमान् गर्दछ (श्रेष्ठ, २०६०:११) ।

लेखकले कथाको कथावस्तुको समेत निर्धारण गरिसकेपछि त्यसैको केन्द्रीयतामा दृष्टिविन्दुको तय गर्दछ वा दृष्टिविन्दुद्वारा लेखकले चरित्र, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक सामु राख्दछ (पोखरेल, २०६०:२९) । दृष्टिविन्दु लघुकथाको श्रेष्ठता वा उत्कृष्टताको मापक हो । कथाकारले कथा भन्नका लागि रोजेको स्थानलाई दृष्टिविन्दु भनिन्छ । कथा कसको हो र त्यसलाई कसले भन्दैछ भन्ने कुरा दृष्टिविन्दुबाट थाहा हुन्छ ( कसजू, २०६५:१२-१३) । कथावस्तुलाई पाठकका लागि सम्प्रेषणीय बनाउने काम दृष्टिविन्दुले गर्दछ  (ज्ञवाली, २०६३:२७) ।

दृष्टिविन्दु दुई प्रकारका छन्- प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष वा बाह्य दृष्टिविन्दु । प्रथम पुरुष दृष्टिविन्दुको पनि केन्द्रीय र परिधीय गरी दुई उपभेद छन् । स्वयम् कथाकार वा अरू कुनै केन्द्रीय पात्र ‘म’को रूपमा मुख्य रही त्यस पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत गर्नु आन्तरिक केन्द्रीय दृष्टिविन्दु हो भने ‘म’ पात्रको स्थान गौण र कथाको मुख्य पात्र अर्कै भएमा आन्तरिक परिधीय दृष्टिविन्दु हुन्छ ।

तृतीय पुरुष दृष्टिविन्दुको सीमित, सर्वदर्शी र वस्तुपरक गरी तीन भेद छन् । एउटा पात्रको मात्र मानसिक संसारको विचरण गरिएको दृष्टिविन्दुलाई बाह्य सीमित दृष्टिविन्दु भनिन्छ । सबै पात्रको चरित्रचित्रण गरेर मनोलोक खोतलिएमा बाह्य सर्वदर्शी दृष्टिविन्दु हुन्छ भने कुनै पनि पात्रको मनोलोकको विश्लेषण नगरिएमा त्यो बाह्य वस्तुपरक दृष्टिविन्दु हुन्छ ।

दृष्टिविन्दुको अभावमा कथाको आन्तरिक भावपरिमण्डल, पात्रको संवाद र संवेग आदिलाई प्रभावकारी रूपमा बोध गर्न नसकी पाठक अन्योलमा पर्दछ । समाख्याता को हो भन्ने कुरा दृष्टिविन्दुबाट थाहा हुन्छ । मोहनराज शर्माले दृष्टिविन्दुलाई गौण तत्त्व मानेका छन् (पोखरेल, २०६०:२९) । त्यसैगरी विनयकुमार कसजूले दृष्टिविन्दुलाई गौण तत्त्व मानेका छन् । ईश्वरीप्रसाद पोखरेलले भने दृष्टिविन्दुलाई मुख्य तत्त्व मानेका छन् । जसले जे भने पनि पहिले यसलाई भाषाशैली अन्तर्गत राखिन्थ्यो भने यता आएर यो एक महत्त्वपूर्ण स्वतन्त्र र अनिवार्य तत्त्वको रूपमा स्थापित भएको छ ।

यसरी विषयवस्तु र कथानक, पात्र र चरित्र, परिवेश, उद्‌देश्य, संवाद, भाषाशैली र दृष्टिविन्दु लघुकथाका तत्त्वहरू देखिन आउाछन् । यी तत्त्वहरू आख्यानका सामान्य तत्त्वहरू पनि हुन् । लघुकथा पनि आख्यानकै एउटा भेद भएकाले यिनमा तत्त्वगत समानता छ । यी तत्त्वहरूको मेलबाट एउटा प्रभावकारी लघुकथाको सिर्जना गर्न सकिन्छ । जसरी तरकारी पकाउनका लागि त्यसलाई आवश्यक पर्ने सामग्रीहरू चाहिन्छ र एउटाको अभावमा तरकारी खल्लो हुन्छ, त्यसैगरी लघुकथा निर्माणका लागि यी सात तत्त्वहरूको साथ चाहिन्छ । कुनै एकको अभावमा नुन नराखेको तरकारी झैं लघुकथा पनि खल्लो हुन जान्छ ।

## ३.६ लघुकथा र निकटस्थ विधाहरू

लघुकथा आख्यानको एक मुक्त र स्वतन्त्र विधा हो । मोहनराज शर्माले नेपालीमा मात्र होइन विश्वसाहित्यमा पनि लघुकथाको छुट्टै विधाको इयत्ता प्राप्त गरेको छैन भनी लघुकथालाई छुट्टै विधा मानेका छैनन् (शर्मा, २०५६:२५) । वास्तवमा वर्तमान सन्दर्भमा आख्यान साहित्यमा देखिएको यस भेदको विषयगत क्षेत्र, रचनाधर्मिता, भाषाशैली, संरचनात्मक आयाम, स्वयम्मा पूर्णता, ऐतिहासिक र विचार वाहकको रूपमा देखिएको यस्तो सिर्जना लघुकथालाई निरीक्षण गर्दा यो छुट्टै विधागत वैशिष्ट्यता प्राप्त गरिसकेको आख्यान साहित्यको मुक्त भेद देखिन आउाछ । अरू विधाहरूसाग सम्झौता गरेर आफू परिपुष्ट हुन सक्नु यसको आफ्नो मौलिक उच्चता हो । पर्यवेक्षणबाट के सिद्ध हुन्छ भने यसले उपन्यास र कथासाग सबैभन्दा नजिकको सम्बन्ध स्थापना गरेर त्यसबाट सम्पूर्ण तात्त्विक गुणहरूलाई आफूमा समाहित गरेको छ ।

आजको समयमा कुनै पनि विषय, विधा, सिन्द्धात र विधासिद्धान्त विशुद्ध रूपमा निष्पक्ष एकल, अस्तित्वमा अन्य पक्षसित असम्बन्धित भएर रहन सक्दैनन् । कुनै पनि विषय वा विधा अन्य विषयवस्तु वा विधाहरूसित साम्य तथा वैषम्यगत अन्तर्विषयक सम्बन्धमा

रहेका हुन्छन् (कसजू, २०६५:१९) । त्यस्तैगरी लघुकथा पनि साहित्यका अरू विधा तथा भेद उपभेदसाग सम्बन्धित रहेको हुन्छ ।

### ३.६.१ लघुकथा र कथा

लघुकथा र कथाको नजिकको सम्बन्ध छ । दुवै विधा आख्यानका भेद हुन्, तर पनि लघुकथा र कथा एउटै होइनन् । जसरी कथाको आफ्नै पहिचान र अस्तित्व छ, त्यसैगरी लघुकथाको पनि आफ्नै अस्तित्व छ । संरचनात्मक तत्त्वका आधारमा हेर्दा कथाको निर्मितिमा प्रयोग हुने सम्पूर्ण तत्त्वहरू लघुकथामा पनि प्रयोग हुन्छन्, तर लघुकथामा ती तत्त्वहरूको प्रयुक्ति विशिष्ट तरिकाले गरिने भएकोले कथाभन्दा लघुकथा पृथक् भेदको रूपमा देखापर्दछ । राजेन्द्र सुवेदीले कथाजनित विधाको रूप लघुकथा हो भन्ने अर्थमा लघुकथालाई कथा विधाको प्रविधा भनेका छन् (पोखरेल, २०६०:३१) ।

लघुकथा र कथा दुवैमा सानो वा ठूलो जस्तो भए पनि विषयवस्तु र आख्यान हुन्छ । लघुकथा र कथा दुवैको प्रस्तुतिको माध्यम भाषा नै हो । दुवैमा सरल र सम्प्रेष्य भाषा शैलीको अपेक्षा गरिन्छ । दुवैमा कौतूहलता आवश्यक हुन्छ । संवादको प्रयोगमा समानता हुन्छ । उद्देश्यगत दृष्टिकोणले दुवै विधामा समानता हुन्छ ।

दुवैका बीचमा जतिसुकै नजिकको सम्बन्ध भए पनि लघुकथा र कथाका बीचमा केही मूलभूत असमानता पनि रहेका छन् । संरचनात्मक आयामका दृष्टिले लघुकथा अत्यन्त छोटो हुन्छ भने कथा लामो हुन्छ । लघुकथाको विषयवस्तु सूक्ष्म र सीमित हुन्छ भने कथाको विषयवस्तु स्थूल र व्यापक हुन्छ । लघुकथामा पात्र थोरै हुन्छन् र पात्रको चरित्रचित्रण हादैंन भने कथामा पात्रको बहुलता हुन्छ र चरित्र विशेषको चित्रण हुन्छ । लघुकथा आख्यानात्मक अनुभूतिको बीज (अणु) हो भने कथा आख्यानात्मक अनुभूतिहरूको समष्टि वा यौगिक हो । लघुकथामा सटिक र आवश्यक वर्णनमात्र हुन्छ भने कथामा चरित्र, परिवेश आदिको विस्तारमा वर्णन हुन्छ । लघुकथामा तीव्र व्यङ्ग्य हुन्छ भने कथामा व्यङ्ग्य शिथिल हुन्छ । लघुकथामा सङ्केतात्मक र प्रतीकात्मक व्यवस्था सघन हुन्छ भने कथामा न्यून हुन्छ । लघुकथामा खादिलो संरचना, कथानकको शीघ्र विकास, तीव्र कौतूहलता र गहन प्रभावोत्पादकता हुन्छ भने कथामा लघुकथाका तुलनामा शिथिल संरचना, कथानकको मन्द विकास, कौतूहलता र प्रभावोत्पादक गुण हुन्छ । लघुकथामा दिनकालको परिवेश अति सूक्ष्म, सीमित र छोटोभन्दा छोटो हुन्छ भने कथामा लघुकथाका तुलनामा दिनकालको परिवेश स्थूल र व्यापक हुन्छ ।

### ३.६.२ लघुकथा र लघुनाटक

लघुकथा र लघुनाटक दुई भिन्न विधाहरू क्रमश: आख्यान र नाटकका उपविधाहरू हुन् । यी दुवै उपविधाहरूको आ -आफ्नो विधागत स्वधर्मिता छादैछ, तापनि यिनीहरूको एक आपसमा केही समानता र भिन्नता छन् । आधुनिक कथातत्त्वहरूले युक्त अत्यन्त

प्रभावोत्पादक स्वयम्मा पूर्ण लघुतम अर्थात् छोटो भन्दा छोटो आख्यान नै लघुकथा हो भने विषयवस्तु एउटै, पात्र कम भएको थोरै समयमा अभिनय गर्न सकिने अर्थात् पत्रपत्रिकामा प्रकाशित गर्न लेखिएको व्यङ्ग्यप्रधान छोटो रचना लघुनाटक हो (पोखरेल, २०६०:३३) ।

लघुकथा र लघुनाटक दुवैमा समानता छन् । दुवैमा जीवन र जगत्को एउटा सीमित क्षणको कुनै एक सानो घटना वा पक्षलाई टिपेर पूर्णरूपले प्रभावकारी चित्रण गरिएको हुन्छ । दुवैको आयाम सानो हुन्छ । दुवैमा सीमित परिवेश, पात्र, विषयको एकोन्मुख घटनाको तीव्रता हुन्छ । थोरै समयमै छोटो, मीठो, रोचक तथा घोचक अभिव्यक्तिको प्रयोग दुवैमा हुन्छ । दुवै गद्य साहित्य हुन् (पोखरेल, २०६०:३३) । लघुकथाले ग्रहण गर्ने जीवन र जगत्को पक्ष सीमित हुन्छ, तर विशेष प्रभावकारी हुन्छ भने लघुनाटकले ग्रहण गर्ने जीवन र जगत्को चित्रण पनि सीमित हुन्छ र त्यो पनि विशेष प्रभावकारी हुन्छ ।

लघुकथा र लघुनाटक दुवैमा असमानता पनि त्यत्तिकै छन् । लघुकथा आख्यान विधाको एक नवीनतम र कनिष्ठ उपविधा हो भने नाटक नाट्यविधाको लघुतम उपविधा हो । लघुकथामा आख्यान प्रधान हुन्छ भने नाटकमा दृश्य तथा अभिनय प्रधान हुन्छ । लघुकथा पाठ्य विधा हो भने नाटक मञ्चीय/अभिनेयात्मक र दृश्य विधा हो । लघुकथामा संवाद न्यून हुन्छ र संवादको प्रयोग गौण हुन्छ भने नाटकमा संवाद पक्ष सशक्त र अनिवार्य हुन्छ । लघुकथा तीव्र व्यङ्ग्यात्मक मनोरञ्जन प्रदान गर्ने खालको हुन्छ भने नाटक मनोरञ्जन, शिक्षा र व्यङ्ग्य प्रदान गर्ने खालको हुन्छ (कसजू, २०६५:२१-२२) ।

यसरी लघुकथा र लघुनाटकका बीचमा प्रस्तुतिगत कुरामा केही भिन्नता देखिए पनि सङ्क्षिप्तता समयभार, व्यङ्ग्यात्मकता, एकोन्मुखता, उद्देश्य र प्रभावकारिता जस्ता पक्षहरूमा निकट सम्बन्ध रहेको पाइन्छ । यी दुवै लघुआयामका हुन्छन् ।

### ३.६.३ लघुकथा र मुक्तक

लघुकथाको सम्बन्ध गद्य साहित्यसाग मात्र नभएर पद्य साहित्यसाग पनि छ । पद्य साहित्यको मुक्तक उपविधासित आकारगत र प्रवृत्तिगत सामिप्यता रहेको पाइन्छ । मुक्तक आफैमा पूर्ण अत्यन्त सानो संरचना भएको आख्यानरहित कवितात्मक रचना हो । काव्य क्षेत्रमा सानो भईकन पनि काव्यात्मक मुक्त अनुभूति दिन मुक्तक सफल छ । त्यसैगरी आख्यान विधामा लघुकथा महत्त्वपूर्ण छ । मुक्तकको सन्दर्भमा वैदिक संस्कृतमा कविताको न्यूनतम ढाचा द्विपदी, त्रिपदी, चतुष्पदी देखापर्छन् भने उत्तरवर्ती लौकिक संस्कृतको कविता-परम्परामा चतुष्पदी श्लोकलाई कविताको न्यूनतम ढाचा मानिएको छ (पोखरेल, २०६०:३४) । एक श्लोकको न्यूनतम कविता रूपलाई मुक्तकको संज्ञा दिएको छ र यो कविताको सानोमा सानो लघुतम (सबभन्दा सानो)रूप हो (त्रिपाठी, २०५४:७) ।

हाल व्यापक प्रचलनमा रहेको मुक्तक जीवन र जगतप्रति कविका मनमा उठेका अनुभव र अनुभूतिको आख्यानरहित लय, राग, कलात्मकता सहितको लघुत्तम तर स्वयम्मा

पूर्ण कवितात्मक एकाइ मुक्तक हो । यसलाई स्फूट पद्य पनि भनिन्छ । कविता विधामा देखिएका मुक्तकीय रचनाको प्रभाव आख्यानतर्फ लघुत्तम स्वतन्त्र आख्यानात्मक अनुभूति दिने रचनाको रूपमा लघुकथा देखापरेको छ ।

यी दुवैमा केही समानता छन् । दुवै लघुत्तम आयामका हुन्छन् । मुक्तक हुनको लागि अनुभव र अनुभूतिको ज्वार न्यूनतम दुई हरफ वा पाउमा बाटिएर आउनुपर्दछ भने लघुकथा हुनका लागि न्यूनतम दुईवटा घटनाहरूको संयोजन हुनुपर्छ । दुवै स्वयम्मा पूर्ण रचना हुन् । दुवैको विषयको क्षेत्र समाजका विकृति विसङ्गति हुन् ।

यी दुवै विधामा केही असमानताहरू पनि छन् । लघुकथा गद्य विधा हो भने मुक्तक पद्य विधा हो । लघुकथामा कथानक, पात्र, संवाद, परिवेश, उद्देश्य,भाषाशैली र दृष्टिविन्दु जस्ता तत्त्व हुन्छन् भने मुक्तकमा भावात्मकता, रागात्मकता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, लयात्मकता, अलङ्कार, अनुभूति जस्ता तत्त्व हुन्छन् । लघुकथा बौद्धिकता हो भने मुक्तक हार्दिकता हो । आख्यानात्मकता लघुकथाको निजी पहिचान हो भने लयात्मकता मुक्तकको निजी पहिचान हो ।

लघुकथा र मुक्तकका बीचमा यिनै समानता र असमानताहरू रहेका छन् ।

### ३.६.४ लघुकथा र चुट्किला

लघुकथाको सम्बन्ध समाजमा फुसर्दको समयमा, काम गर्दागर्दै मनोरञ्जनको लागि भनिने चुट्किलासाग पनि रहेको छ । वर्तमान समयमा लघुकथा भनेर लेखिने कतिपय रचनाहरू चुट्किला जस्ता देखिएका छन्, जसले गर्दा पाठकहरूलाई लघुकथा र चुट्किलाको बीचमा स्पष्ट अन्तर छुट्याउन भ्रम उत्पन्न भएको छ । त्यसैले चुट्किला के हो भनेर जान्नु जरुरी छ ।

वास्तवमा मनोरञ्जनका लागि सीमित समयमा छोटोछरितो, चिटिक्कको, घतलाग्दो, सूक्ष्म आख्यान भएको कौतूहलता अनि साहित्यिक ध्वनिको दीर्घ असर पाठकमा नपार्ने हास्यव्यङ्ग्यमा प्रयुक्त मुक्तक मनोरञ्जनप्रधान अभिव्यक्ति नै चुट्किला वा हस्यौली ठट्यौली हो (पोखरेल, २०६०:३५) । यी दुवैका बीचमा केही समानता र केही असमानताहरू रहेका छन् ।

दुवैमा सङ्क्षिप्त आयाम, सूक्ष्म आख्यान, पात्र, परिवेश, संवाद, सरलता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, कौतूहलता, द्वन्द्व, मनोरञ्जन आदिको प्रयोग भएको हुन्छ । दुवैका विषयवस्तु समाजबाट लिइएका हुन्छन् ।

यी दुवैका बीचमा केही समानता भन्दा बढी असमानताहरू रहेका छन् । लघुकथा गद्यमा मात्र हुन्छ भने चुट्किला गद्य, पद्य दुवैमा हुनसक्छ । लघुकथामा नियोजित कथावस्तु

हुन्छ भने चुट्किलामा नियोजित कथावस्तु हुँदैन । लघुकथा सिर्जनात्मक, गम्भीर र सन्देशमूलक हुन्छ भने चुट्किला क्षणिक हास्यात्मक हुन्छ । लघुकथामा विषयवस्तुको स॰ठन, परिवेश, घटनाको चित्रण हुन्छ भने चुट्किलामा नाममात्रको विषयवस्तु, स॰ठन, परिवेश, घटनाको चित्रण हुन्छ । लघुकथा पाठकलाई निश्चित सोचमा पुऱ्याएर अन्त्य गरिएको हुन्छ भने चुट्किलाको अन्त्यसहित पाठकको मनमा हाँसोसागै सबै रहस्यको अन्त्य हुन्छ । लघुकथामा विकृति, विसङ्गति, असमानता आदिको यथार्थ चित्रण हुन्छ । लघुकथामा सन्देशमूलक चित्रण हुन्छ भने चुट्किलामा केही क्षणका लागि हसाउने उद्देश्यले गरिन्छ ।

जे भए पनि लघुकथा र चुट्किलामा सङ्क्षिप्तता, मनोरञ्जनात्मकता, व्यङ्ग्य, सूक्ष्म आख्यानात्मकता, परिवेश, पात्र आदिको समानता भए पनि यी दुवैमा साहित्यिक मूल्य र उद्देश्यकै भिन्नता रहेको छ ।

### ३.६.५ लघुकथा र गजल

साहित्यका लघुविधाहरू मध्येको एक गजलसित पनि लघुकथाको नजिकको सम्बन्ध रहेको छ । दुवै लघुसाहित्यिक विधा हुन् । दुवै सङ्क्षिप्त आयामका छन् । दुवैमा कथ्यको एकोन्मुखता, भावको केन्द्रीयता रहेको हुन्छ । दुवैमा प्रभावको तीव्रता अनिवार्य हुन्छ । दुवै लघुविधा भएकोले वर्णनको विस्तार हुँदैन । दुवैको संरचना खाँदिलो हुन्छ । दुवैमा सक्षम र सटिक अभिव्यक्ति हुन्छ । दुवैमा बिम्ब र प्रतीकको प्रयोग हुन्छ भने लघु भए पनि स्वयम्मा पूर्ण हुन्छन् ।

लघुकथा र गजलका बीचमा असमानता पनि त्यत्तिकै छन् । लघुकथा गद्यविधा हो भने गजल पद्यविधा हो । लघुकथामा पात्र, परिवेश, कथानक आदि तत्त्व हुन्छन् भने गजलमा लयविधान, साङ्गीतिकता, छन्द जस्ता तत्त्व हुन्छन् । लघुकथा मूलतः अङ्ग्रेजी साहित्यको आधुनिक उपज हो भने गजल अरबी फारसी साहित्यको उपज हो । लघुकथा पाठ्यविधा हो भने गजल गेय विधा हो । लघुकथा जीवनजगत्का बाह्य घटनासित सम्बन्धित हुन्छ भने गजल जीवनजगत्का आन्तरिक भाव र अनुभूतिसाग सम्बन्धित हुन्छ । लघुकथामा कुनै न कुनै रूपमा कथासूत्र रहेको हुन्छ भने गजलमा त्यस्तो कथासूत्र हुँदैन । लघुकथामा तीव्र र सटिक शैलीको आवश्यकता हुन्छ भने गजलमा सहज शैली र सुकोमल भावको आवश्यकता हुन्छ (पोखरेल, २०६०:३७-३८) ।

यसरी लघुकथा र गजल दुवै लघुआयामका रचना भए पनि दुवै फरक विधा हुन् र दुवै सानो भए पनि स्वयम्मा पूर्ण छन् ।

## ३.७ निष्कर्ष

लघुआकार, प्रतीकात्मकता, कौतूहलता, सटिक र सघन अभिव्यक्ति, वस्तुपरक चित्रण, एकोन्मुखता, कथात्मकता आदि लघुकथाका मुख्य विशेषता हुन् । यो सङ्क्षिप्त भए

पनि स्वयम्मा पूर्ण, गहन र अर्थयुक्त हुन्छ । यो आख्यान साहित्यको भेद भएकोले कथा र उपन्याससित नजिक छ । साहित्यका अरू भेदहरू कथा, लघुनाटक, मुक्तक, चुट्किला, गजलसाग पनि लघुकथाको सम्बन्ध छ । यति भए पनि यसको आफ्नै स्वतन्त्र र छुट्टै मौलिक अस्तित्व छ ।

# परिच्छेद चार

# अदृश्य पीडा लघुकथासङ्ग्रहका लघुकथाको अध्ययन

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा युवा लघुकथाकार नवराज रिजालको पहिलो लघुकथासङ्ग्रह **अदृश्य पीडा**मा सङ्गृहीत लघुकथाहरूको कथावस्तु र कथानक,पात्र र चरित्र, परिवेश, उद्देश्य, संवाद, दृष्टिविन्दु र भाषाशैली जस्ता लघुकथाका आधारभूत संरचनात्मक तत्त्वका आधारमा क्रमिक रूपमा अध्ययन गरी सोलोडोलोमा निष्कर्षमा पुग्ने काम भएको छ ।

## ४.२ ‘अर्ती’ लघुकथाको अध्ययन

‘अर्ती’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत प्रथम लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०४९ साल असोज २० गते भएको हो । यसमा चार परिच्छेद, बाह्र वाक्य एकसय छयालीस शब्द रहेका छन् ।

### ४.२.१ विषयवस्तु र कथानक

प्रस्तुत लघुकथाको विषय समाज हो । यसमा  चुरोटको अम्मली भएको बुवाले छोराले चुरोट खाएको देखेर छोरालाई अर्ति दिने तर आफूले त्यसको पालना नगर्ने घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यस कथाले अर्ती दिने व्यक्ति झन् विवेकहीन हुादै गएको कुराको सार्वजनिक गरेको देखिन्छ (धमला, २०५८:१) । यसमा छोरालाई चुरोट ल्याउन लगाई छोराकै अगाडि चुरोट खाएको देखाइएको छ । यसबाट छोराको मनमा बुवाले खान हुन्छ भने मैले किन खान हुन्न भन्ने जस्ता कुरा सोचेर आखिर एक दिन घरमा कोही नभएको बेला चुरोट खाएको घटनालाई देखाइएको छ । बुवाको यस्तो कार्यशैलीबाट पनि यो अर्ती सत्य साबित हुन नपुगेको देखिन्छ (पोखरेल, २०५८:६३) ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको छ भने यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा  भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.२.२ पात्र र चरित्र

यस लघुकथामा सागर, उसको बुवा, उसका साथीहरू र पसले जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका पात्रहरू मध्ये सागर प्रमुख, पुरुष, बाल, मञ्चीय, बद्ध, अनुकूल, गतिशील पात्र हो । उसको बुवा सहायक, पुरुष, वृद्ध, मञ्चीय, बद्ध, प्रतिकूल र गतिहीन पात्र हो । सागरका साथीहरू र पसले गौण, पुरुष, उसका साथीहरू बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.२.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश छ । गोठालो जाने र घाास-दाउरा जाने प्रस•ले ग्रामीण परिवेश बुझाएको छ । यसमा सागरको घरको स्थानिक परिवेश पनि रहेको छ ।

### ४.२.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.२.५ भाषाशैली

यस लघुकथामा पिता, मुक्त र आग्रह जस्ता तत्सम शब्दको प्रयोगका साथै पसल, मुताविक, कबुल र बिडी जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । जस्तै :

धुम्रपानमा सागरको लत बसेको थाहा पाएपछि पिताले खुब हकारे, इच्छा मुताविक समाज दिए । (पृ.१९)

यसमा त, नै जस्ता निपात, र किनकि, तर, अनि र पनि जस्ता संयोजक, ऊ, त्यो, त्यसको, उसको, आफूले र उसले जस्ता सर्वनामको प्रयोग पनि भएको पाइन्छ । यसका साथै यसमा पूर्णविराम, चन्द्रविन्दु, हलन्त, प्रश्नचिह्न, अल्पविराम र विसर्ग चिन्हको प्रयोगका साथै सरल तथा सम्प्रेष्य भाषाशैलीको प्रयोग पनि भएको पाइन्छ ।

### ४.२.६ उद्देश्य

यस लघुकथामा केटाकेटीहरूलाई अर्ती उपदेशभन्दा व्यवहारिक ज्ञान दिनुपर्छ र अरुलाई परिवर्तन गर्नुछ भने त्यसको सुरुवात आफैबाट गर्नुपर्छ भन्ने सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.२.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष सर्वनाम बुझाउने सागर, बुवा, पसले, साथीसांगीहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित उसको, ऊ, त्यो, त्यसको, उसले जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.३ 'विडम्बना' लघुकथाको अध्ययन

'विडम्बना' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत दोस्रो लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल पुस तीन गते भएको हो । यसमा दस अनुच्छेद, बाइस वाक्य र दुईसय पचासी शब्द रहेका छन् ।

### ४.३.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । गाउालेहरूको मिहिनेत र परिश्रमको कदर नभई केही सहयोग नगर्ने व्यक्ति नै उच्च पदमा आसीन हुने र उसैको प्रशंसा भएको विडम्बित घटना नै यस लघुकथाको विषयवस्तु रहेको छ । यस लघुकथामा विद्यालय खोल्दा बाधाअड्चन पुऱ्याउने व्यक्ति विडम्बनाको रूपमा विद्यालय सञ्चालक समितिको अध्यक्ष भएका छन् (पोखरेल, २०५८:६३) । यसमा गाउालेहरूले कामको जस पाएका छैनन्, परिश्रमको उचित कदर र सम्मान नपाएको देखाइएको छ । केही सहयोग नगर्ने व्यक्तिलाई नै प्रेरणाका स्रोत र उदाहरणीय व्यक्तित्व बनाइएको पाइन्छ । मरी-मरी छाक काटेर काम गर्नेले स्याबासी समेत पाएका छैनन भने केही नगर्ने व्यक्ति अध्यक्ष र प्रेरणा स्रोत बनेको पाइन्छ । जस्तै :

"थरिबाको कार्यबाट प्रेरणा ग्रहण गर्दै सबैले आफ्नो मन सामाजिक कार्यमा उदार गराए देश विकास शीघ्र हुने कुरा मन्त्रीको मुखारविन्दबाट श्रोताहरूले श्रवण गरे । (पृ.२०)

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको छ। यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमशःभएकाले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.३.२ पात्र र चरित्र

यस लघुकथामा थरिबा, उसको छोरो सागर, मन्त्री, गाउालेहरू र गाउाका केटाकेटीहरू पात्रका रूपमा आएका छन् । यीमध्ये थरिबा प्रमुख, पुरुष, बृद्ध, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हो । गाउालेहरू सहायक, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् । थरिबाका छोरा गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो । मन्त्री गौण, पुरुष, नेपथ्य, मुक्त, गतिहीन र प्रतिकूल पात्र हो । यसमा गाउाका केटाकेटीहरू गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.३.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको छ । जस्तै :

ग्रामवासीहरू विकासप्रति आकृष्ट तथा लालायित भएकाले पोहोरको सङ्कल्प बिर्सन सकेनन् र पुनः त्यस्तै खालको अर्को भेला डाकियो । (पृ.२०)

यसमा विद्यालय, स्वास्थ्य चौकी, हुलाक, टोल, छात्राबास जस्ता स्थानिक परिवेश, नवनिर्मित भवनको उद्घाटनको परिवेश पनि रहेको पाइन्छ ।

### ४.३.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.३.५ भाषाशैली

यस लघुकथामा पूर्वाधार, अठोट, कार्य, ग्रामवासी, आकृष्ट, सङ्कल्प, प्रण, जनश्रम, ग्रहण, नवनिर्मित, शीघ्र, श्रोता, मुखारविन्द, श्रवण, छात्रावास र निःशूल्क जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसमा बावजुद जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसका साथै यसमा र, तर, तथा, पनि जस्ता संयोजक, नै जस्तो निपात, आफू, त्यो, उनकै, उनीहरू र यिनीहरू जस्ता सर्वनाम, अल्पविराम, पूर्णविराम, दोहोरो उद्धरण, हलन्त, विसर्ग र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पनि पाइन्छ । यसमा प्रशस्त मात्रामा तत्सम शब्दको प्रयोग भए पनि सरल तथा सम्प्रेष्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३.६ उद्देश्य

यस लघुकथामा परिश्रम गर्नेले उचित मान-सम्मान पाउनुपर्ने, उनीहरूको परिश्रमको कदर गर्नुपर्ने, अझ काम गर्नको लागि हौसला दिनुपर्ने र कुनै सहयोग नगर्ने व्यक्ति उच्च पदमा पुग्ने र अनावश्यक मानसम्मान दिइने प्रवृत्तिलाई त्याग्नुपर्ने सन्देश वा उद्देश्य रहेको पाइन्छ ।

### ४.३.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने थरिबा, सागर, गाउालेहरू, मन्त्री र केटाकेटीहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित त्यो, उनीहरू, यिनीहरू र उनकै जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४ ‘पीडा’ लघुकथाको अध्ययन

‘पीडा’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत तेस्रो लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल वैशाख ११ गते भएको हो । यसमा नौ अनुच्छेद, बत्तीस वाक्य र दुईसय सत्तरी शब्द रहेका छन् ।

### ४.४.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । जसले पीडा र यातना दियो उसैलाई स्वागत सत्कार गर्नुपर्दाको पीडालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । प्रतिक्रियावादी व्यक्तिलाई मन्त्रीको रूपमा स्वागत गर्नुपर्दा उमामा जागृत विक्षुब्धता यसमा पाइन्छ (गोर्खाली, २०५७:१०) । यसमा पञ्चायतका उपसभापतिले व्यक्तिगत रिसइबीका कारण उमा नामक पात्रलाई शारीरिक र मानसिक यातना दिएको देखिन्छ । यसमा उमा अपराधी सिद्ध हुन नसकेपछि सजाय मुक्त हुन्छिन् र विद्यालयकी प्रधानाध्यापक बन्छिन् । नवनिर्मित भवनको उद्घाटन गर्न आफूलाई सजाय दिएको व्यक्ति नै मन्त्रीका रूपमा आउने र आफूले उसैको हातबाट भवनको साचो लिनुपर्ने, उसलाई स्वागत, सत्कार गर्नुपर्ने कल्पनाले मात्रै पनि उमाको अन्तर्मनमा जागृत पीडालाई देखाइएको छ ।

यस लघुकथामा सङ्क्षिप्त, जटिल र घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास नभएको र पूर्वस्मृति शैलीमा भएकोले वृत्ताकारीय कथानक ढाचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज हो ।

### ४.४.२ पात्र र चरित्र

यस लघुकथामा उमा, मन्त्री, चङ्खे, उमाका बा, प्रहरीहरू र विद्यार्थीहरू जस्ता पात्रहरू रहेका छन्। जसमध्ये उमा, प्रमुख, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा चङ्खे गौण, पुरुष, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो भने उमाका बा गौण, पुरुष, बृद्ध, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो । मन्त्री सहायक, मञ्चीय, पुरुष, बद्ध, प्रतिकूल र गतिहीन पात्र हो।त्यस्तैगरी विद्यार्थीहरू गौण, बाल, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हुन् ।

### ४.४.३ परिवेश

यस लघुकथामा षड्यन्त्रपूर्ण सामाजिक पञ्चायतकालीन परिवेश रहेको पाइन्छ । विद्यालय, कस्टडी, अदालत, जिल्ला पञ्चायतको स्थानिक परिवेश पनि रहेको पाइन्छ । जस्तै :

कस्टडीमा मानसिक र शारीरिक यातना खपिन्, अदालतमा पेश भइन् । (पृ.२१)

### ४.४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.४.५ भाषाशैली

यस लघुकथामा प्रतिशोध, कार्यरत, सङ्कट, पिता, पूर्ण, अर्पण, नवनिर्मित, पुष्पगुच्छा, ग्रहण, कार्य, पूर्व र तथापि जस्ता तत्सम शब्दको प्रयोगका साथै हिरासत, कस्टडी, फर्जी, रेकर्ड, अदालत र फेसन जस्ता आगन्तुक शब्द र हात, साीचो जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा तर, र, पनि, तथापि जस्ता संयोजक, उनी, उनको, उनले, तालाई, उनैको र जसको जस्ता सर्वनाम, नै जस्तो निपात, अल्पविराम, पूर्णविराम, विसर्ग, प्रश्नचिह्न, हलन्त, चन्द्रविन्दु र दोहोरो उद्धरण जस्ता चिह्नको प्रयोग भएको पनि पाइन्छ । यसमा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४.६ उद्देश्य

यस लघुकथामा व्यक्तिगत रिसइबीमा सन्तानलाई बीचमा ल्याई शारीरिक र मानसिक वा कुनै पनि प्रकारको यातना दिनुहुादैंन, प्रत्येक व्यक्तिले एक अर्काको सम्मान गर्नुपर्ने र आपसमा मेलमिलाप, सहयोग गर्नुपर्ने उद्देश्य रहेको पाइन्छ ।

### ४.४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने उमा, चङ्खे, मन्त्री, प्रहरी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी, उनको, उनले, उनैको र जसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५ ‘आशा ! ’ लघुकथाको अध्ययन

ॅआशा भ' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चौथो लघुकथा हो । यसको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५० साल असोज २० गते भएको पाइन्छ । यसमा छ अनुच्छेद सत्र वाक्य र एकसय चौरानब्बे शब्द रहेका छन् ।

### ४.५.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक र राजनैतिक विषयवस्तु रहेको पाइन्छ । यसमा एउटा कुष्ठरोगीको आसा र उसले पाएका पीडालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यहाा कुष्ठरोगीको कुरालाई उदाहरण बनाएर अगाडि सारी त्यस्ता गरिबहरू बिचल्लीमा परेको र कहिल्यै नफर्कने गराइएको घटना रहेको पाइन्छ । यसै सन्दर्भलाई जोड्ने क्रममा समाजको परिस्थिति एकैपटक परिवर्तन गर्न सकिदैंन, यसलाई बिस्तारै सुधार गर्दै लैजानुपर्छ भन्ने कुराको पुष्टि गरेको छ (पोखरेल, २०५८:६३) । कुनै पनि आन्दोलनमा गरिबहरू नै धेरै मात्रामा सहभागी भई यातना भोग्छन्, सहिद हुन्छन्, तर परिवर्तन केवल धनीका लागि मात्र हुन्छ भन्ने कुरा यसमा देखाइएको पाइन्छ (गोर्खाली, २०५७:१०) ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको तथा कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमश विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.५.२ पात्र र चरित्र

यस लघुकथामा कुष्ठरोगी, जुलुसमा सहभागी मान्छे, बाटामा हिाड्ने मान्छे, सरकार, राजनैतिक दलहरू र प्रहरी जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये कुष्ठरोगी प्रमुख, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । जुलुसमा सहभागी मान्छे र राजनैतिक दलहरू सहायक, मञ्चीय, बद्ध, गतिहीन र प्रतिकूल पात्र हुन् । यसमा प्रहरी, बाटामा हिाड्ने मान्छे र सरकार गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.५.३ परिवेश

यस लघुकथामा राजनैतिक परिवेश रहेको छ । यस्तैगरी सहरिया परिवेश, प्रस•मा गाउाले परिवेश, राजधानीको परिवेश, खुल्ला सडकको पेटीको परिवेश पनि रहेको पाइन्छ । जस्तै :

उसले केही वर्षदेखि आश्रयस्थलको रूपमा खुल्ला सडकपेटीलाई अपवादबाहेक उपयोग गर्दै आएको छ । (पृ.२२) यहाा नारा जुलुस र विरोध प्रदर्शन पनि देखाइएको छ ।

### ४.५.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.५.५ भाषाशैली

यस लघुकथामा आश्रयस्थल, पूर्व, मार्ग, प्रभु, कल्याण, प्रहार, विशाल, भ्रमण, भोजन, आवागमन, चित्ताकर्षक र निषेधाज्ञा जस्ता तत्सम शब्दका साथै प्रहरी, जन, जुलुस, प्लेकार्ड र सहर जस्ता आगन्तुक शब्द र घिउ, जुनी जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उसले, हजुर, आफ्ना, त्यो, तिनीहरू, उसलाई र ऊ जस्ता सर्वनाम, तर, पनि, तथा, र, यदि, भने जस्ता संयोजक, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त, चन्द्रविन्दु र विसर्ग जस्ता चिहृन प्रयोग पनि भएको पाइन्छ । यसको शैली वर्णनात्मक तथा सरल रहेको  पाइन्छ ।

### ४.५.६ उद्देश्य

गरिब मान्छे जुन आशा गरेर आन्दोलन र जुलुसमा लागेको हुन्छ त्यस अनुसारको आशा पूरा हुादैन । तिनीहरूको आशा आशामै सीमित हुन्छन् भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने कुष्ठरोगी, सरकार, प्रहरी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, त्यो, तिनीहरू, उसले, उसलाई जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाहृय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.६ ‘सन्दर्भ’ लघुकथाको अध्ययन

‘सन्दर्भ’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत पााचौा लघुकथा हो । यसको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४७ साल साउन २० गते भएको देखिन्छ । यसमा पााच अनुच्छेद, पन्ध्र वाक्य र एकसय चौातीस शब्द रहेका छन् ।

### ४.६.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । समाजसेवी बनेर जातीय विरोधको भाषण गर्ने तर वास्तविकतामा जातीय भेद गर्ने र सही निर्णय लिन नसक्ने व्यक्तिलाई नै गाउाका सबैले मान्ने गरेको विडम्बित घटना नै यस लघुकथाको विषयवस्तु

रहेको पाइन्छ । सामाजमा व्याप्त असमानता र विस॰तिको खुलेर विरोध गर्ने तर व्यवहारमा आफैले लागू नगर्ने पात्र देखाएर हाम्रै समाजका त्यस्ता ढोंगी व्यक्तिहरूको यथार्थचित्रण यसमा गरिएको पाइन्छ । यसमा कुरा एकातिर र काम अर्कोतिर गर्ने दुईजिब्रे मान्छेलाई नै समाजले नतमस्तक गर्ने समाजको अज्ञानीपनप्रति व्यङ्ग्य गरिएको छ । समाजको अगुवा बनेर अर्काको मन्दिरमा बिना अनुमति प्रवेश गरेको हुादा दोषी पक्षले माफी माग्नुपर्दछ" ( पृ.२३) भनेर गलत निर्णय सुनाइएको घटनालाई यसमा देखाइएको छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ भने यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा क्रमशः विकास भएकाले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज हो ।

### ४.६.२ पात्र र चरित्र

यस लघुकथामा विजय, तल्लो जात र माथिल्लो जात जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये विजय प्रमुख, पुरुष, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हो भने कथित तल्लो जात र कथित माथिल्लो जात सहायक, मञ्चीय, बद्ध र गतिहीन पात्र हुन् ।

### ४.६.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको छ । यसमा गोष्ठी, सेमिनार र आमसभा जस्ता अवस्थाको परिवेश पनि रहेको पाइन्छ । जस्तैः यहाा छुवाछुत प्रथाको विरोधमा थुप्रै गोष्ठी, सेमिनार र आमसभामा विचारहरू प्रस्तुत गरेका छन्। (पृ.२३)

### ४.६.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.६.५ भाषाशैली

यस लघुकथामा वाक्शैली, नतमस्तक, गोष्ठी, शिर, हार्दिकतापूर्वक र प्रवेश जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । जस्तै :

विजय समाजसेवी वाक्शैली ज्यादै राम्रो छ, जस्तै मानिसले पनि उनीसाग नतमस्तक बन्नैपर्छ । (पृ.२३)

यसमा सेमिनार जस्तो आगन्तुक शब्द प्रयोग भएको छ भने यो, उनले, उनी, उनको, जस्ता सर्वनाम, र, भने, पनि जस्ता संयोजक, नै निपात, चन्द्रविन्दु, अल्पविराम,

दोहोरो उद्धरण, पूर्णविराम र हलन्त चिन्हको प्रयोग भएको पनि पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.६.६ उद्देश्य

यस लघुकथामा जातीय विभेद गर्नुहुँदैन, भगवान र मन्दिर भनेको सबैको साझा सम्पति हो यसमा कसैले विवाद गर्नुहुँदैन भन्ने सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.६.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने विजय, तल्लो जात र माथिल्लो जात जस्ता नाम तथा त्यससँग सम्बन्धित उनी, उनले र उनको जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.७ 'अभियान' लघुकथाको अध्ययन

'अभियान' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्ग्रहीत छैठौँ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिएको मिति अनुसार यसको रचना २०५३ साल माघ २१ गते भएको पाइन्छ । यसमा चार परिच्छेद, उनन्तीस वाक्य र दुईसय एकाउन्न शब्द रहेका छन् ।

### ४.७.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा एकजना गरिब वृद्ध र उसको परिवार दीर्घकालीन आश्रयको असम्भव गन्तव्यहीन खोजमा हिँडेको निरन्तर यात्रालाई विषयवस्तु बनाइएको पाइन्छ । यो लघुकथामा आफ्नो बसोबासको टुङ्गो लगाउन हिँडेका उनी भोलि बेलुकासम्म ओत पाइने आसामा आफ्नो अभियानलाई निरन्तर जारी नै राखेको देखिन आउँछ (पोखरेल, २०५८:६३) । मान्छे गाँससबास र कपासको लागि एक ठाउँबाट अर्को ठाउँ भौँतारिन बाध्य हुन्छ भन्ने कुरा यसमा रहेको पाइन्छ । यस लघुकथामा एउटा गरिब परिवारको यथार्थचित्रण गर्दै सारा गरिब नेपालीको स्थितिलाई यस लघुकथामा देखाउन खोजिएको पाइन्छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकोले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज हो ।

### ४.७.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, म, ऊ पात्रकी श्रीमती र छ जना सन्तान जस्ता पात्रहरू रहेका छन्। जसमध्ये ऊ, पात्र प्रमुख, पुरुष, वृद्ध, मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हो । यसमा म पात्र सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हो ।यसमा ऊ पात्रकी श्रीमती गौण, स्त्री, वृद्ध, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । यसमा सन्तान गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.७.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा खोलाको बगर, खोला, गुफा र पहराको परिवेश पनि आएको पाइन्छ । जस्तै :

बाबू, ऊ त्यो पर खोलाको बगरमा आजको रात बिताउाछौ र भोलि पनि त्यहीा अल्मलिन्छौा होला । हामीलाई यस्तै खोला, गुफा र पहराको विश्वास लाग्छ । (पृ.२४)

### ४.७.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.७.५ भाषाशैली

यस लघुकथामा भय, कृपा, क्षण, यात्रा, सागर, प्रिय, अनुमति र आश्चर्य जस्ता तत्सम शब्दका साथै नजर, बाटो जस्ता आगन्तुक शब्द तथा ओठ, हात, र रात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा म, हामी, तिनीहरू, ऊ, त्यो र उनी जस्ता सर्वनाम, पनि, तर, जब, र जस्ता संयोजक, त निपात, पूर्णविराम, दोहोरो उद्धरण, अल्पविराम, हलन्त, चन्द्रविन्दु र प्रश्नचिह्नको प्रयोग भएको पाइन्छ ।

### ४.७.६ उद्‌देश्य

एकजना बृद्धको अवस्था देखाएर सम्पूर्ण समाजका त्यस्ता गरिब मान्छेको यथार्थ अवस्थाको चित्रण गर्नु यस लघुकथाको उद्‌देश्य रहेको पाइन्छ ।

### ४.७.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आई उसले ॅऊ' पात्रको बारेमा कथावाचन गरेकोले र त्यससाग सम्बन्धित ऊ, त्यो, उनी, म र हामी जस्ता सर्वनामको प्रयोग भएकोले  यसमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.८ ॅअधिकार' लघुकथाको अध्ययन

ॅअधिकार' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत सातौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५० साल फागुन १३ गते भएको हो । यसमा छ अनुच्छेद, उनन्तीस वाक्य र दुईसय अठहत्तर शब्द रहेका छन् ।

### ४.८.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । पूाजीवादी देशले गरिब देशमाथि हैकम जमाउने र दुःख दिने गरेको देखेर एकजना नेपालीको त्यस पूाजीवादी देशप्रतिको घृणा र उसले बदला लिनका लागि नेपालबाट चरेस, अफिम, हेरोइन जस्ता नसालु पदार्थ युरोप र अमेरिका पठाउने गरेको घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । धनी मुलुकले गरिब मुलुकलाई नराम्रोसाग लुटेको, ठगेको, जनताको पसिना र रगत तनतनी पिएका,  हामी धर्मका नाममा, सहयोगका नाममा, महिला अधिकारको नाममा र प्रजातन्त्रको नाममा लुटिएको कुरा देखाइएको छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.८.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, म, प्रहरी, म पात्रको परिवार र टोलवाला पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये ऊ पात्र प्रमुख, पुरुष, वयस्क, मञ्चीय, अनुकूल, बद्ध र गतिशील पात्र हो । यसमा म पात्र सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हो भने प्रहरी, म पात्रको परिवार र टोलवाला गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.८.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश रहेको छ । यसमा सात वर्षको कालिक परिवेश रहेको पाइन्छ भने नेपाल, युरोप र अमेरिकाको प्रस·गत स्थानिक परिवेश पनि रहेको छ ।

### ४.८.४ संवाद

यस लघुकथामा म पात्र र ऊ पात्रका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको छ । जस्तै :

- ओहो, तपाइा त धेरैको जीवन बरवाद गर्ने व्यक्ति पो हुनुहादोरहेछ, सन्तोष छ ?

डराएरै प्रश्न राखो - छ, किन नहुनु ? हाम्रो व्यापार तेस्रो विश्वका जनताका लागि हैन । त्यो त सम्पन्न र हुनेखाने देशमा गरिन्छ । (पृ.२५)

### ४.८.५ भाषाशैली

यस लघुकथामा मौन, जनता, प्रहरी, प्रश्नहीन, मध्य, निष्कपट प्रफुल्लित र स्वयं जस्ता तत्सम शब्दका साथै गिरफ्तारी, हैसियत जस्ता आगन्तुक शब्द र पछुतो जस्ता तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । जस्तै :

मलाई मेरो आजसम्मको काममा कुनै पछुतो र खेद छैन, बरु खुशी छु उत्साहित छु अनि प्रफुल्लित छु । यतिखेर मेरो पछाडि प्रहरी लागेको छ र प्रहरीले गिरफ्तार गर्न सकेन भने पनि भोलि म स्वयं गिरफ्तारी दिनेछु (पृ.२५) ।

यसमा ऊ, उसको, म, तिमी, तपाइा, आफ्नो, हाम्रो, त्यो, हामी र स्वयं जस्ता सर्वनाम, तर, र, पनि, अनि जस्ता संयोजक, त, नै र पो जस्ता निपात, पूर्णविराम, हलन्त, प्रश्नचिह्न, विसर्ग, अल्पविराम, दोहोरो उद्धरण र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको छ ।

### ४.८.६ उद्देश्य

यस लघुकथामा देशको सेवा, सम्मान गर्नु सबै नागरिकको धर्म, कर्तव्य र अधिकार भए पनि अधिकारको गलत प्रयोग गर्न नहुने तथा अरुसाग बदला लिनका लागि आफू पनि गलत बन्न नहुने सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.८.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आई ऊ पात्रका बारेमा कथावाचन गरेकाले तथा त्यससाग सम्बन्धित म, ऊ, हामी, स्वयं जस्ता सर्वनामको प्रयोग भएकोले यसमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.९ ॅपागलको चाहना' लघुकथाको अध्ययन

ॅपागलको चाहना' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत आठौा लघुकथा हो । यो लघुकथा प्रकाशनका दृष्टिले पहिलो लघुकथा हो । यो लघुकथा काठमाडौाबाट प्रकाशित हुने **मातृभूमि** साप्ताहिकमा २०३९ मा प्रकाशित भएको हो (रिजाल, २०६५:५) । यसमा छ अनुच्छेद, अठ्ठाइस वाक्य र दुईसय बैसट्ठी शब्द रहेका छन् ।

### ४.९.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक छ । एउटा गरिब मान्छेलाई यस समाजले पागल भनेर घृणा गरेको तथा उसका चाहना र इच्छालाई नबुझी गाली गरेको, जेले पायो त्यसैले हानेर दुःख दिएको घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यस लघुकथामा मान्छे पागल नभएको तर देख्नेले उसलाई पागल र निर्वस्त्र देखेको त्यो मान्छेले केही भन्ने चाहना राख्दाराख्दै उसलाई पागलकै संज्ञा दिदै गलहत्याएका घटनाहरू यहाा उल्लेख गरिएका छन् (पोखरेल, २०५८:६३) । यसमा जसले जे देख्न खोज्छ उसले त्यही मात्र देख्छ किनकि उसको मनमस्तिष्कले त्यहीमात्र सोचेको हुन्छ भन्ने कुरा देखाइएको छ । मान्छे दिनप्रतिदिन स्वार्थी बन्दै गइरहेको र मानवता हराएको कुरालाई यस लघुकथाले राम्ररी चित्रण गरेको छ । यसमा मान्छेले मान्छेलाई गर्ने पशुतुल्य व्यवहार र घृणित सोचप्रति तीव्र व्यङ्ग्य प्रहार पनि गरिएको छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र चरित्रप्रधान रहेको छ भने आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमशः विकास भएको छ । त्यसैले यसमा रैखिक कथानक ढााचा रहेको छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.९.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, घरधनी र बाटामा हिड्ने मान्छेहरू पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये ऊ प्रमुख, पुरुष, वृद्ध, मञ्चीय, वृद्ध, गतिहीन र अनुकूल पात्र हो । यसमा घरधनी र बाटामा हिड्ने मान्छेहरू गौण, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हुन् ।

### ४.९.३ परिवेश

यस लघुकथामा विस॰त स्वार्थी सामाजिक परिवेश रहेको छ । यसमा बाटो-चौबाटो, बजार, घर, चोक, आागन र जुठ्यान-रछ्यान जस्ता स्थानको परिवेश रहेको पाइन्छ । जस्तैः लगौाटीले संवेदनशील अ॰हरू छोपी बजार, घर, चोक, आागन र जुठ्यान-रछ्यान जस्ता स्थानहरू घुमिरहेको छ (पृ.२६) । यसमा ऊ पात्रको मानसिक परिवेश पनि रहेको पाइन्छ । आफ्ना मनका वेदना, चाहना र आकाङ्क्षालाई आफैंसाग राखेर सरासर अगाडि बढ्यो र बढी रह्यो (पृ.२६) कथनले मानसिक परिवेश बुझाएको छ ।

### ४.९.४ संवाद

यस लघुकथामा ऊ पात्र र घरधनीका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको पाइन्छ ।

### ४.९.५ भाषाशैली

यस लघुकथामा क्षण, वस्त्र, जीर्ण, निर्वस्त्र, मुखारविन्द, मन्दमुस्कान, लालायित, प्रवेश र क्षमा जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसमा कम्पाउण्ड, चोक, लगौाटी, आङ र आागन जस्ता आगन्तुक शब्दका साथै आासु र हात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसका साथै यसमा ऊ, आफ्ना, हजुर र उसको जस्ता सर्वनाम, तर, तैपनि, पनि, अनि, र जस्ता संयोजक, नै, त जस्ता निपात, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, विसर्ग, विस्मयबोधक, चन्द्रविन्दु र हलन्त चिह्नको प्रयोग भएको पाइन्छ । यसको शैली सरल तथा वर्णनात्मक रहेको छ ।

### ४.९.६ उद्देश्य

यस लघुकथामा कुनै पनि मानिस जन्मजात पागल हुादैंन, पागल बनाउने त हाम्रै स्वार्थी समाज र उनीहरूका घृणित विचार हुन् भन्ने सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.९.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने ऊ, घरधनी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ र उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१० ँआाखीझ्याल' लघुकथाको अध्ययन

ँआाखीझ्याल' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत नवौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५० साल असोज सात गते भएको हो । यसमा छ अनुच्छेद, सोह्र वाक्य र एकसय उनानब्बे शब्द रहेका छन् ।

### ४.१०.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक र शैक्षिक रहेको छ । एकजना विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आफ्नो छोरासहित तीनजनालाई पास गराई सहर पढ्न पठाएको तर सहरमा आफ्नो छोराले कुनै पनि परीक्षा पास नगर्दा केही नभनी उक्त पदबाट राजीनामा दिएको घटना यस लघुकथाको विषयवस्तु रहेको पाइन्छ । सुरुमा शिक्षाप्रेमी बनेका प्रेमनाथ नामक पात्रले शिक्षा नै ज्ञानको ज्योति र त्यो बिना मानिस सामाजिक रूपमा समेत दुर्बल हुने कुरा गर्ने तर पछि आफ्नो छोरो फेल भएपछि पढेर के नै हुन्छ र जस्ता कुरा गर्न समेत नहिच्किचाउने त्यस्ता दुईजिब्रे कुरा गर्ने गरेको देखाएर हाम्रो समाजका त्यस्तै स्वार्थी व्यक्तिको यथार्थको चित्रण र त्यस्ताप्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने काम गरिएको छ । यसमा मान्छेको केवल आफू र आफ्ना परिवारसम्मको सीमित सङ्कुचित सोचाइलाई देखाइएको छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटना प्रधान रहेको छ भने कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.१०.२ पात्र र चरित्र

यस लघुकथामा प्रेमनाथ, उसको छोरो, गाउालेहरू र विद्यार्थीहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये प्रेमनाथ प्रमुख पुरुष, बृद्ध, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हो । यसमा प्रेमनाथको छोरा सहायक, पुरुष, वयस्क,

मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हो । यसमा गाउालेहरू र विद्यार्थीहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.१०.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ र प्रस·वश सहरिया परिवेश पनि आएको पाइन्छ । यसमा विद्यालयको स्थानिक परिवेश र पााच वर्षको कालिक परिवेश पनि रहेको छ ।

### ४.१०.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैन ।

### ४.१०.५ भाषाशैली

यस लघुकथामा ज्ञान, दुर्बल, तृष्णा, शीघ्र, श्रम, हेतु, विनय, अनुनय, शिर, परीक्षा र उत्तीर्ण जस्ता तत्सम शब्द प्रयोग भएको पाइन्छ । जस्तै :

आ-आफ्ना क्षेत्रबाट सहयोग भएको कारण शीघ्र गाउामा श्रमदानबाटै विद्यालय निर्माण गरियो ।(पृ.२७)

यसमा रौनक जस्तो आगन्तुक शब्द तथा मीठो, रात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा त्यो, आफ्ना, यसले जस्ता सर्वनाम, र, पनि जस्ता संयोजक, नै, त जस्ता निपात, पूर्णविराम, चन्द्रविन्दु, अल्पविराम जस्ता चिह्न प्रयोग भएको पनि पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको पाइन्छ ।

### ४.१०.६ उद्देश्य

मान्छेको स्वार्थी प्रवृत्तिको चित्रण गरी त्यसप्रति तीखो व्यङ्ग्य गर्नु र त्यस्तो प्रवृत्तिलाई त्याग्नुपर्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.१०.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने प्रेमनाथ, गाउालेहरू र विद्यार्थीहरू आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित त्यो, यसले सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.११ ‘बाटो’ लघुकथाको अध्ययन

‘बाटो’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत दसौँ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल पुस ७ गते भएको पाइन्छ । यसमा छ अनुच्छेद बीस वाक्य र एकसय सड्चालीस शब्द रहेका छन् ।

### ४.११.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा एकजना स्वाभिमानी व्यक्तिले पदोन्नतिका लागि चाकडी र चाप्लुसीको बाटो रोजेको घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यहाँ मान्छेले जागिर पाउन, त्यसलाई बचाइराख्न र पदोन्नतिका लागि चाकडी गर्ने गरेको यथार्थलाई यस लघुकथामा राम्ररी चित्रण गरिएको छ । चाकडी, चाप्लुसी गर्नुहुँदैन भन्ने कुरा थाहा भएर पनि त्यसलाई व्यवहारमा लागू गर्न नसकेको घटनालाई देखाइएको छ । यसमा स्वाभिमान र आदर्श लिएर भोको पेट बाँच्न नसकिने हुनाले पनि मान्छे चाकडी र चाप्लुसीको बाटो रोज्न बाध्य भएको कुरालाई प्रस्तुत गरिएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, जटिल र घटनाप्रधान रहेको छ भने कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास नभई पूर्वस्मृति शैली रहेकोले यसमा वृत्ताकारीय कथानक ढाँचा रहेको छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.११.२ पात्र र चरित्र

यस लघुकथामा विनीत, कार्यालय प्रमुख र अन्य कर्मचारी साथीहरू पात्रका रूपमा रहेका छन् । यी पात्रहरूमध्ये विनीत प्रमुख, पुरुष, वयस्क, मञ्चीय, बद्ध, गतिशील र अनुकूल पात्र हो । यसमा अन्य कर्मचारी साथीहरू र कार्यालय प्रमुख गौण, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हुन् ।

### ४.११.३ परिवेश

यस लघुकथामा चाकडी र चाप्लुसीयुक्त सामाजिक परिवेश रहेको पाइन्छ । यसमा कार्यालयको कोठाको स्थानिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.११.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.११.५ भाषाशैली

यस लघुकथामा प्रमुख, प्रवेश, सत्य, वातावरण, अनुभूत, स्पष्टीकरण र कौतूकपूर्ण जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ भने काबु जस्तो आगन्तुक शब्द र हात जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसका साथै यसमा तर, र, अनि, पनि जस्ता संयोजक, उसलाई, ऊ, उसको जस्ता सर्वनाम, त जस्तो निपात, पूर्णविराम, चन्द्रविन्दु, अल्पविराम र हलन्त जस्ता चिह्नको प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको छ ।

### ४.११.६ उद्देश्य

यस लघुकथाको उद्देश्य चाकडी, चाप्लुसी गर्नुहुादैन भन्ने सन्देश दिन खोजेको छ भने तर त्यसो गर्न मानिस विवश छ भन्ने देखाउनु रहेको छ ।

### ४.११.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष, बुभ्फाउने बिनीत, कार्यालय प्रमुख आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसलाई र उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१२ ॅएकादेशमा' लघुकथाको अध्ययन

ॅएकादेशमा' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत एघारौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४३ साल, पुस पााच गते भएको पाइन्छ । यसमा पााच अनुच्छेद, सत्र वाक्य र दुईसय सोह्र शब्द रहेका छन् ।

### ४.१२.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । यस लघुकथामा एउटी ग्रामीण गरिब बालिकाले अरुको घरमा काम गर्न बस्दा पाएका दुःख, पीडा, अवहेलना, घृणा र तिरस्कार तथा चाडपर्वमा घर जाादा परिवारलाई भेट्दा आफूले पाएका सबै दुःख बिर्सिएर आनन्दित भएको प्रस· विषयवस्तुको रूपमा आएको पाइन्छ । जस्तै : राखीको तीनदिने छुट्टीमा घर लाग्छे र भाइको दीर्घायुको कामना गर्दै नाडीमा राखी बाांधिदिन्छे । घरका सदस्यहरू एक साथ हुन्छन् । वर्षभरि गरेको काम तथा त्यहाा पाएका दुःख, पीडा,

अवहेलना, घृणा र तिरस्कार सब भुल्छे । मानौा ऊ कसैको घरमा बसेकी छैन र बस्दिन पनि (पृ.२९) । ग्रामप्रधान बनेर आजका बालबालिका र तिनका शैक्षिक अधिकार विषयमा गोष्ठी राखेर भाषण दिने तर आफ्नै घरकी काम गर्ने बालिकालाई विद्यालय नपठाउने, आफ्ना सन्तानलाई सहरमा बोर्डिङमा पढाउने द्वैध चरित्र र स्वार्थी प्रवृत्ति भएका मान्छेको चित्रण र त्यस्ताप्रति व्यङ्ग्य गर्ने काम यसमा भएको पाइन्छ । घरमालिकले दिएका पुराना लुगाा लगाउन, बचेका खाना खान, रातदिन पशुले झैा काम गर्न गरिब बालबालिका बाध्य भएको यथार्थताको चित्रण यसमा रहेको पाइन्छ । समाजका स्वार्थी प्रवृत्ति र कालो मन भएका व्यक्तिहरू सेतो पोसाक र भलाद्मीको मखुण्डो लगाएर उच्च पदमा पुगेको विडम्बनालाई यसमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको छ भने कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमश विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.१२.२ पात्र र चरित्र

यस लघुकथामा रामकली, उसको बुवा, भाइबहिनी, मालिक, मालिक्नी, मालिकका सन्तान, गाउाका मान्छे, विद्यार्थीहरू र गोष्ठीका वक्ताहरू पात्रका रूपमा रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये रामकली प्रमुख, स्त्री, बाल, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा रामकलीको बुवा गौण, पुरुष, वृद्ध, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो । रामकलीका भाइबहिनी, विद्यालयका विद्यार्थीहरू, मालिकका सन्तान गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । मालिक सहायक,पुरुष, मञ्चीय, बद्ध, प्रतिकूल र गतिहीन पात्र हो ।  मालिक्नी गौण, स्त्री, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हो । यसमा गाउाका मान्छे र गोष्ठीका वक्ताहरू गौण, नेपथ्य, मुक्त र गतिहीन पात्र हुन् ।

### ४.१२.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको छ । यसमा पााच वर्षको कालिक परिवेश र प्रस•मा सहरिया परिवेश पनि आएको पाइन्छ । जस्तै : मालिकका सन्तान सहरमा अध्ययन गर्छन्, तथापि गाउामा समेत ठूलो विद्यालय छ- यी सब बुझ्दिन ऊ । रामकली यहाा बसेको पााच वर्ष भइसकेको छ र यो भन्दा अघि अन्यत्र बस्थी (पृ.२९) । यसमा प्रस•मा फगुवाको दिन, राखीको दिन, विद्यालय, फूलबारी र गोष्ठीको परिवेश पनि रहेको पाइन्छ ।

### ४.१२.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइदैंन ।

### ४.१२.५ भाषाशैली

यस लघुकथामा अग्रिम, दीर्घायु, कामना, ग्रामप्रधान, समृद्ध र तथापि जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । भने छुट्टी, बक्सिस र राय जस्ता आगन्तुक शब्द पनि रहेको पाइन्छ । यसमा ऊ, उनीहरू, आफूले, ती र उसलाई जस्ता सर्वनाम, तथा, र, पनि, कि, तर, भने, तैपनि र तथापि जस्ता संयोजक, विसर्ग, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको पाइन्छ ।

### ४.१२.६ उद्देश्य

यस लघुकथामा गरिबका छोराछोरी जो अरुका घरमा नोकर हुन बाध्य छन् तिनका लागि विद्यालय जानु, खेल्न पाउनु, राम्रा लुगा लगाउन पाउनु, मीठो खाना खान पाउनु एकादेशको कथित सपनाको कथा जस्तै हुन्छ भन्ने देखाइएको छ । यही नै यसको उद्देश्य पनि हो ।

### ४.१२.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने रामकली, मालिक, मालिक्नी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उनीहरू, ती र उसलाई जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.१३ 'खोजी' लघुकथाको अध्ययन

'खोजी' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत बाह्रौ लघुकथा हो । यसको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल असोज पच्चीस गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, सोह्र वाक्य र एकसय त्रिसट्ठी शब्द रहेका छन् ।

### ४.१३.१ विषय**वस्तु र कथानक**

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । यस लघुकथामा एकजना माग्ने बूढाको भावनालाई कसैले नबुझेको, उसको कुरालाई कसैले सुन्न नचाहेको, उसको निरीहताप्रति कसैले वास्ता नगरेको घटना नै विषयवस्तुका रूपमा आएको छ । यसमा त्यस माग्ने बूढोले माटो, अस्तित्व, स्वाभिमान र स्वतन्त्र परिवेश खोजेको  देखाइएको छ । जस्तैः मलाई माटो चाहिन्छ, अस्तित्व चाहिन्छ, स्वाभिमान चाहिन्छ र चाहिन्छ स्वतन्त्र परिवेश (पृ.३०) । यी कुराहरू बलिया र धनी वर्गले खोसे भन्ने भनाइ उसको रहेको छ । प्रत्येक व्यक्तिका इच्छा, चाहना हुन्छ जुन पूरा नभएमा मान्छे विक्षिप्त पनि हुनसक्ने र त्यसलाई अरु मान्छेले पागलको संज्ञा दिने गरेको घटनालाई यसमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा भएकोले यसमा रैखिक कथानक ढाचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.१३.२ पात्र र चरित्र

यस लघुकथामा आएका माग्ने बूढो, म, सुनिल र बाटामा हिड्ने मान्छेहरू नै यसका पात्रहरू हुन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये माग्ने बूढो प्रमुख, पुरुष, बृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा म पात्र सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा सुनिल र बाटामा हिड्ने मानिसहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.१३.३ परिवेश

यस लघुकथामा सहरिया सामाजिक परिवेश रहेको पाइन्छ । यसमा केही वर्षको कालिक परिवेश पनि रहेको पाइन्छ । जस्तै : विगत केही वर्षदेखि सहरको विभिन्न भागमा प्रायः देखिने गर्छ ऊ । (पृ.३०)

### ४.१३.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी भएको छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइदैंन ।

### ४.१३.५ भाषाशैली

यस लघुकथामा शिर, क्षण, पाउ, मानवनिष्ठा, लेपन र अनभिज्ञ जस्ता तत्सम शब्दका साथै वाहियात जस्तो आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ । जस्तै :

केही क्षण उभिएर सुन्यौ, आफ्नै ताल, सुर र पारामा पोखिदै थियो माग्ने बुढो, हा भ हा भभ हा भभभ म जड्याहा, सिल्ली, हावा खुस्केको र वाहियात अरु सबै राम्रा । (पृ.३०)

यसमा र, तर, पनि जस्ता संयोजक, म, ऊ, हामी, उनीहरू, उसलाई जस्ता सर्वनाम, पूर्णविराम, दोहोरो उद्धरण, अल्पविराम, विसर्ग, विस्मयबोधक, प्रश्नचिह्न, क्रमश

चिह्न, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१३.६ उद्‌देश्य

यस लघुकथामा प्रत्येक मान्छेले स्वाभिमान, अस्तित्व र स्वतन्त्रता खोज्छ तर व्यस्त सहरिया परिवेशमा कसैलाई कसैको वास्ता हुँदैन त्यसैले मान्छेका सबै इच्छाहरू पूरा हुँदैनन् भन्ने देखाउने उद्‌देश्य रहेको पाइन्छ ।

### ४.१३.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आई ऊ पात्रका बारेमा कथावाचन गरेकाले तथा त्यससाग सम्बन्धित म, हामी, ऊ, उनीहरू र उसैलाई जस्ता सर्वनामको प्रयोग भएकोले यसमा प्रथमपुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१४ 'स्वार्थ' लघुकथाको अध्ययन

'स्वार्थ' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत तेह्रौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५० साल वैशाख नौ गते भएको पाइन्छ । यसमा छ परिच्छेद, अठार वाक्य र एकसय चौवन्न शब्द रहेका छन् ।

### ४.१४.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । यसमा समाजसेवी बनेर नारी समानताको कुरा गर्ने, नारीले जस्तै पुरुषले पनि आफ्नो जीवनसाथीको मृत्युपछि, विधुर रहनैपर्ने कुरा गर्ने तर आफूले नै व्यवहारमा त्यसलाई नउतारेको घटनालाई विषयवस्तु बनाइएको पाइन्छ । जस्तै : "मृत पतिको नाममा पत्नीले आजीवन विधवा बस्न हुन्छ भने पतिले पनि पत्नीको नाममा विधुर रहनैपर्छ" (पृ.३१) । यसमा नारी र पुरुष समान हुन भन्ने भाषण गरे पनि आफ्नी बुहारीको मृत्युको बाइसौं दिनमा छोराको दोस्रो विवाह धुमधामसाग गरेको घटनालाई देखाएर समाजका त्यस्ता व्यक्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । काम र कुरा विपरीत दिशातिर गर्ने द्वैध चरित्र भएका व्यक्तिको यथार्थ चित्रण यसमा गरिएको छ । यसमा आफूले भनेका कुरामा आफै अडिग हुन नसक्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने काम भएको छ । साथै आदर्श र नैतिकताका कुरा गर्ने, आफूले भनेका र बनाएका नीतिनियमहरू आफौले पालना नगर्ने तर अरूले पालन गरोस् भन्ने सोचाइ राख्ने त्यस्ता कुविचार भएका व्यक्तिहरूप्रति रोष प्रकट गर्दै व्यङ्ग्य प्रहार गर्ने काम भएको छ ।

यसको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.१४.२ पात्र र चरित्र

यस लघुकथामा श्यामप्रसाद, उसको शिक्षक छोरो, बुहारी, पााच वर्षे नाति र गाउालेहरू नै यसका पात्रहरू हुन् । यीमध्ये श्यामप्रसाद प्रमुख, पुरुष, वद्ध, अनुकूल र गतिशील पात्र हो । यसमा उसको छोरो सहायक, पुरुष, वयस्क, मञ्चीय, वद्ध, अनुकूल र गतिहीन पात्र हो भने बुहारी गौण, स्त्री, वयस्क, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । नाति गौण, पुरुष, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । गाउालेहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.१४.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । “गाउामा श्यामप्रसादको निकै आदरभाव थियो” (पृ.३१) जस्तो कथनबाट यसको पुष्टि हुन आउाछ । यसमा श्यामप्रसादको बुहारीको मृत्युको परिवेश, छोरोको अर्को विवाहको परिवेश पनि रहेको छ । “बुहारीको तेह्रौा दिनको कार्य समाप्त भयो । बाईसौा दिनमा घरमा धुमधामले बाजा बज्यो र रत्यौली नाचियो” (पृ.३१) जस्तो कथनबाट यसको पुष्टि हुन्छ ।

### ४.१४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.१४.५ भाषाशैली

यस लघुकथामा कार्य, श्रद्धा, स्नेह, नारी, पत्नी, विधुर, नेत्र, पति, आग्रह र मृत जस्ता तत्सम शब्दका साथै रौनक,, बहार र सामेल जस्ता आगन्तुक शब्द र हात जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । उनका, उनीहरू जस्ता सर्वनाम, पूर्णविराम, हलन्त, अल्पविराम, दोहोरो उद्धरण, चन्द्रविन्दु र विसर्ग जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसका साथै यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१४.६ उद्देश्य

यस लघुकथामा मान्छे दिनानुदिन स्वार्थी बन्दै गइरहेको यथार्थताको चित्रण गर्दै मान्छे स्वार्थी हुन नहुने सन्देश दिइएको पाइन्छ ।

### ४.१४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीयपुरुष बुझाउने श्यामप्रसाद, नाति, छोरा, बुहारी, गाउालेहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित उनीहरू, उनी, उनका जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१५ ‘सम्मान’ लघुकथाको अध्ययन

‘सम्मान’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चौधौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल जेठ ३ गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, पन्ध्र वाक्य र दुईसय चौध शब्द रहेका छन् ।

### ४.१५.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । यसमा देशको भाषा, साहित्य, संस्कृति र कलाको क्षेत्रमा आजीवन मरिमेटेर लागेका एकजना मानसिंह नामक व्यक्तिले पाएका दुःखलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा बिरामी पर्दा औषधी उपचारको लागि सहयोग माग्दा सडकमा हुनेले भरथेग सहयोग गरेको तर हुने खानेले पटक्कै चासो नदिने गरेको घटनाको यथार्थ चित्रण गरिएको छ । यसमा मानसिंह नामक पात्रको मृत्यु भएको चौधौा दिनमा सरकारी सञ्चार माध्यमले उनको मृत्युमा सरकार र सम्बन्धित निकायहरू दुःखित भएको बताउादै राजधानीमा गरिने शोकसभामा देशका राजनीतिज्ञ, समाजसेवी र साहित्यकारहरूलाई आत्माको चिरशान्तीका लागि प्रार्थना गर्न उपस्थित भइदिन सविनय अनुरोधको सूचना प्रसारण गरेको घटना देखाएर हाम्रो समाजमा/देशमा मरेपछि सम्मान गर्ने परिपाटी रहेको देखाइ त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यसमा मानसिंहको अवस्था लक्ष्मीप्रसाद देवकोटाको अवस्थासाग मिल्दो रहेको पाइन्छ ।

यसको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.१५.२ पात्र र चरित्र

यस लघुकथामा मानसिंह, उसकी श्रीमती, सन्तान, साथीभाइ र शुभचिन्तकहरू पात्रका रूपमा रहेका छन् । यी पात्रहरूमध्ये मानसिंह प्रमुख, पुरुष, वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा मानसिंहकी, श्रीमती सहायक, स्त्री वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा उसका सन्तान, साथीभाइ तथा शुभचिन्तकहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.१५.३ परिवेश

यस लघुकथामा स्वार्थी सामाजिक परिवेश रहेको पाइन्छ । यसमा अस्पतालको परिवेश, मानसिंहको कोठाको परिवेश रहेको पाइन्छ । जस्तै :

अस्पतालको गह्ुंगे प्रेस्क्रिप्सनले आाधिबेहरी घरभित्रै निम्त्यायो । आर्जन पाएकी थिइन् भने बहालमा बस्नको लागि लिइएको कोठामा बोराभित्र कोचिएका अनगिन्ती पुस्तक र पत्रपत्रिका मात्र । (पृ.३२)

यसमा दुःखद परिस्थिति छ । मानसिंहको मृत्युले परिवारमा अपूरणीय क्षति तथा दुःखद परिस्थिति निम्त्याएको देखिन्छ ।

### ४.१५.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.१५.५ भाषाशैली

यस लघुकथामा न्यूनवेतनी, पुस्तक, श्रद्धाञ्जलि, प्रार्थना, क्षति, अपूरणीय र दृढ जस्ता तत्सम शब्दका साथै प्रेस्क्रिप्सन, परवाह, अस्पताल जस्ता आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ भने र, भने, तथा, पनि, तर जस्ता संयोजक, न, त जस्ता निपात, उनी, उनको, उनीहरू र उनले जस्ता सर्वनामका साथै अल्पविराम, पूर्णविराम, विसर्ग, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ।

### ४.१५.६ उद्देश्य

यस लघुकथामा गरिबले बरु सहयोग गर्ने तर धनीले पटक्कै सहयोग नगर्ने प्रवृत्तिको चित्रण गर्दै हाम्रो देशमा बाचुञ्जेल दुःखमा सहयोग नगर्ने मरेपछि मात्र गुणगान र सम्मान गर्ने परिपाटीप्रति तीव्र व्यङ्ग्य गर्ने उद्देश्य रहेको पाइन्छ ।

### ४.१५.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने मानसिंह, श्रीमती, साथीभाइ, सन्तान, शुभचिन्तक जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी, उनको, तिनीहरू र उनले जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१६ ऀकर्तव्य' लघुकथाको अध्ययन

ऀकर्तव्य' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत पन्ध्रौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल फागुन तीन गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, बाइस वाक्य र एकसय एकानब्बे शब्द रहेका  छन् ।

### ४.१६.१ विषयवस्तु र कथानक

यस लघुकथामा प्रजातन्त्रको सामाजिक विषयवस्तु रहेको छ । देशमा प्रजातन्त्र ल्याउन विद्यार्थी आन्दोलनमा लागेको गिने खत्रीको छोरालाई धनवीरले यातना शिविरमा हत्या गराएको देखाएर प्रजातन्त्रका नाममा धेरै जनताको हत्या भएको र जसले हत्या गराउाछ उसैले सहिद दिवसका दिनमा सहिदका फोटोमा माला लगाउादै नक्कली आासु झार्ने गरेको घटनालाई यस लघुकथाको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको देखिन्छ । आफ्नै उजुरीले प्रहरीद्वारा मारिएको गिने खत्रीको छोराको सम्झनामा छेपारे दुर्जन धनवीरले खुल्ला समारोहमा सहिदको रूपमा चुहाएको गोहीको आासु यसमा रहेको पाइन्छ (गोर्खाली, २०५७:१०) । दुर्जन व्यक्तिहरू नै सत्तामा पुगी सोझा जनतामाथि रजाइा गर्ने र भलाद्मीको मखुण्डो लगाएर हिाड्ने गरेको यथार्थको चित्रण यसमा गरिएको छ । यसमा प्रजातन्त्रको नाममा सोझा जनतालाई सहिद बनाउने घृणित खेललाई उदाङ्गो पारिएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमशः भएकोले यसमा रैखिक कथानक ढाांचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.१६.२ पात्र र चरित्र

यस लघुकथामा धनवीर, गिने खत्री, खत्रीको छोरो, धनवीरको नोकर मने, भूषण र बस्तीका मानिस पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये धनवीर प्रमुख, पुरुष, मञ्चीय, बद्ध, प्रतिकूल र गतिहीन पात्र हो । यसमा गिने खत्री, उसको छोरो मने र बस्तीका मानिस गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.१६.३ परिवेश

यस लघुकथामा प्रजातन्त्रको अवस्थाको सामाजिक परिवेश रहेको पाइन्छ । यसमा विद्यार्थी आन्दोलन, यातना शिविर र हत्याको परिवेश पनि रहेको पाइन्छ । जस्तै :

देशमा प्रजातन्त्र ल्याउन विद्यार्थी आन्दोलनमा लागे वापत धनवीरको उक्साहटमा यातना शिविरमा उसको हत्या भएको थियो । (पृ.३३) यसमा बस्तीको चौतारीको चित्रण पनि रहेको पाइन्छ ।

**४.१६.४ संवाद**

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

**४.१६.५ भाषाशैली**

यस लघुकथामा क्षण, आज्ञा, माल्यार्पण, हत्या, प्रसन्न र मौनधारण जस्ता तत्सम साथै फ्रेम, फोटो, तस्वीर र वापत जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ भने र, अनि, तर जस्ता संयोजक, उनी, उनका, ऊ र ती जस्ता सर्वनाम, नै जस्तो निपात, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त, विसर्ग र चन्द्रविन्दु जस्ता चिह्को प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

**४.१६.६ उद्देश्य**

समाजमा भलाद्मी बनेर बस्ने, छेपारोको झैं रूप परिवर्तन गर्ने र गोहीको झैं नक्कली आासु झार्ने व्यक्तिहरूको यथार्थ चित्रण गर्दै त्यस्ताप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

**४.१६.६ दृष्टिविन्दु**

यस लघुकथामा तृतीय पुरुष बुझाउने धनवीर, गिने खत्री, मने, भूषण आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी, उनका, ऊ र ती जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

**४.१७ ‘परिचय’ लघुकथाको अध्ययन**

‘परिचय’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत सोह्रौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल माघ १० गते भएको पाइन्छ । यसमा छ अनुच्छेद, एक्काइस वाक्य र एकसय बयानब्बे शब्द रहेका छन् ।

#### ४.१७.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक तथा राजनैतिक रहेको पाइन्छ । यसमा एउटै व्यक्तिलाई पनि विभिन्न राजनैतिक समूहरूले कहिले कुन समूहको त कहिले कुन समूहको हो भनेर परिचय दिएको घटना नै विषयवस्तुका रूपमा प्रस्तुत भएको पाइन्छ । यसमा नायक रमेशलाई राजनैतिक पार्टीहरूले क समूहको कार्यक्रममा बस्दा ख समूहले घृणा गर्ने, ख समूहको कार्यक्रममा बस्दा क समूहले घृणा गर्ने तथा तेस्रो ग समूहको कार्यक्रममा बस्दा क र ख समूहले घृणा गरी मन नपराएको र अर्काको समूहको मान्छे भन्ने परिचय दिएको तर रमेशले आफ्नो परिचयदेखि असन्तुष्ट भई मान्छेका अविभाजित परिभाषा पहिल्याउन चाहेको, मान्छे केवल मान्छे हो भन्ने विचार राखेको घटनालाई देखाएको पाइन्छ । यसमा मान्छेले आफ्नो वास्तविक पहिचान पाउन नसकेको यथार्थताको चित्रण गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र चरित्र प्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा क्रमशः भएकोले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

#### ४.१७.२ पात्र र चरित्र

यस लघुकथामा रमेश, क समूह, ख समूह, ग समूह र कार्यक्रममा आसीन वक्ताहरू नै पात्रका रूपमा रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये रमेश प्रमुख, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिशील  पात्र हो । यसमा क समूह, ख समूह र ग समूह सहायक, मञ्चीय, बद्ध, गतिहीन र प्रतिकूल पात्र हुन् । यसमा कार्यक्रममा आसीन वक्ताहरू गौण, नेपथ्य, गतिहीन र अनुकूल पात्र हुन् ।

#### ४.१७.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक र राजनैतिक परिवेश रहेको पाइन्छ । गोष्ठी र जुलुसको परिवेश, निर्वाचन र मतदानको परिवेश  पनि रहेको पाइन्छ । जस्तै :

'क' समूहले रमेशको गाउँमा कार्यक्रम राख्यो । अन्त्यमा प्रदर्शन गरिएको जुलुसमा सहभागी भयो । यहाँसम्म कि गत निर्वाचनमा समेत मतदान गरेन । (पृ.३४)

#### ४.१७.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाँ संवादको प्रयोग भएको पाइदैंन ।

#### ४.१७.५ भाषाशैली

यस लघुकथामा पत्र, श्रोता, भव्य, मत र आसीन जस्ता तत्सम शब्द, जुलुस, सामेल र नजर जस्ता आगन्तुक शब्दका साथै हात जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा ऊ, त्यो, तिनीहरू, उसलाई, उसकै, उसले, आफू, जस्ता सर्वनाम, र, पनि, तर, कि जस्ता संयोजक, त, नै जस्ता निपात, पूर्णविराम, अल्पविराम, प्रश्नचिन्ह र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१७.६ उद्देश्य

यस लघुकथामा मान्छेको वास्तविक परिचय दिनानुदिन हराउदै गइरहेकाले मान्छेले आफ्नो वास्तविक परिचय खोज्नुपर्छ भन्ने सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.१७.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने रमेश, क समूह, ख समूह र ग समूह जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, त्यो, यो, तिनीहरू, उसलाई, उसले जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.१८ ‘पाटो’ लघुकथाको अध्ययन

‘पाटो’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत सत्रौा लघुकथा हो । यसको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल फागुन १२ गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, चौध वाक्य र एकसय चवालीस शब्द रहेका छन् ।

### ४.१८.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । समाजमा यथार्थ कुरा गर्ने व्यक्तिले परिवार र समाजदेखि पाएको तिरस्कार र अवहेलनालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । समाजलाई यथार्थको ऐना देखाउने व्यक्तिले पाएको घृणाको पुरस्कारलाई यसमा देखाइएको पाइन्छ । यस लघुकथामा यसको प्रमुख पात्र विनमले सहयोग स्वार्थविहीन हुादैन, आाखा चिम्म पारेर स्वीकार्दै जाने हो भने भड्खालोमा पर्ने निश्चित छ भन्ने भनाइ जमघटमा राख्दा उसले सबैको तिरस्कार पाएको देखाइएको छ । वर्तमान मानिस स्वार्थी बन्दै गइरहेको छ, त्यसैले बिनाकारण कसैले पनि कसैको सहयोग गर्दैन भन्ने कुरा यसमा देखाइएको पाइन्छ । मूर्खलाई ज्ञान पनि विष हुन्छ भने झैं यसमा विनमले भनेका कुरा गाउालेका लागि विष जस्तै भएको देखाएर भलाइ गर्ने जमाना नभएको देखाउन खोजिएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, घटनाप्रधान र जटिल रहेको पाइन्छ । यसको कथानकको विकास विशृङ्खलित रूपमा भएर विगततिर फर्की पूर्वस्मृतिशैलीको भएकोले यसको कथानक ढााचा वृत्ताकारीय रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.१८.२ पात्र र चरित्र

यस लघुकथामा बिनम, उसको परिवार, आफन्त, मित्रजन र गाउालेहरू पात्र रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये बिनम प्रमुख, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा उसको परिवार, आफन्त, मित्रजन र गाउालेहरू गौण, नेपथ्य, मुक्त, प्रतिकूल र गतिशील पात्र हुन् ।

### ४.१८.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । जस्तै :

सहयोग उपलब्ध गराई आन्तरिक चियोचर्चा गर्नेहरू पाखा लागेपछि गाउालेहरूसाग हतासा मात्र बच्यो । (पृ.३५)

### ४.१८.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.१८.५ भाषाशैली

यस लघुकथामा स्वार्थविहीन, मित्रजन, हास्यपात्र, तथापि, बीजाङ्कुरण, आलस्य, बाहु र शून्य जस्ता तत्सम शब्दका साथै वापत हैसियत, गुदी, जागरण, पाखा र नजर जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा र, तर, तथापि, भने, तथा जस्ता संयोजक, यो तिनीहरू र उसैलाई जस्ता सर्वनाम, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त, विसर्ग र चन्द्रविन्दु जस्ता चिह्नको प्रयोग भएको पाइन्छ । यसमा सरल र वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१८.६ उद्देश्य

बिना स्वार्थ कसैले पनि सहयोग गर्दैन र समाजलाई यथार्थताको ऐना देखाउनेहरूले नै समाज र परिवारको घृणा, तिरस्कार र अवहेलनाको पुरस्कार पाउाछन् भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.१८.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने बिनम, गाउाले, उसको परिवार, आफन्त, मित्रजन जस्ता नाम तथा त्यससाग सम्बन्धित तिनीहरू उसैलाई, उसले र उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.१९ 'विगत-वर्तमान' लघुकथाको अध्ययन

'विगत-वर्तमान' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत अठारौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४९ साल असोज १३ गते भएको पाइन्छ । यसमा पााच अनुच्छेद, पच्चीस वाक्य र दुईसय चवालीस शब्द रहेका छन् ।

### ४.१९.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । आफ्ना पुर्खाले गरेको काम खोलाको बगरमा वर्षको नौ महिना बसेर बालुवा झिकी बेच्न विवश काले गुरुङ जस्ता अन्य गरिब नेपालीले पाएका दुःखलाई यस लघुकथाको विषयवस्तु बनाइएको देखिन्छ । आफ्नो र परिवारको हातमुख जोर्नका लागि गरिबहरू आफ्ना परिवारदेखि वर्षको नौ महिना टाढा रहेर खोलाको बगर कुर्न बाध्य भएको घटनालाई यस लघुकथामा देखाइएको पाइन्छ । यसमा घामपानी, हावाहुरी, सन्चो विसन्चो, मनोरञ्जन, हाासखेल, घुमफिर भन्ने कुरा गरिबका लागि टाढाको विषय बनेको कुरा देखाइएको पाइन्छ । यसमा नेपालका गरिब तथा निम्नवर्गीय जनताको दयनीय अवस्थालाई यस लघुकथाको प्रमुख पात्र काले गुरुङ्को माध्यमबाट देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलित रूपमा क्रमशः भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.१९.२ पात्र र चरित्र

यस लघुकथामा काले गुरुङ, उसकी श्रीमती डल्ली, सन्तान, उसका दर्जनौा सहकर्मीहरू र साहू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये काले गुरुङ प्रमुख पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो। यसमा उसका दर्जनौा सहकर्मीहरू सहायक, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् । यसमा उसकी श्रीमती डल्ली गौण, स्त्री, नेपथ्य, मुक्त र अनुकूल पात्र हो । त्यस्तैगरी साहू पनि गौण, पुरुष, नेपथ्य र मुक्त पात्र हो ।

### ४.१९.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । यसमा राम्दी खोलाको बगरको परिवेश पनि रहेको पाइन्छ भने बिहानी, रात, दसैं, तिहार, असारदेखि भदौसम्म, बाढी, जाडो, गर्मी, खोला, नदी, हावाहुरीको परिवेश पनि रहेको पाइन्छ ।

### ४.१९.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.१९.५ भाषाशैली

यस लघुकथामा पूर्वप्रहर, ऋण, दाहसंस्कार, मृत, जीवजन्तु, सुन्दर, जीवन, कल्पना, ज्वलनशील, वैमनस्यता, अनुशरण र उर्वर जस्ता तत्सम शब्दका साथै सदियौा, हमेसा, सदाबहार जस्ता आगन्तुक शब्द, रात, आासु र मसानघाट जस्ता तद्भव शब्दको प्रयोग पनि भएको  पाइन्छ । यसमा र, पनि, तर, अनि जस्ता संयोजक, नै, त जस्ता निपात, आफू, ऊ, त्यो र उनीहरू जस्ता सर्वनाम, पूर्णविराम, अल्पविराम, विसर्ग, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पनि पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ४.१९.६ उद्देश्य

दुई छाक टार्न अथवा दुईहात जोर्नका लागि गरिब नेपालीहरूले गर्नुपरेको र भोग्नुपरेको दुःख र पीडाको उद्घाटन गरी अब सरकारले गरिबहरूका लागि आवश्यक सहयोग गर्नुपर्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको देखिन्छ ।

### ४.१९.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने काले गुरुङ, डल्ली, साहू आदि नाम तथा त्यससाग सम्बन्धित ऊ, त्यो, उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२० ‘भोक’ लघुकथाको अध्ययन

‘भोक’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत उन्नाइसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल फागुन दुई गते भएको पाइन्छ । यसमा चार परिच्छेद, उनन्तीस वाक्य र एकसय सत्तरी शब्द रहेका छन् ।

### ४.२०.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । गरिब मान्छेले पेटको भोक शान्तपार्न मागेर वा अरुको जुठो तथा फालेको खानेकुरा खान विवश हुन्छ भन्ने कुरालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । भोक मीठो कि भोजन मीठो भने झैं एउटै खाना पनि धनीका लागि नमीठो हुन्छ भने गरिबका लागि मीठो हुन्छ भन्ने कुरालाई यसमा देखाइएको पाइन्छ । यस लघुकथामा भोक कस्तो हुन्छ भन्ने कुरा देखाउदै भोक लागेपछि लाजसरम सबै पचाएर मागेर खान पनि सकिन्छ भन्ने कुरालाई देखाइएको पाइन्छ । धनीहरूले केटाकेटीले छाडेको र बढी भएको खानेकुरा कुकुरलाई पनि नदिने बरु लगेर फालिदिने गरेको घटनालाई यसमा यथार्थ रूपमा देखाइएको छ ।

यस लघुकथाको कथानक, सङ्क्षिप्त, जटिल र घटनाप्रधान रहेको छ । यसको कथानकको विकास विशृङ्खलित रूपमा अगाडि बढी नायक विगततिर पूर्वस्मृतिमा गएकोले यसमा वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.२०.२ पात्र र चरित्र

यस लघुकथामा माग्ने युवक, ऊ, उसकी श्रीमती, छोराछोरी, बुवाआमा, भान्छे केटा र टमी कुकुर नै पात्रका रूपमा रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये माग्ने युवक मुख्य, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा ऊ पात्र सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा उसकी श्रीमती,गौण, स्त्री, वयस्क, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हो । ऊ पात्रका छोराछोरी गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । ऊ पात्रका बुवाआमा, गौण, बृद्ध, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । यसमा भान्छे केटा गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । यसमा टमी गौण, मानवेतर, नेपथ्य, मुक्त पात्र हो ।

### ४.२०.३ परिवेश

यस लघुकथामा सहरिया र गाउाले दुवै परिवेश रहेको पाइन्छ । यसमा प्रस·मा विदेश, पहाड र कलेजको परिवेश पनि आएको पाइन्छ । जस्तै :

पहाडको सामान्य निम्नमध्यम वर्गीय परिवारमा दुःखैले शिक्षा आर्जन गऱ्यो । कलेजमा सर्वोत्कृष्ट छानियो । विदेश जाने अवसर मिल्यो । (पृ.३७)

### ४.२०.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.२०.५ भाषाशैली

यस लघुकथामा अश्रु, नयन, कल्याण, आत्मा, समुन्द्र, अशक्त, कल्याण, मौन, आत्मसात्, अनुकूल, अश्रुपूरित, सर्वोत्कृष्ट, विवाह र प्राण जस्ता तत्सम शब्द, तस्वीर, कन्टेनर र कलेज जस्ता आगन्तुक शब्दका साथै आासु, हात र रात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, विसर्ग, प्रश्नचिह्न, हलन्त र चन्द्रविन्दु जस्ता चिह्नको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको पाइन्छ ।

### ४.२०.६ उद्देश्य

पेटको भोक शान्तपार्न गरिबहरू अरूले फालेको जुठो खान बाध्य हुन्छन् र जुनखाना धनीका लागि नमीठो हुन्छ त्यही खाना गरिबका लागि मीठो हुन्छ भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.२०.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने माग्ने युवक, ऊ, हामी, टमी, भान्छेकेटो आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित त्यो, ऊ, उनीहरू, उसका, हजूर जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२१ 'अनुभूति' लघुकथाको अध्ययन

'अनुभूति' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत बिसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल

असोज एक गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, उन्नाइस वाक्य र एकसय अन्ठाउन्न शब्द रहेका छन् ।

### ४.२१.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । यस लघुकथामा एउटी गरिब नारीले आफ्नो स्वतन्त्रताको लागि कदम चालेपनि कुनै उपलब्धि नभएको घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । यसमा निर्मली नामक पात्रले राम्रो भविष्यको कल्पनामै आफ्नो गाउा छाडी नयाा गाउामा गएकी छ, तर त्यहाा पनि उसले केही नयाा पाउन नसकेकाले नयाा गाउा पनि पुरानो गाउा जस्तै भएको घटनालाई देखाइएको पाइन्छ । गरिबहरू राम्रो भविष्यको आशामा आफ्नो गाउा छाडी नयाा गाउामा गए पनि उनीहरूको आसा आशामै मात्र सीमित भएको यथार्थताको चित्रण यसमा गरिएको छ । यसमा एउटी गरिब र त्यसमाथि पनि नारी भएकाले जहाा गए पनि दुःख बाहेक केही नपाएको कुराको यथार्थ चित्रण गरिएको छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र चरित्रप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमशः विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.२१.२ पात्र र चरित्र

यस लघुकथामा निर्मली, उसका परिवार र पन्छीहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका पात्रहरूमध्ये निर्मली प्रमुख, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिशील पात्र हो । यसमा उसका परिवार गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् भने पन्छीहरू प्रस·वश आएका मानवेतर गौण पात्र हुन् ।

### ४.२१.३ परिवेश

यस लघुकथामा ग्रमीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा प्रस·मा नीलो आकाश, पाहारिलो घामको परिवेश पनि आएको पाइन्छ ।

### ४.२१.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी छैन । त्यसैले यहाा संवादको प्रयोग भएको पाइदैंन ।

### ४.२१.५ भाषाशैली

यस लघुकथामा तन, मन, अर्पित, नारी, रमणीय, सङ्कल्प, सुरम्य, पूर्वी, अधिक, निर्बाध र मूर्तरूप जस्ता तत्सम शब्दका साथै नजर, निबटरा, बहार र धरती जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा ऊ, उसको जस्ता सर्वनाम, अनि, पनि, र, तर जस्ता संयोजक, पूर्णविराम, अल्पविराम, विसर्ग, दोहोरो उद्धरण र चन्द्रविन्दु जस्ता चिह्नको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ४.२१.६ उद्देश्य

यस लघुकथामा गरिबका लागि जहाा गए पनि उस्तै दुःख र पीडा हुन्छ भन्ने देखाइएको छ । यही नै यसको उद्देश्य हो ।

### ४.२१.७ दृष्टिविन्दु

यस लघुकथामा निर्मली, पन्छीहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२२ 'यथार्थ' लघुकथाको अध्ययन

'यथार्थ' लघुकथा नवराज रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत एक्काइसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०५२ भदौ २४ गते भएको देखिन्छ । यस लघुकथामा पााच परिच्छेद, चौध वाक्य र एकसय चौसट्ठी शब्द रहेका छन् ।

### ४.२२.१विषयवस्तु र कथानक

'यथार्थ' लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । समाजमा बढ्दै गइरहेको हत्याहिंसा तथा त्यसप्रति आलोचना गर्ने तर काम त्यस अनुसार नगर्ने विभिन्न सङ्घसंस्थाहरूको स्वार्थी प्रवृत्तिलाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यसकारण यसमा सामाजिक विषयवस्तु रहेको छ भन्न सकिन्छ । महिला हकहितका कुरा गर्ने तर एउटी महिलाको लासको दाहसंस्कारसम्म नगर्ने तथा उसको हत्यारालाई पत्ता लगाई कारवाही गर्न नसक्ने मानवीय प्रवृत्तिलाई यस लघुकथामा देखाइएको छ । एउटी गरिब महिलाको लास लामो समयसम्म अस्पतालको मुर्दा घरमा बेवारिसे रहेपछि स्थानीय

नगरपालिकाले सो लासको दाहसंस्कार गरेको घटना यस लघुकथामा देखाएर हाम्रै समाजमा घट्ने यस्ता घटनाको उद्घाटन गरी यस्ता स्वार्थी समाजप्रति तीखो व्यङ्ग्यवाण हान्ने काम यसमा भएको पाइन्छ । यसमा आफ्नो स्वार्थका लागि, नामको लागि मात्रै आदर्श, यथार्थ र नैतिकताको कुरा गर्ने तर काम भने त्यसको विपरीत गर्ने सङ्घसंस्थाहरूको चित्रण गरिएको छ ।

यस लघुकथामा सङ्क्षिप्त कथानक रहेको छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । त्यसैले यसमा रैखिक कथानक ढाचाको प्रयोग भएको पाइन्छ । यो लघुकथा भएकोले यसमा एउटा मात्र र सरल कथानक रहेको छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ भने यसमा घटनाप्रधान कथानक रहेको छ ।

### ४.२२.२ पात्र र चरित्र

यस लघुकथामा माग्ने बूढी, बटुवाहरू, पसले, घरवालाहरू, महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्थाहरू र स्थानीय नगरपालिका जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये भूमिकाका आधारमा माग्ने बूढी मुख्यपात्र हो, स्थानीय नगरपालिका र महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्था सहायक पात्र र पसले, घरवाला र बटुवाहरू गौण पात्र हुन् । लिङ्का आधारमा माग्ने बूढी महिला पात्र हो । मञ्चीयताको आधारमा स्थानीय नगरपालिका, महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्थाहरू मञ्चीय पात्र हुन् भने माग्ने बूढी, बटुवाहरू, घरवालाहरू र पसले नेपथ्य पात्र हुन् । आबद्धताका आधारमा माग्ने बूढी, स्थानीय नगरपालिका र महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्था बद्ध पात्र हुन् भने पसले, घरवालाहरू र बटुवाहरू मुक्त पात्र हुन् । माग्ने बूढी, स्थानीय नगरपालिका अनुकूल पात्र हुन् भने महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्थाहरू प्रतिकूल पात्र हुन् । माग्ने बूढी, स्थानीय नगरपालिका, पसले, घरवालाहरू, बटुवाहरू गतिहीन पात्र हुन् । महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्था गतिशील पात्र हुन् । माग्ने बूढी अन्तर्मुखी स्वभाव भएकी चरित्र हो भने महिलाका पक्षमा काम गर्ने समूह तथा सङ्घसंस्थाहरू बहिर्मुखी चरित्र भएका पात्र हुन् ।

### ४.२२.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश रहेको छ । यसमा सहरको कुनै ठाउाको स्थानीय नगरपालिका, सहरको अतिव्यस्त सडक र अस्पतालको स्थानिक परिवेशका साथै केही वर्षको कालिक परिवेश पनि रहेको पाइन्छ । यस लघुकथामा सहरिया परिवेशको प्रयोग भएको पाइन्छ । जस्तै : बिहानै सहरको अतिव्यस्त सडकमा एउटा लास देखियो । (पृ.३९)

यहाा अति व्यस्त सडकले सहरिया परिवेश बुझाएको छ ।

### ४.२२.४ संवाद

यस लघुकथामा आएका पात्रहरूका बीचमा कुराकानी नभएकोले यसमा संवादको प्रयोग भएको पाइादैंन ।

### ४.२२.५ भाषाशैली

यस लघुकथामा हत्या, अनभिज्ञ, अभिमत र दाहसंस्कार जस्ता तत्सम शब्द, लास, पोष्टमार्टम, रिपोर्ट, जोहर, मूर्दाघर र बेवारिस जस्ता आगन्तुक शब्द र ओठ जस्तो तद्भव शब्दको प्रयोग भएको पाइन्छ । यसमा ऊ र त्यो जस्ता सर्वनाम, पूर्णविराम, अल्पविराम, हलन्त, चन्द्रविन्दु र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग भएका छन् । त्यसका साथै र, तर, पनि जस्ता संयोजक, त जस्तो निपातको पनि प्रयोग भएको पाइन्छ । यस लघुकथामा सरल, वर्णनात्मक र व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२२.६ उद्देश्य

हाम्रै समाजका त्यस्ता व्यक्तिको कुरा एकातिर गर्ने र काम अर्कोतिर गर्ने मानवीय स्वार्थी प्रवृत्तिको यथार्थ चित्रण गर्दै त्यसप्रति व्यङ्ग्य गर्नु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.२२.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीयपुरुष बुझाउने माग्ने बूढी, बटुवाहरू, पसले, घरवालाहरू, सङ्घसंस्थाहरू र समूह जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, त्यो जस्ता सर्वनामको प्रयोग भएकोले यसमा  तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२३ ‘दीर्घरोग’ लघुकथाको अध्ययन

‘दीर्घरोग’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत बाइसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०५१ साल माघ २९ गते भएको देखिन्छ । यस लघुकथाको विषयवस्तुलाई चार अनुच्छेद तेइस वाक्य र एकसय चौरानब्बे शब्दमा संरचित गरिएको छ ।

### ४.२३.१ विषयवस्तु र कथानक

यस लघुकथाको कथावस्तु सामाजिक रहेको छ । गरिबी समस्या नेपालीका लागि एउटा जटिल र दीर्घरोग भएको यथार्थ सामाजिक घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको  छ । यसमा एकजना ‘ऊ’ पात्रको दीर्घरोगको कारणले उसका पूर्खा मरेका, स्वास्नी र तीनजना सन्तान समेत मरेको देखाएर दीर्घरोग भनेको गरिबी हो, जसले गर्दा राम्रो छाना, नाना र खाना नपाएका कारणले मान्छे पूर्खौदेखि दीर्घरोगको सिकार भएर

छटपटाई-छटपटाई मर्न बाध्य भएको घटनालाई देखाइएको पाइन्छ । केही नहुनेहरूका लागि खान नपाई भोकभोकै मर्नुपर्ने बाध्यतालाई यस लघुकथामा देखाइएको छ । यसमा एकजना गरिब नेपालीका दीर्घरोगको कारणले आफ्ना आफन्तहरू गुमाउनुपर्दाको पीडालाई देखाइएको छ ।

यस लघुकथाको 'ऊ' पात्र विगततिर फर्केर सम्झेकोले यसको कथानक ढाँचा रैखिक नभई वृत्ताकारीय रहेको छ । यसको कथानकको स्रोत समाज रहेको छ । यस लघुकथाको कथानक सङ्क्षिप्त र घटनाप्रधान रहेको छ । यस लघुकथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छैन । यसमा पूर्वस्मृति शैली रहेको छ । यसको कथानक दुःखान्तक रहेको पाइन्छ ।

### ४.२३.२ पात्र र चरित्र

यस लघुकथामा 'ऊ', उसका पुर्खा, स्वास्नी, सन्तान र डाक्टर जस्ता पात्रहरू रहेका छन् । यसमा ऊ पात्र प्रमुख, पुरुष, प्रौढ, मञ्चीय, वद्ध, अनुकूल, गतिहीन र बहिर्मुखी पात्र हो । डाक्टर सहायक, पुरुष, प्रौढ, मञ्चीय, वद्ध, अनुकूल र गतिहीन पात्र हो । भने ऊ पात्रकी स्वास्नी गौण, स्त्री, प्रौढ, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । उसका सन्तान गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । ऊ पात्रका पूर्खा गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.२३.३ परिवेश

यस लघुकथामा गरिबीले ग्रस्त नेपाली सामाजिक परिवेश रहेको पाइन्छ । यसमा महल, डाक्टर र विशेषज्ञ जस्ता कुराहरू आएकाले सहरिया परिवेश रहेको छ भन्न सकिन्छ ।

### ४.२३.४ संवाद

यस लघुकथामा 'ऊ' पात्र र डाक्टरका बीचमा कुराकानी भएकोले संवाद रहेको छ । जस्तै : "प्रस्ट भन्नुस्, के हो तपाईंको रोग ? मैले बुझ्न सकिन । कसरी जान्नु के थियो पूर्ख्यौली रोग" डाक्टरले उसलाई उठाउँदै सोधे । उसले पुनः आँसु खसाउँदै भन्यो- "डाक्टर साहेब अझै बुझ्न सक्नुभएन ? म दीर्घरोगी हुँ । पितादेखि सन्तानसम्म मैले असमयमै गुमाएकाहरू जम्मै गरिबी रोगका शिकार भएका हुन् । यदि सक्नुहुन्छ भने त्यसको निदान गरिपाऊँ ।" (पृ.४०) यसरी यस कथामा संवादको प्रयोग भएको पाइन्छ ।

### ४.२३.५ भाषाशैली

यस लघुकथामा पिता, प्रवेश, श्रेयस्कर, दीर्घरोगी, अतीत, देहान्त र निदान जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसका साथै साइनबोर्ड, महल, डाक्टर, दर्ज र ताकि जस्ता आगन्तुक शब्द तथा आासु जस्तो तद्भव शब्दको प्रयोग पनि यस लघुकथामा भएको पाइन्छ । यसमा ऊ, उसको, आफू र म जस्ता सर्वनाम, पूर्णविराम, अल्पविराम, विसर्ग, दोहोरो उद्धरण, प्रश्नचिह्न र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पनि पाइन्छ । त्यसैगरी र, पनि, अनि, भने र यदि जस्ता संयोजकको प्रयोग भएको पनि पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२३.६ उद्देश्य

दीर्घरोग भनेको गरिबी हो जसबाट धेरै नेपाली ग्रसित छन् । यस्ता दीर्घरोगबाट आफ्ना परिवार गुमाउन जस्ता पीडा सहन बाध्य छन् । त्यसैले यस रोगको निदान चााडैभन्दा चााडै गर्नुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.२३.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने ऊ, डाक्टर, स्वास्नी, सन्तान र पुर्खा जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२४ ॅसहिदपुत्र' लघुकथाको अध्ययन

ॅसहिद पुत्र' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत तेइसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०५१ साल भदौ ११ गते भएको देखिन्छ । यसमा चार अनुच्छेद, नौ वाक्य र एकसय अठार शब्द रहका छन् ।

### ४.२४.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक र राजनैतिक विषयवस्तु रहेको पाइन्छ । सहिद दिवसका दिन नेताले आदर्श, नैतिकता र सहिदका परिवारका हकहितका कुरामात्र गर्ने तर वास्तविकतामा त्यस्ता कुनै काम नगरेको राजनैतिक घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको देखिन्छ । सहिदका परिवारले आफ्ना मान्छे गुमाउनु पर्दाको पीडा र सहिदका परिवारले कुनै पनि किसिमको राहत नपाएको घटनालाई यसमा देखाइएको छ । सहिदका छोराछोरी अशिक्षा, भोक, प्यास, अभाव र दरिद्रता सहेर बस्न बाध्य भएको कुरालाई यस लघुकथामा देखाइएको छ । देश र जनताका लागि आफ्नो जीवन समर्पण गर्ने वलिदानी

सहिदका परिवार र छोराछोरीले उचित मान-सम्मान र कुनै पनि किसिमको सुविधा नपाउने गरेको यथार्थतालाई यसमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेकाले यसको कथानक ढाँचा रैखिक रहेको देखिन्छ । यस लघुकथाको कथानक सरल र वर्णनात्मक रहेको छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.२४.२ पात्र र चरित्र

यस लघुकथामा अतुल, अविचल, स्थानीय युवासमाज र श्रोताहरू जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये अविचल प्रमुख, पुरुष, बाल, मञ्चीय, अनुकूल, गतिहीन र अन्तरमुखी पात्र हो । यसमा अतुल सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, प्रतिकूल, गतिहीन र बहिर्मुखी पात्र हो । स्थानीय युवा समाज र स्रोताहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन ।

### ४.२४.३ परिवेश

यस लघुकथामा सामाजिक र राजनैतिक परिवेश रहेको पाइन्छ । यसमा स्थानीय युवा समाज, सभास्थलको स्थानिक परिवेश, अभाव, अशिक्षा, भोक, प्यास, अभाव र दरिद्रताको परिवेश रहेको छ । यसमा अविचलको मानसिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.२४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुराकानी भएको पाइदैंन । त्यसैले यसमा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.२४.५ भाषाशैली

यस लघुकथामा धैर्यधारण, श्रृद्धाञ्जलि, मन्तव्य, सभास्थल, श्रोता, आगमन, प्रकट, ज्ञान, शून्य र पुत्र जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ भने जुलुस जस्तो आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा पूर्णविराम, दोहोरो उद्धरण, अल्पविराम, हलन्त, प्रश्नचिह्न, विष्मयादिबोधक चिह्न र विसर्ग जस्ता चिह्न प्रयोगका साथै र, पनि, तर जस्ता संयोजक, त र नि जस्ता निपात र उनी सर्वनामको प्रयोग भएको छ । यसमा वर्णनात्मक सरल शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.२४.६ उद्‌देश्य

देश र जनताका लागि सहिद बन्नेका परिवारले केवल झुटो आश्वासन मात्र पाएका, अशिक्षा, भोक, प्यास, अभाव र दरिद्रता सहनुपरेको तथा उनीहरूका लागि सुनौलो बिहानी कहिल्यै नआएको यथार्थ प्रकट गर्नु यस लघुकथाको उद्‌देश्य रहेको देखिन्छ ।

## २.२४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने अतुल, अविचल, श्रोता, स्थानीय युवा समाज जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी जस्ता सर्वनामको प्रयोग भएकाले तृतीयपुरुष वा बाह्‌य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२५ ‘मानवता’ लघुकथाको अध्ययन

‘मानवता’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चौबीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५१ साल माघ १७ गते भएको पाइन्छ । यस लघुकथाको कथानकलाई पााच अनुच्छेद पच्चीस वाक्य र दुईसय एक शब्दमा संरचित गरिएको पाइन्छ ।

## ४.२५.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा एउटी नारीले यो समाजमा आफ्नो अस्मिता जोगाउन गाह्रो पर्ने घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । यसमा समाजका भद्रभलाद्‌मीको मुकुन्डो लगाएर हिाड्‌ने व्यभिचारी, दुराचारीहरूको यथार्थ चित्रण गरिएको पाइन्छ र छोरी जस्तो पवित्र सम्बोधन गरेर पनि अस्मिता लुट्‌ने पतित, घृणित र भ्रष्ट चरित्र भएका व्यक्तिहरूको पर्दाफास गर्दै त्यस्ताप्रति व्यङ्ग्य गरिएको छ । यस स्वार्थी समाजमा एक्ली महिला बााच्न गाह्रो हुने यथार्थलाई यसमा देखाइएको पाइन्छ । मान्छेमा दिनप्रतिदिन मानवता हराउादै गई मान्छे स्वार्थी, लोभी र दुराचारी बन्दै गइरहेको यथार्थताको चित्रण यसमा भएको पाइन्छ ।

यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेकोले यसको कथानक ढााचा रैखिक रहेको देखिन्छ । यसको कथानक सङ्क्षिप्त रहेको छ । यसमा दुःखान्तक कथानक रहेको छ । यसमा घटना प्रधान कथानक रहेको छ भने यस लघुकथाको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

## ४.२५.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, पसले, म पात्र, ऊ, पात्रको श्रीमान्, नरपशुहरू र रक्स्याहाहरू पात्रहरू रहेका छन् । यस लघुकथाका पात्रहरूमध्ये ‘ऊ’ पात्र प्रमुख, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । म पात्र सहायक, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । ‘ऊ’ पात्रको श्रीमान गौण, पुरुष, वयस्क, मुक्त, अनुकूल र गतिहीन पात्र हो । पसले, नरपशुहरू र रक्स्याहाहरू गौण, नेपथ्य, मुक्त, प्रतिकूल र गतिशील पात्र हुन ।

### ४.२५.३ परिवेश

यस लघुकथामा मुख्य रूपमा सहरिया परिवेश र प्रसंगवश गाउाले परिवेश आएको पाइन्छ । यसमा अस्पताल, रक्सी पसल जस्ता स्थानीय परिवेश र तीन हप्ताको कालिक परिवेश रहेको पाइन्छ । यसमा विस·त वातावरणीय परिवेश पनि रहेको पाइन्छ ।

### ४.२५.४ संवाद

यस लघुकथामा ऊ पात्र र म पात्रका बीचमा संवाद रहेको पाइन्छ ।

### ४.२५.५ भाषाशैली

यस लघुकथामा नर, आशङ्का, शिर, भयभीत, नरपशु, प्रहर, अधिकांश, सुरापान, विश्वस्त, आश्वस्त र अनभिज्ञ जस्ता तत्सम शब्दको प्रयोग भएको छ । यसका साथै पसल र बेवारिस जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त, विस्मय चिह्न र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । त्यसैगरी ऊ, हामीहरू, त्यो, उसले र म जस्ता सर्वनाम, र, पनि तथापि, तर जस्ता संयोजक, त र नै जस्ता निपातको प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक, सरल, सहज तथा सम्प्रेष्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२५.६उद्देश्य

वर्तमान समयमा मानवले आफ्नो मानवता गुमाउादै गई दिनप्रतिदिन नरपशु बन्दै गइरहेको छ भन्ने देखाउनु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.२५.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आइ ऊ पात्रका बारेमा कथावाचन गरेको र त्यससाग सम्बन्धित म, हामी जस्ता सर्वनामको प्रयोग भएकोले यसमा प्रथमपुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२६ ‘धूर्तता’ लघुकथाको अध्ययन

'धूर्तता' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत पच्चीसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचनाकाल २०४८ साल माघ २६ गते रहेको देखिन्छ । यस लघुकथामा तीन अनुच्छेद अठार वाक्य र एकसय छप्पन्न शब्द रहेका छन् ।

### ४.२६.१ विषयवस्तु र कथानक

यस लघुकथामा कारखाना मालिकको धूर्तता, स्वार्थता र कुटनीतिलाई विषयवस्तु बनाइएको पाइन्छ । कारखाना मालिकले कारखानामा काम गर्ने मजदुरहरूमध्ये को-को आफ्नो पक्षमा र को-को विपक्षमा छन् भनी जान्नको लागि आफ्नै मान्छेलाई गुप्त रूपमा मजदुरको नेता बनाइ आफ्ना विपक्षी मजदुरलाई हुल हुज्जत गरेर काममा व्यवधान उत्पन्न गराएको तथा गुटबन्दीमा लागेर उत्पादनमा गम्भीर क्षति पुऱ्याएको जस्ता आरोप लगाएर कामबाट निकाल्ने गरेको धूर्ततापूर्ण घटनालाई यसमा देखाइएको पाइन्छ । यसमा मजदुरको नेता पनि आफै मालिक पनि आफौ बनी मजदुरलाई निष्कासन गरेको धूर्ततालाई पुष्टि गरिएको छ (पोखरेल, २०५८:६३) । उच्च वर्गले निम्नवर्गमाथि गर्ने गरेको अन्याय शोषण र छललाई यसमा यथार्थ रूपमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा अगाडि बढेकोले यसको कथानक ढाचा रैखिक रहेको देखिन्छ । यसमा सङ्क्षिप्त, घटनाप्रधान कथानक रहेको देखिन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको पाइन्छ । यसमा सरल तथा व्यवस्थित कथानक रहेको पाइन्छ ।

### ४.२६.२ पात्र र चरित्र

यस लघुकथामा मजदुरहरू, मालिक, मजदुर नेता र व्यस्थापन समूह जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा प्रयोग भएका यी पात्रहरूमध्ये मजदुर नेता प्रमुख, पुरुष, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हो । मजदुरहरू सहायक, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् । व्यवस्थापन समूह सहायक, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हुन् । भने मालिक गौण, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हो ।

### ४.२६.३ परिवेश

यस लघुकथामा कारखानाको स्थानीय परिवेश रहेको पाइन्छ । त्यस्तैगरी यसमा दुई महिनाको कालिक परिवेश पनि रहेको पाइन्छ । यसमा धूर्ततापूर्ण कुटनैतिक सामाजिक परिवेश रहेको छ ।

### ४.२६.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले संवादको प्रयोग भएको पाइादैंन ।

### ४.२६.५ भाषाशैली

यस लघुकथामा अभूतपूर्व, मूल, पूर्ण, क्षति, ज्ञान, पत्र, निष्काशन, व्यवधान र कार्य जस्ता तत्सम शब्दका साथै ढोका, ताला र कबुल जस्ता आगन्तुक शब्द, काम र हात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा अल्पविराम, पूर्णविराम, दोहोरो उद्धरण, हलन्त र चन्द्रविन्दु जस्ता चिह्नको प्रयोग, तर, र, भने जस्ता संयोजक, त, पो जस्ता निपात र उनी सर्वनामको प्रयोग भएको पाइन्छ । यसमा सरल, वर्णनात्मक र सम्प्रेष्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२६.६ उद्देश्य

गरिब वर्ग आफ्ना विपक्षमा रहेमा विभिन्न आरोपहरू लगाएर कामबाट निकाल्ने धनी वर्गको घृणित र स्वार्थीपनको पर्दाफास गर्नु यस लघुकथाको उद्देश्य रहेको देखिन्छ ।

### ४.२६.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने मजदुर, नेता, मालिक र व्यवस्थापन समूह जस्ता नाम र त्यससाग सम्बन्धित उनी जस्तो सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२७ ‘मतान्तर’ लघुकथाको अध्ययन

‘मतान्तर’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत छब्बीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०५४ साल माघ १९ गते भएको देखिन्छ । यस लघुकथामा पााच अनुच्छेद एक्काइस वाक्य र एकसय अठहत्तर शब्द रहेका छन् ।

### ४.२७.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा आपसी स्वार्थका लागि मान्छे विभाजित भए पनि आवाज फरक भए पनि चाहना, आस्था र विश्वास एउटै रहेको तर बन्धनलाई चुाडालेर निस्कन नसकेको घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । मान्छेले आफ्नो निर्णय आफै गर्न नसकेको, अरुको पछि लागेर आफ्नो अस्तित्व गुमाएको कुरालाई यसमा देखाइएको पाइन्छ । यसमा कसैले यो राम्रो भने उतैतिर लाग्ने अर्कोले त्यो होइन यो राम्रो भने त्यतैतिर लाग्ने मानवीयप्रवृत्तिलाई देखाइएको छ । एउटै कुराका लागि पनि मान्छे विभाजित भई शत्रु बनेको घटना यसमा रहेको पाइन्छ । मान्छेले

सौहार्द्रता, मानवता र भाइचारा भुलेर शत्रुमा अपनाएको यथार्थताको चित्रण यसमा भएको पाइन्छ । मतान्तरमा विभिन्न व्यक्ति र समूहबीच आ–आफ्ना धारणाहरू फरक-फरक रहेको बताइएको छ (पोखरेल, २०५८:६४) ।

यसमा सङ्क्षिप्त कथानक रहेको छ । यसको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अगाडि बढेकोले यसमा रैखिक कथानक ढाचा रहेको पाइन्छ । यसमा सरल र घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानक सुगठित रहेको छ भने यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.२७.२ पात्र र चरित्र

यस लघुकथामा एक, दुई, तीन जस्ता पात्र र गाउाका मानिसहरू पात्रका रूपमा आएका छन् । यस लघुकथामा प्रयोग भएका मानिसहरूमध्ये एक, दुई र तीन पात्र प्रमुख, मञ्चीय बद्ध, गतिशील, प्रतिकूल र बहिर्मुखी पात्र हुन् भने गाउाका मानिसहरू सहायक, मञ्चीय, बद्ध, गतिशील र अनुकूल पात्र हुन ।

### ४.२७.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । यसमा समयको लामो कालखण्डको प्रसंग आएकोले लामो समयको सामयिक परिवेश रहेको पाइन्छ । यसका साथै मान्छे-मान्छेको शत्रु बनी मानवता हराई स्वार्थी बनेको जस्ता स्वार्थी वातावरणीय परिवेशको चित्रण यसमा भएको पाइन्छ ।

### ४.२७.४ संवाद

यसमा पात्रहरूका बीचमा कुराकानी नभएकोले संवादको प्रयोग नभएको पाइन्छ।

### ४.२७.५ भाषाशैली

यस लघुकथामा शिर, मानवता र शत्रु जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसका साथै हरतरह र धड्कन जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, चन्द्रविन्दु, हलन्त र विसर्ग जस्ता चिह्न प्रयोग, पनि, र, तर, अनि, जस्ता संयोजक, उसले, आफु, उनी, तिमी र उनीहरू जस्ता सर्वनामको प्रयोग भएको पनि पाइन्छ । यसमा वर्णनात्मक सरल, सहज तथा सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको छ ।

### ४.२७.६ उद्देश्य

कुरा धेरैको सुन्ने तर निर्णय आफ्नो दिनुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.२७.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने एक, दुई, तीन र गाउाले जस्ता नाम तथा त्यससाग सम्बन्धित तिनी, उनी, तिनीहरू, उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२८ ॅआँट' लघुकथाको अध्ययन

ॅआाट' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत सत्ताइसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल फागुन १५ गते भएको देखिन्छ । यस लघुकथामा दस अनुच्छेद, पच्चीस वाक्य र तीनसय चार शब्द रहेको पाइन्छ ।

### ४.२८.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यस अन्तर्गत बाहिर महिला हकहितका, अधिकार र आन्दोलनका कुरा गर्ने तर घरमा श्रीमान्को दयामाया र स्नेह चाहिन्छ भन्दै श्रीमान् अगाडि विद्रोह गर्न नसक्ने तथा आफ्नो अधिकारको कुरा गर्न आाट गर्न नसक्ने महिलाहरूको यथार्थ प्रवृत्तिलाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । बाहिर घााटी सुकुन्जेल भाषण गर्ने तर घरमा श्रीमान्को सामु चुइाक्क समेत नबोल्ने, डराउने कुरालाई यसमा देखाइएको छ । ॅआाट'मा लोग्नेको अगाडि स्वास्नीले आफ्ना चर्को आवाज निकाल्न नसकेका कुराहरू उल्लेख गरिएको छ (पोखरेल, २०५८:६४) । यसमा दिनभर जम्मा भई महिला अधिकारका कुरा गर्ने, वीरवीराङ्गनाहरूको कुरा गर्ने तर आफू बन्ने योजना नबनाउने, जाागर, हिम्मत, साहस र कर्तव्यको कुरा नगर्ने महिलाहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

यस लघुकथामा सङ्क्षिप्त कथानक रहेको छ । यसमा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेकाले रैखिक कथानक ढााचा रहेको देखिन्छ । यसको कथानक घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज र इतिहास रहेको छ । यसमा सरल र सुगठित कथानक रहेको देखिन्छ ।

### ४.२८.२ पात्र र चरित्र

यस लघुकथामा हेमा, चमेली, सुन्तली, रूपा, चन्द्रा र एउटी महिलाको श्रीमान जस्ता पात्रहरू रहेका छन् । यस लघुकथाका पात्रहरूमध्ये हेमा, चमेली, सुन्तली, रूपा र

चन्द्रा प्रमुख, नारी, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् । भने एउटीको श्रीमान् सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिशील पात्र हो ।

### ४.२८.३ परिवेश

यस लघुकथामा सामाजिक परिवेश रहेको पाइन्छ । यसमा एक दिनको कालिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.२८.४ संवाद

यस लघुकथामा एउटी नारी पात्र र उसको श्रीमान्का बीचमा कुराकानी भएकोले संवाद रहेको पाइन्छ ।

### ४.२८.५ भाषाशैली

यस लघुकथामा सृष्टि, नारी, अर्धाङ्गिनी, पूर्ण, यथाशीघ्र, आक्रोश, सायंकालीन र युद्ध जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसका साथै अल्टिमेटम, बाटवारा र मर्जी जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा अल्पविराम, पूर्णविराम, हलन्त, अर्धविराम, प्रश्नचिह्न र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसका साथै यसमा तर, र, पनि, अनि, यदि, भने जस्ता संयोजक, नै र त जस्ता निपात, ऊ, उनीहरू, हामी, तिमी, हजुर र तिमीहरू जस्ता सर्वनामको प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक र सरल शैलीको प्रयोग भएको छ ।

### ४.२८.६ उद्देश्य

अधिकारको कुरा गर्ने, वीर वीराङ्गनाहरूको उदाहरण दिने तर आफू बन्ने योजना नबनाउने, कुराको कुरामात्रै गर्ने तर कामको कुरा नगर्ने महिलाका प्रवृत्तिको यथार्थ चित्रण गर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.२८.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने हेमा, चमेली, सुन्तली, रूपा र चन्द्रा जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उनीहरू र तिमीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२९ 'जीवन-पथ' लघुकथाको अध्ययन

‘जीवन-पथ’ लघुकथा रिजालको अदृश्य पीडा लघुकथासङ्ग्रहमा सङ्गृहीत अठ्ठाइसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल असोज ८ गते भएको देखिन्छ । यस लघुकथामा छोटा-छोटा छ अनुच्छेद, तेइसवाक्य र एकसय उन्नाइस शब्द रहेका छन् ।

### ४.२९.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । ज्याला मजदुरी गरेर परिवारको पेट पाल्न पनि गाह्रो हुने गरिब वर्गको दयनीय स्थिति र ज्याला बढाउन अनुरोध गर्दा कामबाटै निकाल्ने धम्की दिने मालिकको स्वार्थी चारित्रिक प्रवृत्तिलाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । यसमा भोका पेटहरूले ज्याला मजदुरी गरी जीवन निर्वाह गरेर आफ्नो पेट पाल्नुपर्ने तर मालिक विपरीत गए छोराछोरी भोकै रहने कुरा देखाइएको छ (पोखरेल, २०५८:६४) । यसमा गाउाको मालिक नै आन्दोलनको नेता बन्ने तर गरिबलाई कुनै अवसर र सहयोग सुविधा नदिने तथा सबै कुरा “म खाउा मैलाउा सुखसयल वा मोज म गरूा” भन्ने मालिकको स्वार्थी प्रवृत्तिको चित्रण गरिएको पाइन्छ । गरिबहरूका लागि दुई हातमुख जोर्नका लागि मालिकको मुख ताक्नुपर्ने तर भने जस्तो पैसा नपाउने बाध्यात्मक परिस्थितिलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ (घिमिरे, २०६५:१९) ।

संरचनाका आधारमा यस लघुकथामा सङ्क्षिप्त कथानक रहेको पाइन्छ । यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा विकास नभई कथाको नायक विगततिर फर्केकोले यसमा वृत्ताकारीय कथानक ढाांचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ । यसको कथानक घटनाप्रधान रहेको पाइन्छ ।

### ४.२९.२ पात्र र चरित्र

यस लघुकथामा मालिक, चनरदेव, चनरदेवकी स्वास्नी, छोराछोरी, काकी रामदहिया र ऊ साथै काम गर्ने उसका अन्य साथीहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये चनरदेव मुख्य, पुरुष, मञ्चीय, बद्ध, अनुकूल, गतिहीन पात्र हो भने मालिक सहायक पुरुष, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हो । यसमा रामदहिया सहायक, नारी, बद्ध, मञ्चीय, वृद्ध, अनुकूल र गतिहीन पात्र हो । चनरदेवकी स्वास्नी गौण, नारी, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । चनरदेवका छोराछोरी गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । चनरदेवसाग काम गर्ने साथीहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.२९.३ परिवेश

यस लघुकथामा मुख्य रूपमा गाउाले सामाजिक परिवेश र प्रस·गत रूपमा सहरिया परिवेश पनि आएको पाइन्छ ।यसमा फागुन महिना र एक दशकको कालिक पनि परिवेश रहेको पाइन्छ । गाउाको खरियानको स्थानीय परिवेश पनि रहेको पाइन्छ ।

### ४.२९.४ संवाद

यस लघुकथामा चनरदेव र मालिक तथा चनरदेव र काकीका बीचमा कुराकानी भएकाले संवाद रहेको पाइन्छ ।

### ४.२९.५ भाषाशैली

यस लघुकथामा अभिमत जस्तो एउटामात्र तत्सम शब्दको प्रयोग भएको छ । यसका साथै बनिहारी, जुलुस, तस्वीर, अनाज र तनी जस्ता आगन्तुक शब्दका साथै आासु, सास र हात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको छ । यसमा पूर्णविराम, विश्मय, अल्पविराम, दोहोरो उद्धरण, चन्द्रविन्दु, विसर्ग, हलन्त र प्रश्नचिह्नको प्रयोग भएको पाइन्छ । त्यसैगरी पनि, तर, र जस्ता संयोजक, नै, त जस्ता निपात, उनीहरू, हजुर, उसले, उसको, हामी, तिनीहरू र ऊ जस्ता सर्वनामको पनि प्रयोग भएको पाइन्छ । यसमा सरल र वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२९.६ उद्देश्य

थोरै ज्यालामा काम गर्न विवश गरिव वर्गको दयनीय अवस्था र मालिकको स्वार्थी प्रवृत्तिको पनि चरित्रचित्रण गर्दै स्वार्थी मालिकप्रति रोष प्रकट गर्नु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.२९.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने चनरदेव, रामदहिया र मालिक आदि जस्ता नाम र त्यससाग सम्बन्धित उसले, उसको, तिनीहरू र ऊ जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.३० ँपेट' लघुकथाको अध्ययन

ँपेट' लघुकथा रिजालको अदृश्य पीडा लघुकथासङ्ग्रहमा सङ्गृहीत उनन्तीसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल

फागुन १४ गते भएको पाइन्छ । यसमा पाँच अनुच्छेद, छब्बीस वाक्य र दुईसय बयालिस शब्द रहेको पाइन्छ ।

### ४.३०.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । शिक्षासाँगै गाउँ भित्रिएको कुसंस्कारले मान्छे ग्रसित बन्दै गइरहेको तथा आफ्ना आवश्यकताहरू पूरा गर्न देह व्यापार गर्नुपर्ने बाध्यता र महिला हकहित र अधिकारको आवाज मात्र उठाउने तर पिछडिएका महिलालाई कुनै सहयोग र अवसर नदिएको घटनालाई यस लघुकथाको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा मानिस पेटको लागि जे पनि गर्न सक्छ भन्ने कुरा उल्लेख गरिएको छ (पोखरेल, २०५८:६४) । यसमा एउटी शोभना नामकी महिलाले काम खोज्दा कुनै काम नपाएकाले पेटको भोक मेटाउन देहव्यापार गर्नुपरेको विवशतालाई देखाइएको छ । ठूला-ठूला गोष्ठी, सभा-सम्मेलनमा महिला अधिकार तथा हकहितका बारेमा भाषण भए पनि त्यो सरकारी र विदेशी पैसा पचाउने काम मात्र भएको, निश्चित वर्गले त्यसको केही लाभ नपाएको कुरालाई यसमा देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त र घटना प्रधान रहेको पाइन्छ । यस लघुकथाको पात्र विगततिर फर्केर वर्तमानमा आएकीले यसको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.३०.२ पात्र र चरित्र

यस लघुकथामा शोभना, उसका परिवार र गोष्ठीमा सहभागी नारीहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका पात्रहरूमध्ये शोभना मुख्य, नारी, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिशील पात्र हो । गोष्ठीमा सहभागी नारीहरू सहायक, नारी, मञ्चीय र गतिशील पात्र हुन् । शोभनाका परिवार गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन ।

### ४.३०.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश मुख्य रूपमा र प्रसङ्गवश गाउँको परिवेश पनि रहेको पाइन्छ । सहरिया परिवेशमा काठमाडौँको रत्नपार्क, सहिदमञ्च र भोटाहिटीको स्थानिक परिवेश रहेको छ ।

### ४.३०.४ संवाद

यस लघुकथाका पात्रहरूका बीचमा कुराकानी नभएकोले यसमा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.३०.५ भाषाशैली

यस लघुकथामा समर, क्षण, सभास्थल, रोमाञ्चपूर्ण, भेषभूषा, निमग्न, विसर्जन र वन जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ भने काम जस्तो तद्भव शब्द पनि रहेको पाइन्छ । यसका साथै पूर्णविराम, अल्पविराम, हलन्त, विसर्ग र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग, तर, र पनि जस्ता संयोजक, त, निपात, त्यो, उसलाई, आफू, उसले, तिनीहरू, उनीहरू र ऊ जस्ता सर्वनामको प्रयोग पनि यस लघुकथामा भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको छ ।

### ४.३०.६ उद्देश्य

महिला विरुद्धमा हुने शोषण, अन्याय, अत्याचारको विरोधको भाषण नगरी त्यस्तामा परेका महिलाहरूलाई रोजगार तथा सीपमूलक तालिमको व्यवस्था मिलाउनु पर्ने तथा दोषीलाई उचित सजाय दिनु पर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३०.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने शोभना, उसका परिवार र गोष्ठीका महिलाहरू जस्ता नाम र त्यससाग सम्बन्धित त्यो, उसलाई, उसले, तिनीहरू, उनीहरू र ऊ जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३१ 'निर्णय' लघुकथाको अध्ययन

'निर्णय' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत तीसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल पुस ८ गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, पन्ध्र वाक्य र एकसय अठहत्तर शब्द रहेको पाइन्छ ।

### ४.३१.१ विषयवस्तु र कथानक

यसमा सामाजिक विषयवस्तु रहेको छ । यसमा ठूलाबडा घुस्याहा कर्मचारीले भित्रभित्रै घुस खुलाई सजायबाट बच्ने गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यसमा नरप्रताप जस्तो भ्रष्ट व्यक्तिले गर्दा देशको अर्थतन्त्र नै तहसनहस बन्दै गएको देखाइएको छ । यस लघुकथामा घुस्याहालाई सजाय दिन नसकेकोले सरकार र सम्बन्धित पक्षले सही

निर्णय लिन र उचित कामकारवाही गर्न नसकेको तथा पुरै प्रशासन भ्रष्टाचारबाट ग्रसित भएको देखाइएको छ । ठूला तथा धनी व्यक्तिलाई कसैले केही गर्न नसकेको घटना यसमा देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त रहेको पाइन्छ । यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसमा घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ । यस लघुकथाको कथानक सरल र सुगठित रहेको छ ।

### ४.३१.२ पात्र र चरित्र

यस लघुकथामा नरप्रताप, साना कर्मचारी र स्थानीय प्रशासन जस्ता पात्रहरू रहेका छन् । यसमा नरप्रताप मुख्य, पुरुष, मञ्चीय, प्रतिकूल, बद्ध र गतिहीन पात्र हो भने स्थानीय प्रशासन गौण,नेपथ्य र मुक्त पात्र हो । भ्रष्टाचार उन्मूलन संघका कर्मचारी सहायक, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.३१.३ परिवेश

यस लघुकथामा पाँच वर्ष तीन महिनाको कालिक परिवेश रहेको पाइन्छ । त्यस्तैगरी अड्डा, स्थानीय प्रशासनको स्थानिक परिवेश, भ्रष्टाचारयुक्त सामाजिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.३१.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले संवादको प्रयोग पनि नभएको पाइन्छ ।

### ४.३१.५ भाषाशैली

यस लघुकथामा अंश, विरुद्ध, प्रयत्न, पूर्ण र परिश्रमपूर्वक जस्ता तत्सम शब्दको प्रयोगको साथै हैसियत र जिकिर जस्ता आगन्तुक शब्द र हात जस्तो तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा र, पनि जस्ता संयोजक, उनका, उनी र यो जस्ता सर्वनाम,

पूर्णविराम, चन्द्रविन्दु विसर्ग र हलन्त जस्ता चिह्न प्रयोग भएका छन् । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको छ ।

### ४.३१.६ उद्देश्य

यस लघुकथामा देशमा भइरहेको भ्रष्टाचारको विरोध र सम्बन्धित निकायले उचित निर्णय गरी अपराधीलाई उचित दण्डसजाय दिनुपर्छ भन्ने उद्देश्य रहेको पाइन्छ ।

### ४.३१.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने नरप्रताप, कर्मचारी र स्थानीय प्रशासन जस्ता नाम र त्यससाग सम्बन्धित उनका, उनी र उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३२ ‘ठूलो मानिस’ लघुकथाको अध्ययन

‘ठूलो मानिस’ लघुकथा रिजालको अदृश्य पीडा लघुकथासङ्ग्रहमा सङ्गृहीत एकतीसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५३ साल माघ २० गते भएको देखिन्छ । यस लघुकथामा चार अनुच्छेद, एघार वाक्य र एकसय पचास शब्द रहेका छन् ।

### ४.३२.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक, शैक्षिक र मनोवैज्ञानिक विषयवस्तु रहेको छ । यस लघुकथामा एउटा शिक्षकले आफ्नो छात्रको ठूलो मानिस अथवा कस्तो मान्छे ठूलो मान्छे हो भन्ने प्रश्नको उत्तर दिन असमर्थ भएको घटनालाई विषयवस्तु बनाइएको छ । एउटा अबोध बालकले सरसाग कस्तो मान्छे सबैभन्दा ठूलो हो भनेर राखेका जिज्ञासालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ (घिमिरे, २०६५:२०) । सबैले हरेक कुरा धेरथोर जाने पनि एक व्यक्ति सबै कुरामा वा विषयमा पोख्त हुन सक्दैन भन्ने कुरालाई यसमा देखाइएको छ । एउटा राजनैतिक कार्यकर्ताले सबैको पीरमर्का समस्या बुझ्छु भन्ने र शिक्षकले पनि धेरै जान्ने र सबैको पीरमर्का बुझ्ने मानिस नै ठूला मान्छे हो भन्ने कुरा गर्दा एउटा विद्यार्थीमा राजनैतिक कार्यकर्ता नै ठूलो मानिस हो भन्ने परेको भ्रमपूर्ण मानसिक छापलाई यसमा देखाइएको छ ।

यस लघुकथाको कथानकको विकास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा क्रमश विकास भएकोले यसको कथानक ढाचा रैखिक रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज हो । यसमा सरल र सुगठित तथा घटनाप्रधान कथानक रहेको छ ।

### ४.३२.२ पात्र र चरित्र

यस लघुकथामा शैलेश, म, रुद्र बाजे, रमेश, दिनेश, सोमकान्त र अन्य शिक्षकहरू पात्रहरूका रूपमा आएका छन् । यी पात्रहरूमध्ये शैलेश प्रमुख, पुरुष, बाल, बद्ध, मञ्चीय, अनुकूल र गतिहीन पात्र हो । म पात्र सहायक, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रुद्र बाजे, गोपाल, रमेश, दिनेश, सोमकान्त र अन्य शिक्षकहरू गौण, पुरुष, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.३२.३ परिवेश

यस लघुकथामा शैक्षिक र सामाजिक परिवेश रहेको छ । यसका साथै शैलेशको आन्तरिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.३२.४ संवाद

यस लघुकथामा शैलेश र उसको शिक्षकका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको पाइन्छ ।

### ४.३२.५ भाषाशैली

यस लघुकथामा चतुर, शिर र तथापि जस्ता तत्सम शब्दको प्रयोग भएको छ । यसमा अल्पविराम, दोहोरो उद्धरण, विस्मय, विसर्ग, पूर्णविराम, चन्द्रविन्दु, हलन्त र प्रश्नचिह्नको प्रयोग पनि भएको पाइन्छ । यसका साथै ऊ, हजुर, तिमी, उसको, म र हामी जस्ता सर्वनाम, तर, र, अनि, पनि, तथापि जस्ता संयोजक, अहा, नै र चाहि जस्ता निपातको प्रयोग भएको  पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३२.६ उद्देश्य

यस लघुकथामा सबैले हरेक कुरा धेरैथोरै रूपमा जाने पनि एक व्यक्ति सबै विषयमा पोख्त हुन सक्दैन भन्ने जानकारी दिने उद्देश्य रहेको पाइन्छ ।

### ४.३२.७ दृष्टिविन्दु

यस लघुकथामा ‘म’ पात्र समाख्याताका रूपमा आई उसले मुख्य पात्र शैलेशका बारेमा कथावाचन गरेको तथा त्यससाग सम्बन्धित म, हामी जस्ता सर्वनामको प्रयोग भएकोले प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३३ 'यथास्थिति' लघुकथाको अध्ययन

'यथास्थिति' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत बत्तीसौँ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल मङ्सिर १३ गते भएको पाइन्छ । यस लघुकथामा पाँच अनुच्छेद, तेइस वाक्य र दुईसय बाह्र शब्द रहेका छन् ।

### ४.३३.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । शिक्षित अभिभावकले पनि छोरीको इच्छा विपरीत जबरजस्ती विवाह गराइदिने यथार्थ घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । केटो देखाउनु भनेको त औपचारिकता पूरा गर्नुमात्र हो, केटाले मन पराए पुग्छ भन्ने कुरालाई हाम्रो समाजमा केटो देखाउने चलन भए पनि छान्न पाउने चलन नभएको देखाएर प्रस्ट पारिएको छ । छोरा र छोरी समान हुन् भन्ने नारा जति नै घन्काए पनि वास्तविकता र व्यवहारमा त्यो लागू हुन नसकेका र वास्तविकता त्यो भन्दा कोसौँ टाढा छ भन्ने विडम्बना यसमा देखाइएको पाइन्छ । यसमा विश्व कहाँदेखि कहाँ पुगिसके पनि हाम्रो समाज अहिले पनि यथास्थानमा नै मूर्ति बनेर उभिएको छ भन्ने कुरा देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा अगाडि बढेकोले यसको कथानक ढाँचा रैखिक रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज हो । यसमा सरल र सुगठित कथानक रहेको पनि पाइन्छ ।

### ४.३३.२ पात्र र चरित्र

यस लघुकथामा रञ्जन, छोरी रमिला, छोरा, श्रीमती, वर र वरपक्ष जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये रमिला प्रमुख, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रञ्जन सहायक, पुरुष, वृद्ध, मञ्चीय, प्रतिकूल र गतिहीन पात्र हो । रञ्जनकी श्रीमती सहायक, स्त्री, वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रञ्जनको छोरा सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । वर र वरपक्ष गौण, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हुन् । र

### ४.३३.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश भए पनि रुढीवादी कुसंस्कारयुक्त सामाजिक परिवेश रहेको पाइन्छ ।

### ४.३३.४ संवाद

यस लघुकथामा रञ्जन र उसको छोराका बीचमा कुराकानी तथा वादविवाद भएकोले यसमा संवाद रहेको पाइन्छ ।

### ४.३३.५ भाषाशैली

यस लघुकथामा वर, पिता, छात्रा, विवाह र प्रयत्न जस्ता तत्सम शब्दका साथै ढोका जस्तो आगन्तुक शब्द र कान जस्तो तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसका साथै यसमा अल्पविराम, पूर्णविराम, दोहोरो उद्धरण, चन्द्रविन्दु, विस्मय, विसर्ग र हलन्त जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा आफू, उनका, उसले, ऊ, तिमी र उसको जस्ता सर्वनाम, पनि, र, तर, यदि, कि जस्ता संयोजक, त, नै, र हु जस्ता निपातको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३३.६ उद्देश्य

छोरीलाई पनि छोरालाई समान आफ्नो जीवनसाथी हेर्नमात्र होइन रोज्न पनि पाउने अधिकार दिनुपर्ने तथा छोरा र छोरीलाई समान व्यवहार गर्नुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३३.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने रञ्जन, रमिला, छोरो, श्रीमती र वरपक्ष जस्ता नाम र त्यससाग सम्बन्धित सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३४ ‘प्रवृत्ति’ लघुकथाको अध्ययन

‘प्रवृत्ति’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत तेत्तीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको रचनाकाल अनुसार यसको रचना २०४९ साल पुस १० गते भएको देखिन्छ । यसमा चार अनुच्छेद, पन्ध्रवाक्य र एकसय सत्सठ्ठी शब्द रहेका छन् ।

### ४.३४.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा घुस लिने र दिने दुवै जनताका शत्रु हुन् भनेर गोष्ठीमा आफ्नो अभिव्यक्ति दिने एकजना कार्यालय प्रमुखले स्वयंले घुस दिएर राम्रो ठाउामा सरुवा गराएको घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । कार्यालय बाहिर र भित्र ठूला-ठूला अक्षरमा भ्रष्टाचार विरोधी पोष्टरहरू टाासे पनि

कार्यालयभित्र कर्मचारीहरूले घुस लिएर मात्र काम गर्ने गरेको घटना यस लघुकथामा देखाइएको पाइन्छ । यसमा एकजना कार्यालय प्रमुखको घुस्याहा चरित्रको उद्‌घाटन गरी सारा घुस्याहाहरूप्रति व्यङ्ग्य गर्ने काम गरिएको देखिन्छ । नैतिकता र आदर्शका कुरा गर्दै हिड्नेले नै घुस खाएको देखाएर देशमा जताततै भ्रष्टाचार भइरहेको छ र यसबाट हाम्रो देश ग्रसित भएको छ भन्ने कुरा यसमा देखाइएको पाइन्छ ।

यस लघुकथामा सङ्क्षिप्त, सरल र घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसको कथानक ढााचा रैखिक रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको पाइन्छ । यसमा सरल कथानक पनि रहेको पाइन्छ ।

### ४.३४.२ पात्र र चरित्र

यस लघुकथामा कार्यालय प्रमुख रामचन्द्र, सहायक कर्मचारीहरू, गोष्ठीका प्रतिनिधिहरू तथा अन्य सहभागीहरू जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये रामचन्द्र प्रमुख, पुरुष, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हो । यसमा अन्य कर्मचारीहरू सहायक, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हुन् । गोष्ठीका प्रतिनिधिहरू र सहभागीहरू गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.३४.३ परिवेश

यस लघुकथामा भ्रष्टाचारयुक्त सामाजिक परिवेश रहेको छ । राजधानीको प्रस॰गत परिवेश पनि आएको छ । यसमा कार्यालय र गोष्ठीको स्थानिक परिवेश , रात्रीको कालिक पनि परिवेश रहेको पाइन्छ ।

### ४.३४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.३४.५ भाषाशैली

यस लघुकथामा शत्रु, रात्रि, समापन, मार्गनिर्देशन र आक्रोशित जस्ता तत्सम शब्दका साथै सरिक र नजराना जस्ता आगन्तुक शब्द र ओठ जस्तो तद्‌भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा अल्पविराम, पूर्णविराम, दोहोरो उद्धरण, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोगका साथै र, तर, पनि, यद्यपि, जस्ता संयोजक र उनी, उनको र उनीहरू

जस्ता सर्वनामको प्रयोग भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल, सहज र सम्प्रेष्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३४.६ उद्देश्य

घुस लिने र दिने दुवै जनताका शत्रु हुन भन्ने भाषण दिनेमात्र हैन त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने रामचन्द्र, कर्मचारी आदि जस्ता नाम र त्यससाग सम्बन्धित उनीहरू, उनी, उनको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.३५ ‘प्रगतिशीलता !’ लघुकथाको अध्ययन

‘प्रगतिशीलता’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चौतीसौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल मङ्सिर ११ गते भएको हो ।

### ४.३५.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । यसमा सामाजिक भेदभावलाई विकासको बाधक हो भनी भाषण गर्ने, सबैका आदर्श बन्ने तर वास्तविकतामा आफैले बिरामीको बहाना बनाएर कथित तल्लो जातको घरमा खाना नखाएको घटना यस लघुकथाको विषयवस्तु रहेको पाइन्छ । प्रगतिशीलतामा जस्तो भााडोमा पानी राख्यो आकार त्यस्तै बन्छ भन्ने कुरा स्पष्टसाग देखाइएको छ (पोखरेल, २०५८:६४) । कुरा एकातिर गर्ने र काम तथा व्यवहार अर्कोतिर गर्ने गरेको देखाएर हाम्रै समाजका भलाद्मीको मखुण्डोधारी ढोंगी मानिसको चरित्रलाई पर्दाफास गर्ने काम यस लघुकथामा गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, घटनाप्रधान र सरल रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.३५.२ पात्र र चरित्र

यस लघुकथामा हरिसिंह, उमेश, अछुत, युवा समूह र परम्परावादीहरू पात्रका रूपमा आएका छन् । यी पात्रहरूमध्ये हरिसिंह प्रमुख पुरुष, बृद्ध, मञ्चीय, वद्ध, प्रतिकूल र

गतिशील पात्र हो । उमेश सहायक, पुरुष, वयस्क, वद्ध, मञ्चीय, गतिहीन र अनुकूल पात्र हो । युवासमूह, अछुत र परम्परावादीहरू गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

**४.३५.३ परिवेश**

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । वैवाहिक कार्यक्रमको प्रसङ्गले सांस्कृतिक परिवेश झल्काएको छ ।

**४.३५.४ संवाद**

यस लघुकथामा हरिसिंह र उमेशका बीचमा कुराकानी भएकोले यसमा संवाद रहेको पाइन्छ ।

**४.३५.५ भाषाशैली**

यस लघुकथामा स्नेह, अग्रस्थान, कटु, प्रगाढ, शून्य, तथापि, मुक्ति, आग्रह र तिरस्कार जस्ता तत्सम शब्दका साथै सरिक र सायद जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा पूर्णविराम, चन्द्रविन्दु, हलन्त, अल्पविराम, दोहोरो उद्धरण र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग, उनी, उनको, तिनीहरू, उनलाई, आफूहरू, उसका र हजुर जस्ता सर्वनाम, र, पनि, तथापि, तर, अनि जस्ता संयोजक, पो, त र हा जस्ता निपातको प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक, सरल र सहज शैलीको प्रयोग भएको पाइन्छ ।

**४.३५.६ उद्देश्य**

समाजका आदर्श बनेर बस्ने तर काम सो अनुसार नगर्ने मान्छेको चरित्रप्रति व्यङ्ग्य गर्नुका साथै यथार्थ र आदर्शमा अकाश जमिनको अन्तर रहेको देखाउनु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

**४.३५.७ दृष्टिविन्दु**

यस लघुकथामा तृतीय पुरुष बुझाउने उमेश, हरिसिंह, अछुत, युवासमूह, परम्परावादीहरू जस्ता नाम र त्यससाग सम्बन्धित उसका, उनलाई, उनी, उनको, तिनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

**४.३६ 'राहत' लघुकथाको अध्ययन**

'राहत' लघुकथा रिजालको अदृश्य पीडा लघुकथा सङ्ग्रहमा सङ्गृहीत पैतीसौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिएको मिति अनुसार यसको रचना २०५० साल भदौ २८ गते भएको हो । यसमा पाँच अनुच्छेद तेइस वाक्य र एकसय पन्चानब्बे शब्द रहेका छन् ।

### ४.३६.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक र आर्थिक विषयवस्तु रहेको पाइन्छ । सुख्खा पीडितलाई राहत सामग्री वितरण नभए पनि सञ्चार माध्यमबाट वितरण भएको भनी समाचार सुनाइएको तर पीडित पक्षको उद्धार नभएको तथा सरकारको लापर्वाहीलाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । यसमा सुकुम्बासी जनतालाई लालपूर्जा देखाएर राहत बाड्ने कुरा देखाइएको छ तर राहत लिन गाउालेहरूले अस्वीकार गर्दागर्दै पनि बेलुका रेडियोबाट राहतवितरण गरिएका झुट्टा समाचार प्रचार-प्रसारमा ल्याइन्छ (पोखरेल, २०५८:६४) । प्रकोपमा परेकालाई सरकारले राहत वितरण गर्ने समाचार आए पनि वास्तवमा पीडित पक्षले राहत नपाएको कुरा यसमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ । यसमा सरल, र एउटै मात्र मुख्य कथानक रहेको पाइन्छ ।

### ४.३६.२ पात्र र चरित्र

यस लघुकथामा सुख्खा पीडित गाउालेहरू, राहत वितरण कर्ता, रेडियो कर्मी र पीडितहरूको नाम सङ्कलन गर्ने टोली पात्रका रूपमा आएका छन् । यी पात्रहरूमध्ये पीडित गाउालेहरू मुख्य पात्र, राहत वितरण कर्ता सहायक र रेडियो कर्मी तथा सङ्कलन टोली गौण पात्र हुन् । गाउालेहरू मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हुन् । राहत वितरण कर्ता मञ्चीय र बद्ध पात्र हुन् । रेडियोकर्मी र सङ्कलन टोली मुक्त, नेपथ्य र गतिहीन पात्र हुन् ।

### ४.३६.३ परिवेश

यस लघुकथामा ग्रामीण सुकुम्बासीको सामाजिक परिवेश रहेको पाइन्छ । गोमती नदी, वन र राजधानीको प्रसंगगत परिवेश पनि रहेको पाइन्छ । यसमा एक वर्षको कालिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.३६.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.३६.५ भाषाशैली

यस लघुकथामा वन, निष्प्राण, जीवन, पूर्णतः, शमन, आश्वस्त, निमित्त, विश्वस्त, भय, तथापि र अधिकांश जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसमा सास जस्तो तद्भव शब्दको प्रयोग भएको पनि पाइन्छ । यसका साथै पूर्णविराम, चन्द्रविन्दु, हलन्त, अल्पविराम र विसर्ग जस्ता चिह्न प्रयोग पनि ,तथापि, तर, र जस्ता संयोजक, नै जस्तो निपात, तिनीहरू  र उनीहरू जस्ता सर्वनामको पनि प्रयोग भएको पाइन्छ । यसमा वर्णनात्मक, सरल र सहज शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३६.६ उद्देश्य

वास्तवमा सम्बन्धित निश्चित पीडित पक्षसम्म राहत सामग्री पुग्दैन भन्ने कुरा देखाउदै, झुटो समाचार प्रसारण गरी जनतालाई भ्रमित गर्ने सञ्चार माध्यमप्रति व्यङ्ग्य गरी सरकार, कर्मचारी तथा सञ्चार माध्यमको सम्बन्धित विषयमा ध्यान आकृष्ट गराउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३६.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने गाउालेहरू ,राहत वितरण कर्ता र रेडियोकर्मी जस्ता नाम तथा उनीहरू, तिनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३७ `परिवेश' लघुकथाको अध्ययन

`परिवेश' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत छत्तीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४७ साल असार ३० गते भएको पाइन्छ । यस लघुकथामा चार अनुच्छेद, बाह्र वाक्य र एकसय सत्सट्ठी शब्द रहेका छन् ।

### ४.३७.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । बालदिवसका दिनमा सरकार र गैह्र सरकारी संस्थाहरूले भव्यकार्यक्रम गरी बालबालिकाको हकहितका र अधिकारका विषयमा गोष्ठी गर्ने तर त्यही गल्ली र पेटीमा जीवन बिताउने सडक बालकहरूले केही

नपाएको तथा केवल रित्तो परिवेश मात्र पाएको घटना यस लघुकथाको विषयवस्तु रहेको पाइन्छ । परिवेश कथामा सडक बालकको कुरामात्र हुन्छ तर काम अर्कोतिर गरिन्छ भन्ने कुरा देखाइएको छ (पोखरेल, २०५८:६४) । बालदिवसका दिन भव्य कार्यक्रम गरेर बालबालिकाका लागि वास्तविकतामा केही नगर्ने सम्बन्धित निकायको स्वार्थीपनलाई यसमा देखाइएको पाइन्छ । कुरागरे अनुसारको काम नगर्ने सरकारी तथा गैरसरकारी संस्थाको यथार्थ चित्रण यसमा गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेकोले रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ । यसमा एउटा मात्र मुख्य कथानक रहेको पाइन्छ ।

### ४.३७.२ पात्र र चरित्र

यस लघुकथामा सडक बालकहरू, गोष्ठीका वक्ताहरू, प्रमुख अतिथि, धेरै विद्यालयहरू का बालकहरू, सरकारी र गैरसरकारी कर्मचारीहरू जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये सडक बालकहरू प्रमुख पात्र हुन् । सरकारी र गैरसरकारी कर्मचारीहरू सहायक पात्र हुन भने अन्य धेरै विद्यालयहरूका बालकहरू, गोष्ठीका वक्ताहरू र प्रमुख अतिथि गौण पात्र हुन् । यसमा सडक बालकहरू बालपात्र, मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हुन् । गैरसरकारी र सरकारी कर्मचारी मञ्चीय, बद्ध र गतिहीन पात्र हुन् । गोष्ठीका वक्ताहरू र अतिथि, नेपथ्य, गतिहीन र मुक्त पात्र हुन् ।

### ४.३७.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश रहेको पाइन्छ । यसमा सहिद मञ्च, सडक, नगर, गल्ली र पेटी जस्ता स्थानिक परिवेश तथा बालदिवसको कालिक परिवेश रेहेको पाइन्छ ।

### ४.३७.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.३७.५ भाषाशैली

यस लघुकथामा अतिथि, भव्य, जीवन, क्षण, निर्वस्त्र, गन्तव्य र अर्पण जस्ता तत्सम शब्दको प्रयोगका साथै जुलुस र जन जस्तो आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा र, अनि, जो, पनि, तथा, तर जस्ता संयोजक, पूर्णविराम, चन्द्रविन्दु, हलन्त र

अल्पविराम जस्ता चिह्न प्रयोग, तिनीहरू, उनीहरू र त्यो जस्ता सर्वनामको प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक र सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३७.६ उद्देश्य

सरकार तथा गैरसरकारी संस्थाहरूले ठूला-ठूला कार्यक्रम गरेर पैसा खर्च गर्नुभन्दा सडक बालबालिका तथा अन्य पीडित बालबालिकाका लागि छाना, नाना, खाना, शिक्षा र स्वास्थ्यको व्यवस्था मिलाउनका लागि सम्बन्धित निकायलाई सचेत गर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३७.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने सडक बालकहरू, गोष्ठीका वक्ता तथा प्रमुख अतिथि, कर्मचारीहरू र विभिन्न विद्यालयका बालकहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित उनीहरू, तिनीहरू र त्यो जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.३८ 'चेतना' लघुकथाको अध्ययन

'चेतना' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत सैतीसौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल असोज सात गते भएको पाइन्छ । यसमा छ अनुच्छेद, बाइस वाक्य र दुईसय पैसट्ठी शब्द रहेको पाइन्छ ।

### ४.३८.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । हाम्रो समाजमा विभिन्न लोभ लालच देखाएर आफ्नो स्वार्थ पूरा गर्ने पुरुष वर्गको यथार्थ चित्रण र अझ उसैले गोष्ठीमा नैतिकताको कुरा गर्नु, भलाद्मी र आदर्श व्यक्ति बनेर काला मन भएकाहरूले सेतो कपडा लगाइ कालो काम गर्ने गरेको घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यसमा गलत व्यक्तिलाई समाजले चिन्न नसकेर उल्टै सम्मान गर्ने प्रवृत्ति देखाइएको छ । नारीले पनि एकछिनको लोभलालच र आश्वासनमा विश्वास गरी चेतना गुमाई सर्वस्व गुमाएको घटना यसमा रहेको पाइन्छ । यसमा अनैतिक व्यक्तिले नै नैतिकताको प्रवचन दिने गरेको देखाउदै त्यस्ता ढोंगी व्यक्तिको पर्दाफास गर्दै व्यङ्ग्य गर्ने काम भएको छ ।

संरचनाका आधारमा यस लघुकथामा सङ्क्षिप्त कथानक रहेको छ । यस लघुकथाको शीर्षक चेतना र नायिकाको नाम पनि चेतना हो । कथावस्तु नायिकाकै सेरोफेरोमा घुमेकोले यसमा चरित्र प्रधान कथानक रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास नभई नायिका विगततिर फर्केकाले यसमा वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यस लघुकथाको स्रोत समाज रहेको पाइन्छ ।

### ४.३८.२ पात्र र चरित्र

यस लघुकथामा चेतना, हरिनाथ, स्थानीय युवा समाज, गाउँलेहरू र प्रवचनका श्रोताहरू जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये चेतना र हरिनाथ प्रमुख पात्र, स्थानीय युवासमाज सहायक पात्र र गाउँलेहरू तथा श्रोताहरू गौण पात्र हुन् । यसमा चेतना नारी, वयस्क, बद्ध, मञ्चीय, गतिशील र अनुकूल पात्र हो । हरिनाथ बद्ध, मञ्चीय, अनुकूल र गतिहीन पात्र हो । गाउँलेहरू र प्रवचनका श्रोताहरू मुक्त, नेपथ्य र गतिहीन पात्र हुन् ।

### ४.३८.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा एक वर्षको कालिक परिवेश पनि रहेको पाइन्छ । यसका साथै यसमा नायिका चेतनाको मानसिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.३८.४ संवाद

यस लघुकथामा चेतना र हरिनाथका बीचमा कुराकानी भएकोले यसमा संवादको प्रयोग भएको पाइन्छ ।

### ४.३८.५ भाषाशैली

यस लघुकथामा लाभ, पत्नी, प्रलोभन, क्षीण, आश्वासन, पराजित, श्रोता, समर, योद्धा, देह, सङ्कल्प र सङ्घर्ष जस्ता तत्सम शब्दका साथै लालच, जन र वाहवाही जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा चन्द्रविन्दु, अल्पविराम, दोहोरो उद्धरण र  हलन्त, जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसका साथै यसमा यदि, भने, अनि, तर, र, पनि, जे जे, कि जस्ता संयोजक, ऊ, उनले, उसले र उनी जस्ता सर्वनाम, नि, त जस्ता निपातको पनि प्रयोग भएको पाइन्छ । यसमा  वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३८.६ उद्देश्य

समाजमा नैतिकवान बनेर अनैतिक कार्य गर्ने व्यक्तिहरूलाई पर्दाफास गर्दै तिनीहरू प्रति व्यङ्ग्य गर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३८.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने चेतना, हरिनाथ र गाउालेहरू आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उनले र उनी जस्ता सर्वनामको प्रयोग भएकाले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.३९ 'वास्तविकता' लघुकथाको अध्ययन

'वास्तविकता' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत अड्तीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल माघ २८ गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, बाइस वाक्य र एकसय अठासी शब्द रहेको पाइन्छ ।

### ४.३९.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु राजनैतिक रहेको पाइन्छ । यसमा नेताले झुटो आश्वासन मात्र दिने, आफूले गरेको आदर्श र नैतिकताका कुरा आफैले व्यवहारमा नउतार्ने यथार्थको चित्रण गरिएको छ । नेताले जे भन्छन् वास्तविकतामा त्यो पूरा गर्दैनन् भन्ने कुरालाई यसमा देखाइएको छ । यसमा निर्वाचन पहिला र निर्वाचन जितेपछि नेताले गर्ने गरेको फरक व्यवहार देखाएर व्यङ्ग्य गर्ने काम गरिएको छ । यस लघुकथामा कुनै कुरा नलुकाई वास्तविकतालाई जनता सामु छर्लङ्ग्याइएको छ र एउटा स्वार्थी नेताको चरित्रचित्रण गरिएको छ ।

यस लघुकथामा सङ्क्षिप्त, घटना प्रधान र सरल कथानक रहेको पाइन्छ । यस लघुकथाको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा भएकोले यसमा रैखिक कथानक ढाांचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.३९.२ पात्र र चरित्र

यस लघुकथामा नेता, उसका सहायक, गाउालेहरू, प्रतिनिधि मण्डल र प्राविधिक जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका पात्रहरूमध्ये नेता प्रमुख, पुरुष, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हो । यसका सहायक पात्र सहायक, मञ्चीय, बद्ध र गतिहीन पात्र हुन्। गाउालेहरू सहायक, मञ्चीय, बद्ध गतिहीन र अनुकूल पात्र हुन् । त्यसैगरी प्रतिनिधि मण्डल र प्राविधिक गौण, नेपथ्य, मुक्त र गतिहीन पात्र हुन् ।

### ४.३९.३ परिवेश

यस लघुकथामा राजनीतिक परिवेश रहेको पाइन्छ । यसमा ग्रामीण परिवेश, निर्वाचनको कालिक परिवेश र प्रसङ्गमा सहरको परिवेश पनि रहेको पाइन्छ ।

### ४.३९.४ संवाद

यस लघुकथामा नेता र गाउालेहरूका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको पाइन्छ ।

### ४.३९.५ भाषाशैली

यस लघुकथामा भ्रमण, विजय, आतिथ्य, स्मरण, पूर्ववाचा, अति, भव्य, उद्भव, विश्वस्त, सम्पूर्ण र आग्रह जस्ता तत्सम शब्दको साथै टेलिफोन जस्तो आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उनको, त्यो, उनले र उनीहरूले जस्ता सर्वनाम, पनि, तर, र तथा, जब जस्ता संयोजक त जस्तो निपात पूर्णविराम, चन्द्रविन्दु, हलन्त, अल्पविराम, विसर्ग र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.३९.६ उद्देश्य

देशमा चलिरहेको विकृत, स्वार्थी राजनीतिको यथार्थ चित्रण गर्दै त्यसप्रति व्यङ्ग्य गर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.३९.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने नेता, प्राविधिक र गाउाले आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनीहरूले, त्यो, उनले, उनी र उनको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४० 'त्यो रात' लघुकथाको अध्ययन

'त्यो रात' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत उन्चालीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल भाद्र ३० गते भएको पाइन्छ । यसमा सात अनुच्छेद, पैंतीस वाक्य र दुईसय तेत्तीस शब्द रहेका छन् ।

### ४.४०.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । समाजमा सज्जन भनिएका व्यक्ति नै अपराधी भएको, जसले एउटी नारीको अस्मिता लुटी धम्की समेत दिइ आफू

आनन्दसाग बसेको घटना यस लघुकथाको विषयवस्तु रहेको पाइन्छ । त्यो रात यस लघुकथाकी नायिका साधनाका निम्ति विकराल र भयावह रात बन्न पुगेको देखाइएको छ । समाजमा एक्लै महिला बााच्न गाह्रो हुने र एक्लो भएको देखेर पुरुष वर्गले त्यसको फाइदा उठाई स्वार्थ पूरा गर्ने गरेको घटना यसमा रहेको पाइन्छ । अपराधीले सजाय नपाएको कुरालाई यसमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको छ । यसको कथानकको विकास विशृङ्खलित भएकोले यसमा वृत्ताकारीय कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४०.२ पात्र र चरित्र

यस लघुकथामा साधना, रमण, रोशन, हुल्लडबाज केटाहरू, रोशनकी आमा र बहिनी जस्ता पात्रहरू रहेका छन् । यस लघुकथाका यी पात्रहरूमध्ये साधना प्रमुख, नारी, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रमण सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रोशन सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हो । हुल्लडबाज केटाहरू गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हुन् । रोशनकी आमा र बहिनी गौण, नारी, आमा वृद्ध, बहिनी वयस्क, मुक्त, नेपथ्य, गतिहीन र अनुकूल पात्र हुन् ।

### ४.४०.३ परिवेश

यस लघुकथामा सहरिया परिवेश, पााच वर्षको कालिक परिवेश, कलेज तथा उसको कोठाको स्थानिक परिवेश रहेको पाइन्छ ।

### ४.४०.४ संवाद

यस लघुकथामा साधना र रोशनका बीचमा कुराकानी भएकोले संवाद रहेको पाइन्छ ।

### ४.४०.५ भाषाशैली

यस लघुकथामा आश्चर्य, विवाह, स्मृति, अति, पुस्तक, आग्रह र पत्र जस्ता तत्सम शब्दको प्रयोगका साथै नजर, कार्ड, कलेज र ढोका जस्ता आगन्तुक शब्द तथा हात र रात जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा तिम्रो, उसले, ऊ, उनीहरू, तिनीहरू, त्यो, यो र उसका जस्ता सर्वनाम, तर, र जस्ता संयोजक, नै र खै जस्ता निपात, पूर्णविराम, दोहोरो उद्धरण, अल्पविराम, चन्द्रविन्दु, हलन्त, विसर्ग र प्रश्नचिह्न जस्ता

चिह्नको प्रयोग भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४०.६ उद्देश्य

समाजमा रहेर असामाजिक कार्य गर्ने व्यक्तिहरूको यथार्थ चित्रण गर्दै त्यस्ता ढोंगी मान्छेलाई उचित सजाय दिन सक्नुपर्छ भन्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४०.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने साधना, रमण,रोशन जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसले, उनीहरू तिनीहरू, त्यो जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४१ 'ठहर' लघुकथाको अध्ययन

'ठहर' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत चालीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५५ साल वैशाख २९ गते भएको पाइन्छ । यसमा चार अनुच्छेद, चौबीस वाक्य र एकसय छेहत्तर शब्द रहेका छन् ।

### ४.४१.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । सम्पत्ति हुादासम्म सबैले माया गर्ने, तर सम्पत्ति नहुादा आफ्नै सन्तानले समेत नहेर्ने हाम्रो स्वार्थी मानवीय प्रवृत्तिलाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी भन्ने उखानसाग यस लघुकथाको विषयवस्तु मेल खाने देखिन्छ । सहयोग पाउादासम्म दयाकी देवी भन्ने तर सहयोग पाउन छाडेपछि छुच्ची, पोइटोकुई, बोक्सी जस्ता आरोप लगाउने गाउालेहरूको मतलबी तथा स्वार्थी प्रवृत्तिलाई यसमा देखाइएको छ । यसमा संसार मतलबी छ भन्ने ठहर गरिएको छ । यसमा श्रीमान् नभएपछि र छोराछोरीले नहेरेपछि गाउालेले पनि अर्कै दृष्टिले हेर्छ भन्ने कुरा देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, घटनाप्रधान र सरल रहेको छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकाले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

## ४.४१.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, श्रीमान्, दुई छोराहरू र गाउँलेहरू जस्ता पात्रहरू रहेका छन् । यीमध्ये ऊ प्रमुख, नारी, वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । दुई छोराहरू सहायक, वयस्क, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हुन् । गाउँलेहरू सहायक, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हुन् । श्रीमान् गौण, वृद्ध, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो ।

## ४.४१.३ परिवेश

यस लघुकथामा मुख्य रूपमा गाउँले परिवेश र प्रसङ्गगत रूपमा सहर र विदेशको परिवेश पनि रहेको पाइन्छ । यसमा भन्सारको स्थानिक परिवेश पनि रहेको पाइन्छ ।

## ४.४१.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी  नभएकोले यहाँ संवादको प्रयोग नभएको पाइन्छ ।

## ४.४१.५ भाषाशैली

यस लघुकथामा प्रशस्त, मैत्रीपूर्ण, सौहार्द्ध, देहान्त, शोक, बज्रपात, अधिक, व्यतित, उज्जवल र पत्र जस्ता तत्सम शब्दका साथै नजर र दर्ज जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उनी, त्यो, उनलाई, तिनीहरू र उनीहरू जस्ता सर्वनाम, र, तर, पनि जस्ता संयोजक, पो र त जस्ता निपात, पूर्णविराम, हलन्त, चन्द्रविन्दु, विसर्ग, अल्पविराम, दोहोरो उद्धरण र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसका साथै यसमा वर्णनात्मक सरल शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.४१.६ उद्देश्य

सम्पत्ति हुँदा र नहुँदाको समयमा मान्छेले गर्ने फरक व्यवहारलाई यथार्थ रूपमा प्रस्तुत गरेर मान्छे कति स्वार्थी छ भन्ने कुरा देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४१.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने श्रीमान श्रीमती, दुई छोराहरू र गाउाले जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी, उनलाई, तिनीहरू र उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४२ 'विश्वास' लघुकथाको अध्ययन

'विश्वास' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत एकचालीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५१ साल भदौ १० गते भएको पाइन्छ । यसमा पााच अनुच्छेद, चौबीस वाक्य र एकसय छेहत्तर शब्द रहेको पाइन्छ ।

### ४.४२.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । दुई छाक राम्ररी खान पाउने झिनो आसमा एउटा गरिब परिवार नयाा-नयाा गाउामा गएको तर त्यहाा पनि पहिलाको जस्तै दुःख कष्ट बेहोर्नु परेको घटनालाई यस लघुकथाको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा नयाा ठाउा फेर्दैमा पद्धतिले रुग्ण पर्यावरणमा खुसियाली प्राप्त नहुने चिन्तन व्यक्त गरिएको पाइन्छ (गोर्खाली, २०५७:१२) । गरिब मान्छे, सुखद भविष्य तथा जीवनको आसामा एक ठाउाबाट अर्को ठाउा अनेक समस्याहरू सहदै एकदिन त राम्रो काम अवश्य पाउाछु भन्ने विश्वासकासाथ गन्तव्यहीन यात्रा गर्न बाध्य हुने कुरा यसमा देखाइएको छ ।विश्वास कथामा भाग्य निर्माण गर्ने स्वयं आफै हुन्छ अरूले भाग्य बनाइदिदैनन् भन्ने कुरा उल्लेख छन् (पोखरेल, २०५८:६५) ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४२.२ पात्र र चरित्र

यस लघुकथामा कृष्ण, उसकी श्रीमती र उसका सन्तान जस्ता पात्रहहरू रहेका छन् । यस लघुकथामा प्रयोग भएका यी पात्रहरूमध्ये कृष्ण प्रमुख, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । कृष्णकी श्रीमती सहायक, मञ्चीय, बद्ध, अनुकूल, गतिहीन र नारी पात्र हो भने उसका सन्तान गौण, बाल,मुक्त,नेपथ्य, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.४२.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । यसमा घुमाउने डााडाको स्थानिक परिवेश र उषाकालीन बिहानीको परिवेश पनि रहेको पाइन्छ ।

### ४.४२.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४२.५ भाषाशैली

यस लघुकथामा पीडा, पूर्वी, वैरी, कष्टकर, स्वयम, पूर्ति र सम्भव जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसमा आफू, यसका, त्यसको र ऊ जस्ता सर्वनाम, र, तर, पनि जस्ता संयोजक, पूर्णविराम, अल्पविराम, विसर्ग, हलन्त, र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग पनि भएको पाइन्छ । यस लघुकथामा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ४.४२.६ उद्देश्य

गरिब मान्छे जहाा गए पनि दुःख कष्ट र समस्याको सामना गर्नुपर्ने भए पनि सङ्घर्ष गर्न छोड्न नहुने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४२.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने कृष्ण, श्रीमती र सन्तान जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसका र त्यसको जस्ता सर्वनामको प्रयोग भएकोले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४३ 'विवशता' लघुकथाको अध्ययन

'विवशता' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत बयालीसौा लघुकथा हो । यस  लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल असोज ३० गते भएको देखिन्छ । यसमा छ अनुच्छेद, तीसवाक्य र दुईसय अट्ठाइस शब्द रहेका पाइन्छन् ।

### ४.४३.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । तीन सन्तानको पेट पाल्न एउटी महिलाले भट्टी थापेर बस्न परेको विवशता र त्यही महिलाप्रति समाजले हेर्ने नकारात्मक दृष्टिकोणलाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । उक्त महिलाको

वास्तविक यथार्थता र उसका दुःख पीडाको कारण नबुझी उसप्रति चरित्रहीन र पतित भन्ने लाञ्छना लगाउने समाज आफै दोषी भएको यथार्थको चित्रण यसमा भएको पाइन्छ । यसमा आफ्नो मिहिनेत गरेर भट्टी पसल थापेर बसेकी महिलालाई सबै गाउालेले खराब हो भन्ने धारणा बनाएर चरित्रहीनको संज्ञा दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकोले यसमा रैखिक कथानक ढाचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको देखिन्छ ।

### ४.४३.२ पात्र र चरित्र

यस लघुकथामा म, उसकी पत्नी, छोराछोरी, लजवन्तिया, उसका तीन बच्चा र गाउालेहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका पात्रहरूमध्ये लजवन्तिया मुख्य, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । म पात्र सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा गाउालेहरू गौण, नेपथ्य, मुक्त, गतिहीन र प्रतिकूल पात्र हुन् । म पात्रका छोराछोरी र लजवन्तियाका छोराछोरी गौणपात्र, बालपात्र, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । म पात्रकी पत्नी गौण, स्त्री, वयस्क, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हो ।

### ४.४३.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । यसमा झण्डीमेला, भट्टी पसल जस्ता स्थानिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.४३.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४३.५ भाषाशैली

यस लघुकथामा जीवजन्तु, पत्नी, नितान्त, स्फूर्ति, सागर जीवन, निर्विघ्न, चरित्रहीन, पतित, अस्मिता र पत्र जस्ता तत्सम शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा ऊ, तिनीहरू, म, उसको, जस्ता सर्वनाम, तर, र, कि, पनि जस्ता संयोजक, त, खै जस्ता निपातको प्रयोग पनि भएको पाइन्छ । यसमा पूर्णविराम, हलन्त, अल्पविराम, दोहोरो उद्धरण,

चन्द्रविन्दु, प्रश्नचिह्न जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैली रहेको पाइन्छ ।

### ४.४३.६ उद्देश्य

भट्टी थाप्दैमा कोही चरित्रहीन र पतित हुादैन, चरित्रहीन त समाजले हेर्ने गलत दृष्टिकोण हो भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४३.७ दृष्टिविन्दु

यस लघुकथामा ‘म’ पात्र समाख्याता र सहायक पात्रका रूपमा आई अरूको कथावाचन गरेकाले तथा ‘म’ सर्वनाम र पात्र दुवैका रूपमा प्रस्तुत भएकोले यसमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४४ ‘छायाँ’ लघुकथाको अध्ययन

‘छायाा’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत त्रिचालीसौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल भदौ २६ गते भएको पाइन्छ । यसमा सात अनुच्छेद, सैतीस वाक्य र दुईसय बयालिस शब्द रहेको पाइन्छ ।

### ४.४४.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । लोभले लाभ र लाभले विलाप भन्ने उखानसाग यो लघुकथाको घटना तथा विषयवस्तु मेल खाने देखिन्छ । यसमा एउटा गरिबले आफ्नो स्वास्नीलाई सुखी र खुशी राख्न, छोरीको गौना गर्ने सपना स्वरूप बढी लोभ गर्दा उसको मृत्यु भएको देखाइएको पाइन्छ । छ्ााया कथामा रमवतियालाई आफ्नो लोग्ने छ्ाायाको रूपमा आइपुग्छ की भन्ने उसलाई झझल्को रहिरहेको कुरा देखाउन खोजिएको छ (पोखरेल, २०५८:६५) । यसमा मान्छे मरेपछि छ्ाायाका रूपमा सपनामा आफ्ना परिवारलाई भेट्न आउाछ भन्ने विश्वास हाम्रो समाज र मानसिकतामा रहेको छ भन्ने कुरा देखाइएको पाइन्छ ।

यस लघुकथामा सरल, सङ्क्षिप्त तथा घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढाांचा रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.४४.२ पात्र र चरित्र

यस लघुकथामा मलु, रमवतिया, तेतरिया, तेतरियाको लोग्ने र सासु जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये मलु मुख्य, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रमवतिया सहायक, स्त्री, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । तेतरिया, सहायक, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । तेतरियाको लोग्ने गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, अनुकूल , गतिहीन र प्रतिकूल पात्र हो ।

### ४.४४.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा औसीको रात, असार जस्ता कालिक परिवेश, खोलो, बजार जस्ता स्थानिक परिवेश गौना जस्तो रीतिरिवाज भएको अवस्थाको प्रस•गत परिवेश पनि रहेको पाइन्छ ।

### ४.४४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४४.५ भाषाशैली

यस लघुकथामा रात्री, आग्रह, जीवजन्तु, शिर, अतृप्ति, अधिक, घनघोर र उद्धार जस्ता तत्सम शब्दका साथै ज्यादा लास, गौना र अगहन जस्ता आगन्तुक शब्द र उज्यालो र कान जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा यो, उसकी र ऊ जस्ता सर्वनाम, पनि, भने, जब, तर, अनि, र जस्ता संयोजक, त, आ,रे जस्ता निपात, पूर्णविराम, हलन्त, अल्पविराम, दोहोरो उद्धरण, चन्द्रविन्दु र विसर्ग जस्ता चिह्न प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक, सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४४.६ उद्देश्य

गरिबीले मान्छेलाई लोभ गर्न बाध्य बनाउाछ र लोभले विलापतिर धकेल्छ भन्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने मलु, रमवतिया र तेतरिया आदि जस्ता नाम र त्यससाग सम्बन्धित ऊ, उसकी जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४५ ॅव्यवहार' लघुकथाको अध्ययन

ॅव्यवहार' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चवालिसौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५५ साल जेठ २१ गते भएको हो । यसमा तीन अनुच्छेद, चौध वाक्य र एकसय एकतीस शब्द रहेको पाइन्छ ।

### ४.४५.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । स्वदेशी सीप र सामानको प्रयोगमा जोडदिइ भाषण गर्ने तर पछि अरु मानिस सो कामना सक्रिय भएर लागेको देख्दा त्यस कामको आफैले विरोध गर्ने मानवीय स्वार्थी प्रवृत्तिलाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । यसमा मान्छेको कुरा र काम विपरीत दिशातिर गर्ने व्यवहारको चित्रण गरिएको पाइन्छ । अरु उभो लागेको देख्न नसकी उभो लागेकाको खुट्टा तान्ने मानवीय प्रवृत्तिलाई यसमा देखाउादै त्यस्ताप्रति व्यङ्ग्य गर्ने काम यस लघुकथामा गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४५.२ पात्र र चरित्र

यस लघुकथामा अनन्त, अलक, गोष्ठीमा सहभागी मान्छे, संस्थाका पदाधिकारी र विरोधी मान्छे जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका यी पात्रहरूमध्ये अलक मुख्य, पुरुष, वयस्क, मञ्चीय, बद्ध, गतिहीन र अनुकूल पात्र हो । अनन्त सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध, गतिशील र प्रतिकूल पात्र हो । संस्थाका पदाधिकारी र विरोधीहरू गौण, नेपथ्य, मुक्त र गतिहीन पात्र हुन् ।

### ४.४५.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा एक महिनाको कालिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.४५.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४५.५ भाषाशैली

यस लघुकथामा जीवनमार्ग र श्रम जस्ता तत्सम शब्दका साथै काम जस्तो तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा त्यो, यो र आफ्नो जस्ता सर्वनाम, र, तर, पनि जस्ता संयोजक, नै, त जस्ता निपात, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४५.६ उद्देश्य

मान्छेले कुरा एकातिर तथा काम र व्यवहार अर्कोतिर गर्ने एवम् उभो लागेकाको खुट्टा तान्ने मानवीय स्वार्थी प्रवृत्तिलाई त्याग्नुपर्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४५.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीयपुरुष बुझाउने अलक, अनन्त आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित त्यो, यो जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४६ ‘क्रम’ लघुकथाको अध्ययन

‘क्रम’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत पैतालिसौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल भदौ १३ गते भएको पाइन्छ । यसमा छ अनुच्छेद, सत्र वाक्य र एकसय अट्ठाइस शब्द रहेको पाइन्छ ।

### ४.४६.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । गरिब मान्छेको दिनभरी काम गरेर पनि आफ्नो श्रीमती र सन्तानको भरपेट खाना खाने इच्छालाई पूरा गर्न नसक्ने दयनीय अवस्था भएको यथार्थ घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । क्रम कथामा गरिबको समस्या सधौंभरि उस्ताको उस्तै रहन्छ भन्ने देखाइएको छ (पोखरेल, २०५८:६५) । यसमा एउटा निम्नवर्गीय पात्रको दैनिक चर्चालाई प्रस्तुत गरिएको छ, अर्थाभावका कारण माया गर्न पनि डराउने यस्ता पात्र हाम्रा गाउाघरका सजीव पात्र हुन ( पूजा, २०५८:६) । यसमा टुल्के नामक पात्रको दिनचर्चा बिहान उठेर ढुं साहुको घरमा काम गर्न जाने र साझमा निन्याउरो मुख र थकित आाखा लिएर फर्कने क्रमलाई देखाइएको छ ।

यस लघुकथामा सङ्क्षिप्त, घटनाप्रधान र सरल कथानकको प्रयोग भएको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकाले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४६.२ पात्र र चरित्र

यस लघुकथामा टुल्के, झुम्की, ढुँ साहू, टुल्केका सन्तान, पाढी र बाच्छी जस्ता पात्रहरू रहेका छन् । यीमध्ये टुल्के, झुम्की, ढुँ साहू, टुल्केका सन्तान मानवीय पात्र हुन् भने पाढी र बाच्छी मानवेतर पात्र हुन् । यस लघुकथामा प्रयोग भएका पात्रहरूमध्ये टुल्के प्रमुख, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । झुम्की सहायक, स्त्री, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । ढुँ साहू गौण, पुरुष नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हो । टुल्केका सन्तान गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । पाढी र बाच्छी गौण, मानवेतर, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.४६.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । पिंढी र पाली जस्ता स्थानिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.४६.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाँ संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४६.५ भाषाशैली

यस लघुकथामा आशापूर्ण, आशाप्रद, पूर्ण, समर्थ, निस्तेज, निरीह र फलीभूत जस्ता तत्सम शब्दका साथै नजर जस्तो आगन्तुक शब्द र हात जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा ऊ, उसका र उसले जस्ता सर्वनाम, र, तर, तथा, पनि अनि जस्ता संयोजक, पूर्णविराम, चन्द्रविन्दु, हलन्त, विसर्ग र अल्पविराम जस्ता चिह्न प्रयोग र नै जस्ता निपातको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग पनि भएको छ ।

### ४.४६.६ उद्देश्य

गरिब मान्छेले दिनभरि परिश्रम गरेर पनि आफ्ना परिवारलाई भरपेट खाना ख्वाउन नसक्ने यथार्थताको चित्रण गर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४६.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीयपुरुष बुझाउने टुल्के, झुम्की, ढुङ्साहू, पाठी, बाच्छी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसका, उसले जस्ता सर्वनामको प्रयोग भएकोले तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४७ ँसोचाइ' लघुकथाको अध्ययन

ँसोचाइ' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत छियालिसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५५ साल जेठ २८ गते भएको पाइन्छ । यसमा पााच अनुच्छेद, पच्चीस वाक्य र दुई सय बत्तीस शब्द रहेको पाइन्छ ।

### ४.४७.१ विषयवस्तु र कथानक

यस लघुकथामा शैक्षिक र राजनैतिक विषयवस्तु रहेको पाइन्छ । एउटा गरिब छात्रले पढ्नका लागि कापी बनाउन भनेर चुनावमा प्रचार-प्रसार गर्न फालिएका पोस्टर र पम्प्लेटहरू बटुल्नु तर उसको समस्या र उद्देश्य नबुझी सजाय दिने शिक्षकको सङ्कुचित मानसिकतालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । यसमा शिक्षकले अभिभावकहरूलाई मर्का मात्र पार्ने काम गरेको देखाइएको छ (पोखरेल, २०५८:६५) । यसमा पढ्नका लागि इच्छा भएको र परिश्रम गर्न खोज्ने विद्यार्थीलाई सहयोग र हौसला प्रदान गर्नुको साटो उल्टै सजाए दिइएको घटना देखाइएको पाइन्छ ।

यस लघुकथामा सङ्क्षिप्त, घटनाप्रधान र सरल कथानक  रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रुपमा भएकोले यसमा रैखिक कथानक ढाचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४७.२ पात्र र चरित्र

यस लघुकथामा नियोग, शिक्षक, अन्य विद्यार्थी र नियोगका बा र आमा जस्ता पात्रहरू रहेका छन्।यस लघुकथामा प्रयोग भएका पात्रहरूमध्ये नियोग प्रमुख, पुरुष,बाल,मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । शिक्षक सहायक, पुरुष, वयस्क, मञ्चीय, बद्ध,गतिहीन, र प्रतिकूल पात्र हो । अन्य विद्यार्थीहरू गौण, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । नियोगका बा र आमा गौण, बा पुरुष, आमा स्त्रीपा, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र   हुन्।

### ४.४७.३ परिवेश

यस लघुकथामा शैक्षिक र राजनैतिक परिवेश रहेको पाइन्छ । यसमा बजार र विद्यालयको स्थानिक परिवेश, निर्वाचन ताकाको कालिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.४७.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४७.५ भाषाशैली

यस लघुकथामा पूर्वरूप, छात्र, छात्रा, क्रोध, निःशुल्क, गृहकार्य, विगत र मनमोहक जस्ता तत्सम शब्द र पोस्टर, स्कुल, बेञ्च र लठ्ठी जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको  पाइन्छ । यसमा ती, उसको, उनी, आफू, यो र उसलाई जस्ता सर्वनाम, र, तथा, पनि, कि, भने जस्ता संयोजक, त जस्तो निपातको प्रयोग भएको पाइन्छ । यसका साथै पूर्णविराम, हलन्त, अल्पविराम, चन्द्रविन्दु, विसर्ग, प्रश्नचिह्न र दोहोरो उद्धरण जस्ता चिह्न प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४७.६ उद्देश्य

शिक्षकवर्गले विद्यार्थी तथा अभिभावकको पीरमर्का बुझ्नुपर्ने र परिश्रम गरेर पढ्ने विद्यार्थीहरूलाई सहयोग र हौसला दिनुपर्ने सन्देश दिने उद्देश्य यस  लघुकथाको रहेको पाइन्छ ।

### ४.४७.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने शिक्षक, नियोग आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनी, उसको, ती र उसैलाई जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.४८ 'भोको मान्छे' लघुकथाको अध्ययन

'भोको मान्छे' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत सैतालिसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार २०५५ साल असार २६ गते यसको रचना भएको पाइन्छ । यसमा सात अनुच्छेद, सत्र वाक्य र एकसय त्रिहत्तर शब्द रहेका छन् ।

### ४.४८.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक र राजनैतिक रहेको पाइन्छ । जिउादो हुादासम्म कसैले वास्ता नगर्ने तर मरेपछि विभिन्न समुदायहरूले आ-आफ्नो समुदायको सदस्य हो भन्दै एउटा लासलाई लिएर गरेको राजनीतिलाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यसमा दुई छाक सामान्य भोजनको अनुरोध पत्रभेटिने मृतकको मुर्दा शरीरमाथिको राजनीति पाइन्छ (गोर्खाली, २०५७:१२) । यसमा राजनीतिमा हुने स्वार्थतालाई देखाइएको पाइन्छ । यसमा गरिब असहाय एकजना व्यक्तिलाई जिउादो हुादासम्म कसैले खाना खान नदिएको तर मरेपछि सबैले नक्कली सहानुभूति प्रकट गरेको देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र चरित्रप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.४८.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, उसका परिवार, प्रहरीहरू, क समुदाय, ख समुदाय र अन्य धार्मिक समूह जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा प्रयोग आएका पात्रहरूमध्ये ऊ पात्र मुख्य, पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । क समूह र ख समूह सहायक, मञ्चीय, बद्ध, गतिहीन र प्रतिकूल पात्र हुन् । त्यसैगरी अन्य धार्मिक समूहहरू गौण, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हुन् । प्रहरीहरू सहायक, मञ्चीय, बद्ध, गतिशील र अनुकूल पात्र हुन् । उसका परिवार गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.४८.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । यसमा सदरमुकामको प्रस·गत परिवेश पनि रहेको पाइन्छ ।

### ४.४८.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.४८.५ भाषाशैली

यस लघुकथामा परिक्रमा, ग्रहण, पत्र, प्रवचन, निरूपाय, तथापि, सद्गत्, कटु, आकृष्ट र पत्र जस्ता तत्सम शब्दको प्रयोगका साथै लास, पोष्टमार्टम, रिपोर्ट, कब्जा, जिकिर र रोहवर जस्ता आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा आफ्नो, यो, उसले, उसलाई, यसलाई, त्यसको, ती र उनीहरूले जस्ता सर्वनाम, तर, र, पनि, तथापि

जस्ता संयोजक, पूर्णविराम, हलन्त, अल्पविराम, चन्द्रविन्दु र दोहोरो उद्धरण जस्ता चिह्नको प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको छ ।

### ४.४८.६ उद्देश्य

भोको मान्छेलाई प्रवचन होइन, खाना चाहिन्छ भन्ने सन्देश दिने र लासमाथि राजनीति गर्ने समुदायहरूको यथार्थ चित्रण गर्दै त्यसप्रति व्यङ्ग्य गर्नु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.४८.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने ऊ, प्रहरी, धार्मिक समुदायहरू र ऊ पात्रका परिवार जस्ता नाम तथा त्यससाग सम्बन्धित उसले, उसलाई, त्यसको, ती र उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.४९ 'निरुत्तर' लघुकथाको अध्ययन

'निरुत्तर' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत अड्चालीसौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मितिअनुसार यसको रचना २०५३ साल पुस २४ गते भएको हो ।

### ४.४९.१ विषयवस्तु र कथानक

यस लघुकथामा बालमनोविज्ञानलाई विषयवस्तु बनाइएको छ । पााच वर्षमा पाइला टेकेको बालकले आफ्नो बाबासाग ठूलो मान्छे भनेको के हो ?, अनि ठूलो मान्छे हुन के गर्नुपर्छ भन्ने प्रश्न सोधेको तर बाबाले छोराको प्रश्नको उत्तर दिन नसकेर निरुत्तर भएको अवस्थालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । बालकका मनमा छोराछोरीले राम्रो लुगा लगाउनु, सहरमा पढ्न जानु तथा धेरै नोकर चाकर भएको मान्छे नै ठूलो मान्छे हो भन्ने भ्रम परेको कुरालाई यस लघुकथामा देखाइएको पाइन्छ । खराब चरित्र भएका व्यक्तिले नै समाजमा ठूलो व्यक्तिको दर्जा पाएको विडम्बनालाई यसमा देखाइएको पाइन्छ । निरुत्तरमा सुकिलो लुगाले गर्दा खराबलाई ठूलो मान्छे ठान्ने बालक पुत्रको प्रश्नमा घोरिने पितृहृदय देखाइएको छ (गोर्खाली, २०५७:१२) ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत बालमनोविज्ञान हो ।

### ४.४९.२ पात्र र चरित्र

यस लघुकथामा म पात्र, ऊ पात्र, रमेश, जगत, हरि र नवीन जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा प्रयोग भएका यी पात्रहरूमध्ये ऊ पात्र प्रमुख, पुरुष, बाल, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । म पात्र सहायक पुरुष, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । रमेश, जगत, हरि गौण, पुरुष, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । त्यसैगरी नवीन गौण, पुरुष, नेपथ्य, मुक्त, प्रतिकूल र गतिहीन पात्र हो ।

### ४.४९.३ परिवेश

यस लघुकथामा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । प्रस·गत रूपमा कारागारको स्थानिक परिवेश र पााच वर्षको कालिक परिवेश पनि रहेको पाइन्छ ।

### ४.४९.४ संवाद

यस लघुकथामा म पात्र र ऊ पात्रका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको पाइन्छ ।

### ४.४९.५ भाषाशैली

यस लघुकथामा दुविधा, लाभ र लालायित जस्ता तत्सम शब्दको प्रयोगका साथै नजर, वापत र इन्जिनियर जस्ता आगन्तुक शब्द र सास जस्ता तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसमा ऊ, उसले, उसको, तिमीलाई, उसैलाई र उनी जस्ता सर्वनाम, अनि, तर, र जस्ता संयोजक, न, ल, त, नि जस्ता निपात, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त, विश्मय, चन्द्रविन्दु र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४९.६ उद्देश्य

बालबालिकाहरू कौतूहलपूर्ण स्वभावका हुन्छन् । त्यसैले उनीहरूको उत्सुकताको निवारण सही तरिकाले गर्नुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.४९.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आइ उसले ‘ऊ’ पात्रका बारेमा कथावाचन गरेकाले तथा त्यससाग सम्बन्धित म, मैले जस्ता सर्वनामको प्रयोग भएकोले यसमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५० ‘अठोट’ लघुकथाको अध्ययन

‘अठोट’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत उन्पचासौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५२ साल भदौ ३१ गते भएको हो । यस लघुकथामा पााच अनुच्छेद, पच्चीस वाक्य र एकसय अठासी शब्द रहेका छन् ।

### ४.५०.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । मान्छेले बााच्नका लागि सङ्घर्ष गर्दै जीवनको यात्रा निरन्तर गर्नुपर्ने अठोटलाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यसमा एकजना म पात्रले लक्ष्यमा पुग्नका लागि गरेको सङ्घर्षको यात्रालाई देखाइएको छ । यसमा मान्छेको आर्थिक अवस्था कमजोर भएकाले भोको पेट गन्तव्यको आसामा सङ्घर्ष गर्दै यात्रा गर्न बाध्य हुन्छ भन्ने कुरा देखाइएको छ । यसमा प्रतिबद्ध आस्थाकर्मीको निरन्तर यात्रा जस्ता वस्तुतथ्य समेत रहेका छन् ।

यस लघुकथामा सङ्क्षिप्त, सरल र घटनाप्रधान कथानक रहेको पाइन्छ । यसको कथानकको विकास शृङ्खलित रूपमा आदि, मध्य र अन्त्यको क्रममा भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.५०.२ पात्र र चरित्र

यस लघुकथामा म पात्र र उनीहरू पात्रका रूपमा रहेका छन् । यस लघुकथामा आएका पात्रहरूमध्ये ‘उनीहरू’ पात्र मुख्य, मञ्चीय, बद्ध, अनुकूल र गतिशील पात्र हुन् भने ‘म’ पात्र सहायक, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो ।

### ४.५०.३ परिवेश

यस लघुकथामा पहाड, खोला, जस्ता कुराहरू आएकाले यसमा गाउाले सामाजिक परिवेश रहेको छ । यसमा पहाड खोला जस्ता स्थानिक परिवेश र केही बसन्तको कालिक परिवेश पनि रहेको छ ।

### ४.५०.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५०.५ भाषाशैली

यस लघुकथामा यात्रा, लक्ष्य, प्रतिज्ञा, शिखर, स्पर्श, निश्चय, नैराश्य, आलस्य, स्मृति, विश्राम, सागर, लज्जास्पद, कायर, मित्र, मोहजाल र आग्रह जस्ता तत्सम शब्दको प्रयोग भएको छ । यसमा रोटी, धरती जस्ता आगन्तुक शब्द तथा  हात जस्तो तद्भव शब्दको पनि प्रयोग भएको छ । यसमा उनीहरू, म, मैले, मेरो र यो जस्ता सर्वनाम, र, पनि, तर र उनी जस्ता संयोजक, पूर्णविराम, हलन्त, अल्पविराम, चन्द्रविन्दु र विसर्ग जस्ता चिह्न प्रयोग भएको   पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.५०.६ उद्देश्य

प्रत्येक व्यक्तिले आफ्नो सङ्घर्षको यात्रालाई जोश, जाागर र उत्साहका साथ निरन्तर अगाडि बढाउने अठोट गर्नुपर्ने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५०.७ दृष्टिविन्दु

यस लघुकथामा म पात्र समाख्याताका रूपमा आई ‘उनीहरू’ नामक पात्रहरूका बारेमा वर्णन गरेकोले तथा त्यससाग सम्बन्धित मेरो, यो र मैले जस्ता सर्वनामको प्रयोग भएकोले यसमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५१ ‘भ्रममुक्ति’ लघुकथाको अध्ययन

‘भम्रमुक्ति’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत पचासौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४८ साल वैशाख ५ मा भएको हो । यसमा चार अनुच्छेद, उन्नाइस वाक्य र एकसय छत्तीस शब्द रहेका छन् ।

### ४.५१.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । एउटा युवकले मन पराएकी युवतीले परिचयको क्रम खोल्दै जाादा पति र कान्छो छोरो भनेपछि युवकको ती युवती अविवाहित हुन् भन्ने भ्रमबाट मुक्ति पाएको घटना यस लघुकथाको विषयवस्तु रहेको छ । यहाा बस दुर्घटनामा परिचय भएकी जिज्ञासालाई सहयात्री जीवनले दाम्पत्य आकाङ्क्षाले

कुमारी केटी ठान्दाको लज्जाबोध देखाइएको छ । यस्तैगरी यहाा जिज्ञासाले आफ्नो साथमा पति र कान्छो छोरो भएको कुरा बताउादा उसलाई भ्रममुक्त हुनुका साथै आश्चर्यमा समेत परेको कुरा प्रष्ट हुन्छ । (पोखरेल, २०५८ : ६५)।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको छ । यसको कथानक शृङ्खलित रूपमा आदि, मध्य र अन्त्यको क्रममा विकास भएकाले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.५१.२ पात्र र चरित्र

यस लघुकथामा जीवन, जिज्ञासा, उसको पति र कान्छो छोरो जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये जीवन प्रमुख, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । त्यस्तैगरी जिज्ञासा सहायक, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । जिज्ञासाका पति गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । अन्त्यमा जिज्ञासाको कान्छो छोरो गौण, पुरुष, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो ।

### ४.५१.३ परिवेश

यस लघुकथामा सामाजिक परिवेशका साथसाथै प्रमुख पात्र जीवनको मानसिक परिवेश पनि रहेको छ । त्यस्तैगरी यसमा अस्पतालको सङ्कटकालीन कक्षको पनि प्रस·गत परिवेश रहेको छ ।

### ४.५१.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५१.५ भाषाशैली

यस लघुकथामा कक्ष, आकृष्ट, पत्र, प्रफुल्ल, स्वप्न, सागर, भयभीत, पति र मुद्रा जस्ता तत्सम शब्दका साथै ओठ, हात र रात जस्ता तद्भव शब्द र गौर जस्तो आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा त्यो, ऊ, उनीहरू, उनलाई र उनले जस्ता सर्वनाम, पनि, तर, र जस्ता संयोजक, पूर्णविराम, हलन्त, अल्पविराम र चन्द्रविन्दु जस्ता चिह्न प्रयोग भएको छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग पनि भएको पाइन्छ ।

### ४.५१.६ उद्देश्य

कसैलाई राम्रोसाग नचिनीकन उसप्रति आफ्नो धारणा बनाउनु हुादैन । नत्र यस लघुकथाको नायक जीवनको झैा पीडा पाइन्छ भन्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५१.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने जीवन, जिज्ञासा र पति आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उनीहरू, उनलाई, त्यो र उनले जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५२ 'दया' लघुकथाको अध्ययन

'दया' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत एकाउन्नौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल भदौ २९ गते भएको हो । यसमा चार अनुच्छेद, बाइस वाक्य र एकसय पच्चीस शब्द रहेका छन् ।

### ४.५२.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको छ । धनी वर्गले एकजना गरिब बृद्धलाई काम नदिने तर उसकी सोह्र वर्षीय छोरीलाई दयाको बहानामा काम दिई आफ्नो स्वार्थ पूरा गर्ने भित्री मनशायलाई यस लघुकथाको विषयवस्तु बनाइएको छ । यहाा दयाको नाममा उसको अस्मितासाग खेलवाड गर्न खोज्ने त्यस्ता सामन्ती स्वार्थी, शोषक वर्गको यथार्थ चित्रण गरिएको छ । यसमा एउटा गरीब र रोगी बुवाले आफू अशक्त भएकोले तरुनी छोरीको कमाइ खान बाध्य भएको घटना रहेको छ भने हाम्रै समाजमा रहेका यस्ता स्वार्थी शोषक वर्गको चित्रण गर्दै त्यस्ताप्रति व्यङ्ग्य गर्ने काम पनि अप्रत्यक्ष रूपमा गरिएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यस लघुकथाको कथानकको स्रोत समाज रहेको छ ।

### ४.५२.२ पात्र र चरित्र

यस लघुकथामा ऊ, उसकी छोरी र सामन्तीवर्ग जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका पात्रहरूमध्ये ऊ पात्र प्रमुख, पुरुष, वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा ऊ पात्रकी छोरी सहायक, स्त्री वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसै गरी सामन्ती वर्ग गौण, पुरुष, नेपथ्य, मुक्त, प्रतिकूल र गतिशील पात्र हो ।

### ४.५२.३ परिवेश

यस लघुकथामा सामाजिक परिवेश रहेको छ । यसमा सामन्ती शोषकको स्वार्थी मानसिकता तथा एउटा गरिबको दयनीय अवस्था भएको परिवेश  रहेको छ ।

### ४.५२.४ संवाद

यस लघुकथामा ऊ पात्र र सामन्तीवर्गका बीचमा कुराकानी भएकोले संवादको प्रयोग भएको पाइन्छ ।

### ४.५२.५ भाषाशैली

यस लघुकथामा निश्चिन्त, आग्रह, सूक्ष्म, निरीह र अग्रिम जस्ता तत्सम शब्दका साथै काम, आासु जस्ता तद्भव शब्द र पेश्की जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा ऊ, उसलाई र आफू जस्ता सर्वनाम, पनि, र, तर, जस्ता संयोजक, त जस्तो निपात, पूर्णविराम, चन्द्रविन्दु, अल्पविराम, हलन्त, विसर्ग, दोहोरो उद्धरण र प्रश्नचिह्न जस्ता चिह्न प्रयोग पनि भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.५२.६ उद्देश्य

समाजमा रहेका त्यस्ता व्यक्ति जसले दयाको नाममा आफ्नो स्वार्थ पूरा गर्न खोज्छ त्यस्ता व्यक्तिको पर्दाफास गर्दै तीव्र व्यङ्ग्य गर्नु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.५२.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने ऊ, छोरी जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसलाई जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीयपुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५३ ‘सतह’ लघुकथाको अध्ययन

‘सतह’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत बाउन्नौं लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५१ साल माघ २४ गते भएको पाइन्छ । यसमा सात अनुच्छेद, पैंतीस वाक्य र दुई सय छयालीस शब्द रहेका छन् ।

#### ४.५३.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । निम्नवर्गीय मानिसका लागि विकास पनि बाधा बन्न जाने घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । गाउँको विकास गर्न बाटो, मोटर, झिलीमिली बत्ती, विद्यालय बनाउँदा श्रमिक गाउँले वर्ग एक छिन खुसी भए पनि पछि त्यसको शुल्क तिर्न नसक्दा, मोटरले सस्तोमा सामान ओसारपसार गर्दा उनीहरूको रोजगार खोसिएकाले भोकै बस्न बाध्य हुन्छन् त्यसैले त्यस्तो विकास उनीहरूका लागि विकास नभएर दालभात डुकुको समस्या बन्न पुग्छ भन्ने कुरा यस लघुकथामा देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विकास भएकाले यसमा रैखिक कथानक ढाँचाको प्रयोग भएको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

#### ४.५३.२ पात्र र चरित्र

यस लघुकथामा सोम, गाउँलेहरू, केटाकेटीहरू र शिक्षक जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये सोम प्रमुख, पुरुष, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा गाउँलेहरू सहायक, मञ्चीय, बद्ध, अनुकूल र गतिशील पात्र हुन् । यसमा केटाकेटीहरू गौण, पुरुष, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् । त्यस्तैगरी शिक्षक गौण, पुरुष, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो ।

#### ४.५३.३ परिवेश

यस लघुकथामा गाउँले सामाजिक परिवेश रहेको पाइन्छ । चौतारी, विद्यालय, आँपचौर, खहरे खोला कच्चीपुल, सदरमुकाम जस्ता ठाउँको स्थानिक परिवेश तथा प्रसङ्गमा राजधानीको परिवेश पनि रहेको पाइन्छ ।

#### ४.५३.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५३.५ भाषाशैली

यस लघुकथामा श्रमदान, विद्यालय, शिर, पूर्ति, उपस्थिति र पुस्तक जस्ता तत्सम शब्दका साथै काम जस्ता तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उनीहरू, आफू र त्यो जस्ता सर्वनाम, र, पनि, वा, तर, तथा, जब, तब जस्ता संयोजक, त, नै जस्ता निपात, चन्द्रविन्दु, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण, हलन्त र विसर्ग जस्ता चिह्नको प्रयोग भएको पाइन्छ । यसमा वर्णनात्मक तथा सरल शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.५३.६ उद्देश्य

गरिबका लागि विकास पनि कहिलेकाही दालभात डुकुको समस्या बन्न जान्छ र उनीहरू विकासप्रति विद्रोही बन्छन् भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५३.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने सोम, गाउाले, शिक्षक र केटाकेटीहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित उनीहरू, त्यो जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५४ 'पहिचान' लघुकथाको अध्ययन

'पहिचान' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत त्रिपन्नौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५४ साल असोज ६ गते भएको हो । यसमा छ अनुच्छेद, नौ वाक्य र एकसय छप्पन्न शब्द रहेका छन् ।

### ४.५४.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको पाइन्छ । समाजमा धनको महत्त्व बढी छ भन्ने कुरालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । यसमा आफू स्नातकोत्तर पढ्दै गरेकी, महिला अधिकारवादी र 'आकाश' नामक मासिक प्रकाशनकी स्तम्भ लेखिका भए पनि वर छान्ने अधिकार पाउादा यस लघुकथाकी नायिकाले प्रवेशिका मात्र पढेको, योग्यता अनुसार भन्सारको जागिर र राजधानीमा बंगला भएको युवकलाई छानेको देखाइएको छ । यसमा मान्छेलाई धनदौलतले पहिचान गराउाछ भन्ने कुराको विशेष उल्लेख भएको देखिन्छ (पोखरेल, २०५८:६५) । त्यस्तैगरी सज्जन र सुशिक्षित केटाभन्दा बिहे

उमेरकी रोजीले भन्सारमा कमाउ सामान्य जागिरे वर छान्नुको रहस्य यसमा रहेको पाइन्छ (गोर्खाली, २०५७:१२) । यस लघुकथामा मान्छेले धनलाई बढी महत्त्व दिएको देखाइएको छ ।

यस लघुकथामा सरल, सङ्क्षिप्त र घटनाप्रधान कथानक रहेको पाइन्छ । यस लघुकथाको कथानक आदि, मध्य र अन्त्यको क्रमिक रूपमा विकास भएकोले यसमा रैखिक कथानक ढाँचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.५४.२ पात्र र चरित्र

यस लघुकथामा रोजी, विवाहका लागि फोटो पठाइएका चार युवक - पहिलो, दोस्रो, तेस्रो र चौथो पात्रहरू हुन् । यस लघुकथामा आएका यी पात्रहरूमध्ये रोजी मुख्य, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । त्यस्तैगरी पहिलो, दोस्रो, तेस्रो र चौथो युवक गौण, पुरुष, वयस्क, नेपथ्य, मुक्त, गतिहीन र अनुकूल पात्र हुन् ।

### ४.५४.३ परिवेश

यस लघुकथामा विश्वविद्यालय भएको तथा पत्रपत्रिका प्रकाशन भएकोले सहरिया परिवेश रहेको पाइन्छ । यसमा प्रस॰गत रूपमा नगर, पहाडी गाउँ, राजधानीको पनि नाम आएको देखिन्छ ।

### ४.५४.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यसमा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५४.५ भाषाशैली

यस लघुकथामा पत्र, विवाह, वर, सूचित, शिष्ट, मिष्टभाषी, उत्तीर्ण, ग्रामीण, छात्रा, द्वितीय र यद्यपि जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसमा फोटो, बंगला जस्ता आगन्तुक शब्द तथा हात जस्तो तद्भव शब्दको प्रयोग पनि भएको पाइन्छ । यसका साथै उसलाई, उसले र ऊ जस्ता सर्वनाम, र, तर, तथा, अनि, यद्यपि जस्ता संयोजक, पूर्णविराम, अल्पविराम, हलन्त र चन्द्रविन्दु जस्ता चिह्नको प्रयोग भएको पनि पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग पनि भएको पाइन्छ ।

### ४.५४.६ उद्देश्य

समाजमा छोरीलाई पनि छोरालाई जस्तै आफ्नो जीवनसाथी छनोट गर्न दिनुपर्ने र समाजमा पैसाले नराम्ररी जरो गाडेको छ भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५४.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने रोजी, पहिलो, दोस्रो, तेस्रो र चौथो युवक जस्ता नाम र त्यससाग सम्बन्धित उसलाई, उसले र ऊ जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५५ 'दृष्टि' लघुकथाको अध्ययन

'दृष्टि' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत चौवन्नौ लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४९ साल भदौ ७ गते भएको पाइन्छ । यसमा तीन अनुच्छेद बाह्रवाक्य र एकसय उन्चालीस शब्द रहेका छन् ।

### ४.५५.१ विषयवस्तु र कथानक

यस लघुकथाको विषयवस्तु सामाजिक रहेको छ । भ्रष्टाचार विरोधी कार्यक्रममा सहयोग गर्ने व्यक्तिले नै घुस लिएकोले समातिएको घटना यसमा रहेको पाइन्छ । उच्चपदमा भएकाले गरेको भ्रष्टाचारलाई कसैले थाहै नपाउने तर तल्लो वर्गमा रहेकाले गरेको भ्रष्टाचारलाई सञ्चार माध्यमले जोडतोडका साथ प्रचार गरेको कुरालाई यसमा देखाइएको छ । राजनीतिको नाममा हुने भए गरेका प्रचार-प्रसारलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ (घिमिरे, २०६५:१८) । त्यस्तैगरी तल्लो तहका कर्मचारीलाई घुस लिएको आरोपमा कारवाही गरिन्छ यसैगरी उच्च ओहोदामा पदासीन व्यक्तिहरूलाई यो कानून लागूहुादैन । उनीहरूलाई जे जस्तो काम गरेपनि छुट हुन्छ (पोखरेल, २०५८:६५) ।

यस लघुकथाको कथानक सरल, सङ्क्षिप्त र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा भएकाले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको पाइन्छ ।

### ४.५५.२ पात्र र चरित्र

यस लघुकथामा जागरुक नागरिक समाज नामक संस्थाका सदस्यहरू, कार्यालय प्रमुखहरू, अन्य कर्मचारीहरू, र्‍यालीका सहभागी, नगरवासीहरू र दिपक जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका पात्रहरूमध्ये जागरुक नागरिक समाज नामक संस्थाका सदस्यहरू प्रमुख, मञ्चीय, बद्ध र गतिशील पात्र हुन् । दिपक सहायक, पुरुष, मञ्चीय, बद्ध, प्रतिकूल र गतिशील पात्र हो । यसमा कार्यालय प्रमुख, अन्य कर्मचारीहरू, र्‍यालीका सहभागी र नगरवासीहरू गौण, नेपथ्य र मुक्त पात्र हुन् ।

### ४.५५.३ परिवेश

यस लघुकथामा भ्रष्टाचारयुक्त सामाजिक परिवेश रहेको पाइन्छ । यसमा नगरको परिवेश, र्‍याली तथा जुलुसको परिवेश अड्डाको परिवेश पनि रहेको पाइन्छ ।

### ४.५५.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५५.५ भाषाशैली

यस लघुकथामा पत्र, वचन, निमित्त, हार्दिकतापूर्वक, तथापि, न्यून, प्रबन्ध र अत्यन्त जस्ता तत्सम शब्दका साथै जुलुस, पम्प्लेट, माइक, तय, बिस्कुट, चकलेट, चुई·म र ग्लुकोज जस्ता आगन्तुक शब्द र काम जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उनीहरू, यो र त्यो जस्ता सर्वनाम, र, तथापि, तर जस्ता संयोजक, नै निपात, पूर्णविराम, अल्पविराम, दोहोरो उद्धरण र विसर्ग जस्ता चिह्नको प्रयोग भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.५५.६ उद्देश्य

घुस लिने र दिने दुवै काम भ्रष्टाचार हो त्यसैले दुवैले सजाय पाउनुपर्छ भन्ने सन्देश दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५५.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने दिपक, जागरुक नागरिक समाज र नगरबासी आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनीहरू, त्यो जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५६ 'कायर र वीर' लघुकथाको अध्ययन

'कायर र वीर' लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत पचपन्नौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०४८ साल भदौ १० गते भएको पाइन्छ । यसमा तीन अनुच्छेद, उन्नाइस वाक्य र एकसय छ शब्द रहेको पाइन्छ ।

### ४.५६.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । सज्जन व्यक्तिलाई समाजले कायर र दुर्जन व्यक्तिलाई वीर ठान्ने गरेको घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । सज्जन हादासम्म कसैले नटेर्ने, उसको मैत्री भावको सम्मान नगर्ने तर त्यही व्यक्तिले लामो केश पालेर धुम्रपान र मद्यपान गरी सद्दे पाइन्छ ठाउा-ठाउामा टालेर लगाउादा उसलाई वीर ठान्ने गलत दृष्टिकोणलाई यसमा देखाइएको पाइन्छ । सोझो ग्रामबासी युवकभन्दा कानमा मुन्द्री झुन्ड्याउने गोपाललाई स्वार्थीवृत्तले मनपराएको परिदृश्य छ (गोर्खाली, २०५७:१२) । यस लघुकथामा सङ्गत गुनाको फल भन्ने उखान चरितार्थ भएको देखिन्छ (पोखरेल, २०५८:६५) । यसमा एउटा सोझो युवक पछि दुर्जन व्यक्तिको स·तमा लागेर दुर्जन बनेको घटनालाई देखाइएको छ ।

यस लघुकथामा सङ्क्षिप्त, सरल र चरित्रप्रधान कथानक रहेको पाइन्छ । यसको कथानकको विकास आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

### ४.५६.२ पात्र र चरित्र

यस लघुकथामा गोपाल र उसका साथीहरू पात्रका रूपमा रहेका छन् । यस लघुकथामा रहेका पात्रहरूमध्ये गोपाल प्रमुख, पुरुष, वयस्क, बद्ध, मञ्चीय, प्रतिकूल र गतिशील पात्र हो । यसमा गोपालका साथीहरू सहायक, वयस्क, मञ्चीय, बद्ध, प्रतिकूल र गतिहीन पात्र हुन् ।

### ४.५६.३ परिवेश

यस लघुकथामा मुख्य रूपमा सहरिया परिवेश र प्रस·गत रूपमा गाउाले परिवेश रहेको पाइन्छ । यसमा सिनेमा र नाचघर जस्ता स्थानिक परिवेश पनि रहेका छन् ।

### ४.५६.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी नभएकोले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

### ४.५६.५ भाषाशैली

यस लघुकथामा बाल्यकाल, उत्साहमय, मैत्रीभाव, आत्मीयतापूर्ण, आचरण, अत्यधिक मित्र, मद्यपान, वीर र केश जस्ता तत्सम शब्दका साथै सामेल र पाइन्ट जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा उसको, यो, उनीहरू, उसलाई र ऊ जस्ता सर्वनाम, तर, र, पनि जस्ता संयोजकका साथै पूर्णविराम, चन्द्रविन्दु, अल्पविराम र हलन्त

जस्ता चिह्नको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

#### ४.५६.६ उद्देश्य

सज्जन व्यक्तिलाई कायर र दुर्जन व्यक्तिलाई वीर ठान्नु गलत दृष्टिकोण हो भन्ने देखाउनुका साथै सज्जन हुादैमा कोही कायर र दुर्जन हुादैमा कोही वीर हुादैन भन्ने देखाउने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

#### ४.५६.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने गोपाल र साथीहरू जस्ता नाम तथा त्यससाग सम्बन्धित ऊ, उसलाई, उसको र उनीहरू जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.५७ ‘तस्वीर’ लघुकथाको अध्ययन

‘तस्वीर’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा सङ्गृहीत छप्पन्नौा लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५० साल भदौ १४ गते भएको पाइन्छ । यसमा पााच अनुच्छेद, उन्तीसवाक्य र दुईसय चार शब्द रहेको पाइन्छ ।

#### ४.५७.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक र मनोवैज्ञानिक विषयवस्तु रहेको पाइन्छ । एउटी गरिब घरकी युवतीले विपनामा पूरा नभएका इच्छा, आकाङ्क्षा तथा चाहनालाई कल्पनामा आर्जन गरेको तर आमाको आगमनले त्यो कल्पना पनि पूरा नभएको घटना यस लघुकथामा रहेको पाइन्छ । ‘तस्वीर’मा स्वप्निल स्वच्छन्दतामा डुबेकी गरिब घरकी चेली अमृताको यथार्थभूमि देखाइएको छ (गोर्खाली, २०५७:१२) । मान्छे एक्लै हुादा स्वच्छन्द हुन्छ र उसका मनमा रहेको इच्छाहरू जागृत हुन्छन् भन्ने कुरा यसमा देखाइएको पाइन्छ । गरिबका सबै इच्छाहरू पूरा हुादैनन् । त्यसैले कल्पनामै भए पनि आफ्ना इच्छाहरू पूरा गर्ने प्रयास गर्छन भन्ने कुरालाई यसमा देखाइएको पाइन्छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा विकास भएकोले यसमा रैखिक कथानक ढााचा रहेको पाइन्छ । यसको कथानकको स्रोत समाज रहेको छ ।

#### ४.५७.२ पात्र र चरित्र

यस लघुकथामा अमृता, उसकी आमा र उसका सपनाका राजकुमारहरू पात्रका रूपमा देखापरेका छन् । यस लघुकथामा रहेका पात्रहरूमध्ये अमृता, प्रमुख, स्त्री, वयस्क, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा आमा सहायक, स्त्री, वृद्ध, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसै गरी सपनाका राजकुमारहरू गौण, पुरुष, वयस्क, नेपथ्य र मुक्त पात्र हुन् ।

#### ४.५७.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेश रहेको पाइन्छ । यसमा नायिका अमृताको आन्तरिक परिवेश पनि रहेको पाइन्छ ।

#### ४.५७.४ संवाद

यस लघुकथामा पात्रहरूका बीचमा कुनै किसिमको कुराकानी भएको छैन । त्यसैले यहाा संवादको प्रयोग नभएको पाइन्छ ।

#### ४.५७.५ भाषाशैली

यस लघुकथामा वस्त्र, प्रतिविम्ब, अनिष्ट, सागर, जीवन, स्वप्निल, मित्र, भ्रमर, सुन्दर, प्रशस्त र निर्वस्त्र जस्ता तत्सम शब्दका साथै ढोका, पाउडर, नजर र इन्च जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा आफ्ना, आफै र उनको जस्ता सर्वनाम, र, पनि, अनि, तथा, तर जस्ता संयोजक, पो, त जस्ता निपात, पूर्णविराम, हलन्त, चन्द्रविन्दु, प्रश्नचिह्न र अल्पविराम जस्ता चिह्न प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग पनि भएको पाइन्छ ।

#### ४.५७.६ उद्देश्य

मान्छे एक्लो हुादा स्वच्छन्द हुन्छ, सामाजिक बन्धनबाट मुक्त हुन्छ, र त्यसबेला उसका इच्छाहरू जागृत हुन्छन् भन्ने देखाउनु यस लघुकथाको उद्देश्य रहेको पाइन्छ ।

#### ४.५७.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने अमृता, आमा र स्वप्निल राजकुमारहरू जस्ता नाम र त्यससाग सम्बन्धित उनको जस्तो सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५८ ‘भोक र संवेदना’ लघुकथाको अध्ययन

‘भोक र संवेदना’ लघुकथा रिजालको **अदृश्य पीडा** लघुकथासङ्ग्रहमा संग्रृहीत सन्ताउन्नौा अथवा अन्तिम लघुकथा हो । यस लघुकथाको अन्त्यमा दिइएको मिति अनुसार यसको रचना २०५५ साल जेठ पााच गते भएको हो । यसमा चार अनुच्छेद, उन्नाइस वाक्य र दुईसय तेत्तीस शब्द रहेका छन् ।

### ४.५८.१ विषयवस्तु र कथानक

यस लघुकथामा सामाजिक र बालमनोवैज्ञानिक विषयवस्तु रहेको छ । बालबालिका अबोध र जिज्ञासु हुन्छन्, यसै अनुरूप यसमा एउटी अबोध बालिकाले भात खान पाएकोमा खुसी भएको तर उसलाई त्यो भात पकाउने चामल आगलागी हुादा आफ्नो घर र दाइको मृत्युबापत सरकारले दिएको राहत हो भनेर थाहा नभएको घटनालाई यस लघुकथाको विषयवस्तु बनाइएको पाइन्छ । बच्चाहरू पेटभरि खान पाए आनन्दित हुन्छन् उनीहरूलाई बाहिरी संसारसाग वास्ता हुादैन भन्ने कुरा यसमा देखाइएको पाइन्छ । अबोध बाला कोपिलाले खोलेभन्दा भात मीठोको सत्य ओकल्दा डढेर मर्ने पूर्व पुत्रको स्मृतिले अभिभूत जननी कौशल्याको आत्मवाद विषयवस्तुको रूपमा रहेको पाइन्छ (गोर्खाली, २०५७:१२) । यस लघुकथामा एकातिर छोरीको भोक र अर्कोतिर आमाको संवेदना दुवैलाई देखाइएको छ ।

यस लघुकथाको कथानक सङ्क्षिप्त, सरल र घटनाप्रधान रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा विकास भएकाले यसमा रैखिक कथानक ढाााचा रहेको पाइन्छ ।

### ४.५८.२ पात्र र चरित्र

यस लघुकथामा कोपिला, कौशल्या, दशवर्षे छोरा र गाउालेहरू जस्ता पात्रहरू रहेका छन् । यस लघुकथामा रहेका पात्रहरूमध्ये कोपिला प्रमुख, स्त्री, बाल, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा कौशल्या सहायक, स्त्री, मञ्चीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यसमा दस वर्षे छोरो गौण, पुरुष, बाल, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हो । त्यसैगरी गाउालेहरू गौण, नेपथ्य, मुक्त, अनुकूल र गतिहीन पात्र हुन् ।

### ४.५८.३ परिवेश

यस लघुकथामा गाउाले सामाजिक परिवेशका साथै कोपिलाको मानसिक परिवेश पनि रहेको पाइन्छ । पुत्रशोक तथा विशाल आगलागीको परिवेश पनि रहेको पाइन्छ ।

### ४.५८.४ संवाद

यस लघुकथामा कौशल्या र उसकी छोरी कोपिलाकाबीचमा कुराकानी भएकोले संवाद रहेको पाइन्छ ।

### ४.५८.५ भाषाशैली

यस लघुकथामा पुत्रशोक, विशाल, विह्वल र मौन जस्ता तत्सम शब्दका साथै नजर, ताप्के जस्ता आगन्तुक शब्द र आासु जस्तो तद्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । यसमा तपाइा, उनको, उनलाई, ऊ, तिमी, उनी, हामी र उसको जस्ता सर्वनाम, तर, पनि र जस्ता संयोजक, न, नै र त जस्ता निपात, प्रश्नचिह्न, चन्द्रविन्दु, अल्पविराम, दोहोरो उद्धरण, विसर्ग, हलन्त र विस्मय जस्ता चिह्नको प्रयोग पनि भएको पाइन्छ । यसमा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.५८.६ उद्देश्य

बालबालिकाहरू अबोध र जिज्ञासु स्वभावका हुन्छन् । उनीहरूको उमेर भनेकै खेल्ने खाने हो, त्यसैले उनीहरूलाई बाहिरको संसारसाग कुनै मतलब हुादैंन, उनीहरू संवेदनाबाट टाढा हुन्छन् भन्ने जानकारी दिने उद्देश्य यस लघुकथाको रहेको पाइन्छ ।

### ४.५८.७ दृष्टिविन्दु

यस लघुकथामा तृतीय पुरुष बुझाउने कोपिला, कौशल्या आदि जस्ता नाम तथा त्यससाग सम्बन्धित उनको, तपाईं, उनैलाई, ऊ, उनी र उसको जस्ता सर्वनामको प्रयोग भएकोले यसमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.५९ निष्कर्ष

नवराज रिजालले आफ्नो साहित्यिक यात्रा कविताबाट थालनी गरे पनि अहिले उनी एउटा सफल लघुकथाकारका रूपमा पनि चिनिएका छन् । २०४० सालमा काठमाडौाबाट प्रकाशित हुने साप्ताहिक पत्रिका **मातृभूमि**मा उनको पहिलो लघुकथा ‘पागलको चाहना’ प्रकाशित भएको हो । त्यसपछि २०४७ देखि २०५५ सालसम्म लेखिएका लघुकथाको सङ्ग्रह **अदृश्य पीडा** हो भने अर्को लघुकथासङ्ग्रह **माटो खोज्दै** हो ।

**अदृश्य पीडा** लघुकथासङ्ग्रह रिजालको पहिलो लघुकथासङ्ग्रह हो । यसमा ५७ वटा लघुकथाहरू समावेश भएको पाइन्छ । यस सङ्ग्रहका लघुकथाहरूको विषयवस्तु प्रमुख रूपमा सामाजिक रहेको छ । लघुकथाकार रिजालले यी लघुकथामा समाजमा घट्ने घटना र आफूले देखेका, भोगेका सामाजिक, आर्थिक, राजनैतिक अवस्था, विकृति, विस·ति, शैक्षिक अराजकता, अन्याय, अत्याचार, भ्रष्टाचार, अनियमितता र गरिबीलाई आफ्ना लघुकथाको विषयवस्तु बनाएको पाइन्छ । उनका लघुकथामा देशप्रेम छ, गरिबी र अभावका पीडा छन्, सामन्ती, शोषित वर्गको दमनमा परेका कामदारको चित्रण छ र समाजका लोभी, स्वार्थी तथा द्वैध चरित्रका व्यक्तिप्रति व्यङ्ग्य पनि छ । जनताले सामन्तीका विरुद्ध गरेको विद्रोह, महिलामाथि हुने दुराचार, गरिबीले गर्दा पेट पाल्नको लागि देहव्यापार गर्नुपर्ने बाध्यता, छोराछोरीलाई अर्काको घरमा नोकर बनाउनुपर्ने अभिभावकको बाध्यता, सडकमा मागेर खानेको दयनीय अवस्थालाई रिजालले आफ्ना लघुकथाहरूमा उतारेका छन् ।

समाजमा विद्यमान समस्या तथा विकृति विस·तिहरूको यथार्थ, अभिधात्मक, व्यङ्ग्यात्मक, वर्णनात्मक शैलीमा प्रस्तुत गरी समतामूलक आदर्श समाजको निर्माण गर्ने उद्देश्य रिजालको रहेको पाइन्छ । रिजालले नारी समस्याका बारेमा पनि कलम चलाएकाले उनलाई नारीवादी लघुकथाकार पनि भन्न सकिन्छ । रिजालका लघुकथाहरूको विषयवस्तु समसामयिक रहेको छ ।

मानवको दुःख, पीरमर्का, अभाव, अत्याचार, शोषण आदि समस्याहरूलाई उठाई तिनको उचित समाधान खोज्न रिजालका लघुकथा सक्षम रहेको पाइन्छ । रिजाल समाजवादी, प्रगतिवादी र यथार्थवादी लघुकथाकार हुन् । खाना, नाना र छानाका लागि मानिसले भोग्नुपरेका दुःख, कष्ट र सङ्घर्षको यथार्थ चित्रण उनका लघुकथामा छ । रोग, भोक र शोकले ग्रस्त मान्छेका समस्याको उद्घाटन पनि उनका लघुकथाहरूमा यथार्थपरक ढ·बाट गरिएको छ । सानो आयाममा पनि जीवनका गम्भीर र मार्मिक पक्षहरूको गहन रूपमा प्रस्तुत गर्न सक्ने खुबी रिजालको लघुकथाकारिताको प्रमुख विशेषता हो ।

यस **अदृश्य पीडा** लघुकथा सङ्ग्रहभित्रका लघुकथाहरूको शीर्षक एक र अनेक शब्दका रहेका छन् । ४८ वटा लघुकथाहरूको शीर्षक एक शब्दका, सातवटा लघुकथाहरूको शीर्षक दुई शब्दका र दुईवटा लघुकथाहरूको शीर्षक तीन शब्दका रहेका छन् । यस सङ्ग्रहभित्रका लघुकथाहरू र विषयवस्तुका बीचमा सामञ्जस्यता भएकाले लघुकथाहरूको शीर्षक सार्थक रहेको पाइन्छ । यस लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूमध्ये आठवटा लघुकथाहरूमा प्रथम पुरुष परिधीय दृष्टिविन्दु र उन्पचासवटा लघुकथाहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । त्यस्तैगरी नौवटा लघुकथाहरूमा वृत्ताकारीय कथानक ढाचा र अड्चालीसवटा लघुकथाहरूमा रैखिक कथानक ढाचा रहेको पाइन्छ ।

यस लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूमा पिता, मुक्त, आग्रह, पूर्वाधार, अठोट, कार्य, ग्रामबासी, आकृष्ट, लालायित, सङ्कल्प, ग्रहण, नवनिर्मित, शीघ्र, मुखारविन्द, भ्रमण र

शिर आदि जस्ता  तत्सम शब्दहरूको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ । यसका साथै पसल, बावजुद, हिरासत, कस्टडी, फर्जी, सहर, रेकर्ड, अदालत, फेसन, जुलुस, प्लेकार्ड, सेमिनार, गिरÇतार, हैसियत, कम्पाउण्ड, रौनक, काबु, बक्सिस, प्रेसक्रिप्सन, फ्रेम, वापत र सदाबहार आदि जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । त्यस्तैगरी साँचो, घिउ, पछुतो, आँसु, हात, हाँसो, रात, ओठ, काम, कान, सास र उज्यालो जस्ता तद्भव शब्दको प्रयोग पनि भएको   पाइन्छ ।

यस सङ्ग्रहका लघुकथाहरू घटीमा १०६ शब्द र बढीमा ३०४ शब्दका रहेका छन् । त्यस्तैगरी थोरैमा ९ वाक्य र बढीमा ३७ वाक्य सम्मका लघुकथाहरू यस सङ्ग्रहभित्र रहेका छन् । बढीमा १० अनुच्छेद र घटीमा ३ अनुच्छेदका लघुकथाहरू यस सङ्ग्रहमा समावेश भएका पाइन्छन् । यस लघुकथा सङ्ग्रहको लघुकथाहरूमा पात्रका रूपमा मानवीय र मानवेतर दुवै पात्रहरूको प्रयोग भएको पाइन्छ ।  मानवीय पात्रहरूमा पनि स्त्रीभन्दा पुरुष पात्रहरूको प्रयोग बढी भएको पाइन्छ । पाढी, बाच्छी र पन्छी जस्ता मानवेतर पात्रहरूको पनि प्रयोग भएको पाइन्छ ।

यस सङ्ग्रहभित्रका लघुकथाहरूले स्वच्छ, निस्वार्थी, भ्रष्टाचारमुक्त समाज निर्माणको सन्देश दिएको पाइन्छ । रिजालका यी लघुकथाहरूमा समाजका विकृति, विसङ्गति, समस्या अराजकता रूढिवादी मान्यता, कुसंस्कार आदिको यथार्थ चित्रण गर्दै त्यस्ता अराजकता निम्त्याउने र फैलाउने समाजका शत्रुहरूप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यसरी रिजालले नेपाली लघुकथालाई समृद्ध पार्ने काम गरेकाले नेपाली लघुकथाको परम्परामा रिजालको ठूलो योगदान रहेको प्रस्ट हुन्छ । त्यसैले  नेपाली लघुकथाको समसामयिक धाराका एक सशक्त लघुकथाकारको नाम लिदा नवराज रिजाललाई भूल्न कदापि मिल्दैंन।

# परिच्छेद पाँच

# शोधनिष्कर्ष

## ५.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा अदृश्य पीडा लघुकथासङग्रहका लघुकथाको अध्ययनको परिच्छेदगत सारसङ्क्षेप तथा शोधनिष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सारसङ्क्षेप

प्रस्तुत शोधको परिच्छेद एकमा शोधपरिचय दिइएको छ । यस क्रममा यहाा शोधशीर्षक, शोधप्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व, र उपयोगिता, शोधको सीमाङ्कन, शोधविधि, सामग्रीसङ्कलन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा नवराज रिजालको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ । यस क्रममा यहाा नवराज रिजालको जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक जीवन, पेसा र बसोबास, साहित्य सिर्जनामा प्रेरणा र प्रभाव, साहित्यिक क्षेत्रमा प्रवेश र योगदान, रुचि र स्वभाव, उनले प्राप्त गरेका पुरस्कार र सम्मानको विवरण प्रस्तुत गर्दै रिजालका व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन गरिएको छ ।

परिच्छेद तीनमा लघुकथाको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यस क्रममा यहाा लघुकथाको अर्थ, परिभाषा र स्वरूप, लघुकथाका तत्त्व, लघुकथा र निकटस्थ विधा तथा लघुकथाका विशेषताको अध्ययन प्रस्तुत गरिएको छ ।

परिच्छेद चारमा नवराज रिजालका **अदृश्य पीडा** लघुकथा सङ्ग्रहमा सङ्गृहीत लघुकथाहरूको अध्ययन गरिएको छ । यस क्रममा यहाा सङ्गृहीत लघुकथाहरूको विषयवस्तु र कथानक, पात्र र चरित्र, परिवेश, संवाद, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यका कोणबाट अध्ययन गरिएको छ ।

परिच्छेद पााचमा शोधको परिच्छेदगत सारसङ्क्षेप र शोधनिष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.३ शोधनिष्कर्ष

पश्चिम १ नम्बर अन्तर्गत पर्ने तत्कालीन धादिङमा २०२२ साल जेठ २९ गते बुवा ठाकुरप्रसाद रिजाल र आमा देवीमाया रिजालका पहिलो सन्तानका रूपमा नवराज रिजालको जन्म भएको हो । निम्नमध्यम वर्गीय परिवारमा जन्मेका रिजाल संयुक्त परिवारमा जन्मेर पनि ६ वर्षको हुादा छुट्टिएर मूल घर छाडी अर्कै गाउामा बसेको र ९-१० वर्षको उमेरमा बाराको स्वाभिमान बस्ती डुमरवाना गा.वि.स.मा स्थायी बसोबास गर्न पुगेको देखिन्छ । हाल उनी श्रीमती अस्मिता, छोरा प्रतीत र छोरी प्रतीक्षासाग काठमाडौामा बस्दै आइरहेका छन् । निम्नमध्यम वर्गीय र जेठो सन्तान भएकाले बाल्यकालदेखि नै उनले घरमा बा-आमालाई सघाउने गरेको पाइन्छ ।

रिजालले ६ वर्षको उमेरदेखि गाउाकै विद्यालयबाट अध्ययन थालेका हुन् । उनले आमा र बुबाको धेरै पढ्नुपर्छ भन्ने प्रेरणा स्वरूप पढ्न थालेका हुन् । उनको कक्षा तीनसम्मको अध्ययन धादिङमा नै भयो भने २०४० सालमा सिद्धेश्वर मा.वि., बाराबाट राम्रो अङ्क ल्याएर एस.एल.सी. उत्तीर्ण गरेका हुन् । प्राथमिक र माध्यमिक शिक्षा नियमित रूपमा प्राप्त गरेका रिजालले त्यसपछिको पढाइ नियमित गर्न सकेनन् ।

रिजालले एस.एल.सी. पछि नै पूर्व प्राथमिक विद्यालयबाट अध्यापन कार्य सुरु गरेर हालसम्म पनि यसलाई निरन्तरता दिइरहेका छन् । एस.एल.सी. पछि उनले आफूले पनि पढ्दै अरूलाई पनि पढाउादै गरेका हुन् । रिजालले आफ्नो पारिवारिक परिस्थितिले गर्दा पढाइलाई बीच-बीचमा रोक्नुपरे पनि उनमा पढ्ने तीव्र चाहना भएकाले उनले त्रि.वि.बाट नेपाली विषयमा एम.ए. र बी.एड. पनि उत्तीर्ण गरेका छन् । अहिले उनी “नेपाली बाल उपन्यासका प्रवृत्तिहरू”नामक विषयमा विद्यावारिधि गर्दै छन् ।

नवराज रिजाललाई बाराको सिद्धेश्वर माध्यमिक विद्यालयमा कक्षा ८ मा पढ्दा प्रसिद्ध साहित्यकार हरिभक्त कटुवालको सम्झनामा भएको साहित्यिक गोष्ठीबाट साहित्यिक रचनाहरू सिर्जना गर्ने प्रेरणा मिलेको हो । उनमा विद्यालयमा पढ्दादेखि नै विभिन्न साहित्यिक कृति रचना गर्ने रुचि रहेको पाइन्छ । आमाको पण्डित बनाउने इच्छा पूरा गर्नका लागि उनी सानैदेखि साहित्यतर्फ आकर्षित भएका हुन् । कविताबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका रिजालले आमा, बुवा, गुरु, साथीभाइ, साहित्यिक व्यक्तित्व, साहित्यिक कार्यक्रमबाट उनलाई साहित्य सिर्जना गर्ने प्रेरणा र प्रभाव मिलेको छ । उनी २०५३ सालमा ३१ वर्षको उमेरमा हेटौडाकी अस्मिता शर्मासाग विवाह गरी दाम्पत्य जीवनमा प्रवेश गरेका हुन् ।

रिजाल धुनीबेसी आदर्श क्याम्पसमा प्राध्यापन कार्य गरिरहेका छन् । छोराछोरीको हेरचाह, प्राध्यापन, साहित्य सिर्जना, सामाजिक सेवा, पत्रकारिता, साहित्यिक गोष्ठी र कार्यक्रममा सहभागिता जस्ता कुराले उनको जीवन निकै व्यस्त देखिन्छ ।

रिजालले २०३८ देखि कविताबाट आफ्नो साहित्यिक यात्रा थालेका हुन् । उनको पहिलो प्रकाशित रचना 'पागलको चाहना' हो, जुन काठमाडौंबाट प्रकाशित **मातृभूमि** साप्ताहिकमा २०३९ सालमा प्रकाशित भएको छ । उनका हालसम्म प्रकाशित कृतिहरूमा **अदृश्य पीडा** लघुकथासङ्ग्रह (२०५७), **विखण्डित प्रवाह** कथासङ्ग्रह (२०६३),छट्टु बाँदरको बिहे बालकथासङ्ग्रह (२०६३), चुपचाप चुपचाप गजलसङ्ग्रह(२०६६), **माटो खोज्दै** लघुकथासङ्ग्रह (२०६७), **जून दाइ आए** बालकविता सङ्ग्रह (२०६९), **रोजीको हवाइ जहाज** बालउपन्यास (२०६७), **दयालु ढेडु** बालकथासङ्ग्रह (२०५८), **भूतको घरभित्र** बालकथासङ्ग्रह (२०५९), **बोक्सी बूढी** बालकथासङ्ग्ह (२०६०), **म पनि जान्न** बालकथासङ्ग्रह (२०६१), **तिलकानेको टीको** बालकथासङ्ग्रह (२०६३), **डुमरवानाको सेरोफेरो** खोजअनुसन्धानपरक कृति (२०६३), **द थ्री फ्रेन्ड्स** बालकथासङ्ग्रह, **नक्कलीको अक्कल** बालकथासङ्ग्रह (२०६७) र **स्याबास गोपी** बालकथासङ्ग्रह (२०६७), **देशको गीत गाऔं** बालकबितासङ्ग्रह(२०६९) रहेका छन् । यसबाहेक उनका केही फुटकर रचनाहरू पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

रिजालमा बहुमुखी व्यक्तित्व रहेको छ । रिजालमा कथा, कविता, लघुकथा, बालकथा, बालउपन्यास, बालकविता, नाटक, समालोचना र गजलकार साहित्यिक व्यक्तित्व देखापरेको छ भने उनमा साहित्यिक पत्रकार र सङ्गठक व्यक्तित्व पनि देखिएको छ । हरेक व्यक्तिका आ-आफ्ना रुचि, स्वभाव र बानीव्यहोरा हुन्छन् । त्यसै अनुरूप रिजालका रुचि साहित्यसिर्जना लेखन, प्रकाशन, पठन, अध्यापन, पत्रकारिता गर्नमा रहेको पाइन्छ । खरो, निर्भीक, निडर, स्पष्ट वक्ता, मनमा केही नराख्ने, अन्याय-अत्याचार नसहने जस्ता स्वभाव रिजालमा रहेका छन् । मिलनसार, अहंकार नरुचाउने, सदाचार र यथार्थता रुचाउने जस्ता चारित्रिक विशेषता रिजालमा रहेका छन् । समग्रमा नम्रता, विनयशीलता, मिलनसार, भावुकता, सहयोगी भावना रिजालका वैशिष्ट्य हुन् भन्न सकिन्छ ।

रिजालले विद्यार्थी अवस्थामै २०३६ सालदेखि २०४५ सालसम्म लेखन तथा निर्देशन गरी दसैं, तिहार र नयाँ वर्षमा नाटक प्रदर्शन समेत गरेका थिए, त्यसैले रिजालको स॰ठक व्यक्तित्व पनि रहेको पाइन्छ । रिजालले विद्यार्थी अवस्थामै २०३८ सालमा उनकै अध्यक्षतामा गाउँमा नवयुवा पुस्तकालय खोलेका थिए । रिजालले २०५० सालदेखि **नवप्रज्ञापन** नामक त्रैमासिक पत्रिकाको सम्पादन र प्रकाशन गरेको पाइन्छ । २०६८ साल माघदेखि चैत्रसम्म यस पत्रिकाको ५५ औं अङ्क प्रकाशित भएको पाइन्छ । धेरै कृतिहरू लेखेर नेपाली साहित्यको ढुकुटी समृद्ध गर्नमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । उनी साहित्यकार, कुशल शिक्षक, अभिभावक, सम्पादक, समाजसेवी, पत्रकार, सम्पादक र अन्वेषक व्यक्तित्वका रूपमा चिनिन्छन् । आफूले देखेभोगेका र अनुभूतिजन्य कुरालाई टपक्क टिपेर साहित्य सिर्जना गर्ने रिजालका रचनाहरूको अध्ययनबाट उनको अध्ययनशील र परिश्रमी व्यक्तित्व मुखरित भएको छ ।

रिजालले नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याए बापत केही पुरस्कार र सम्मान पनि पाएका छन् ।जुन यसप्रकार रहेका छन् ।

सुगन्ध लघुकथा पुरस्कार (२०५१), नारायणी वाङ्मय पुरस्कार (२०५७), राष्ट्रिय वाङ्मय सम्मान (२०६३), अमेरिकाबाट अनेसास पुरस्कार (२०६६) आदि उनले प्राप्त गरेका पुरस्कार र सम्मान हुन् ।

रिजालको पहिलो लघुकथासङ्ग्रह **अदृश्य पीडा** हो । यसमा २०४७ सालदेखि २०५५ सालसम्म लेखिएका ५७ वटा लघुकथाहरू रहेका छन् । यस सङ्ग्रहका लघुकथाहरूका विषयवस्तु प्रमुख रूपमा सामाजिक रहेको पाइन्छ । कुनै पनि विषयवस्तु, घटना र अनुभूतिलाई आख्यानीकरण गरेर कलात्मक रूपमा लघुकथा रचना गर्ने क्षमता रिजालमा रहेको देखिन्छ । उनले समाजमा घट्ने घटना, आफूले देखेभोगेका सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक अराजकता, अन्याय, अत्याचार, यौनदुराचार, भ्रष्टाचार, अनियमितता, गरिबी आदि विषयलाई आफ्ना लघुकथाको विषयवस्तु बनाएका छन् । उनका लघुकथामा देशप्रेम, गरिबी र अभावका पीडा, सामन्ती दमनमा परेका कामदारको पीडा, समाजका लोभीस्वार्थी मान्छेप्रति व्यङ्ग्य, जनताले सामन्ती शोषक वर्गका विरुद्ध गरेको विद्रोह, समाजमा रहेका द्वैध चरित्रका व्यक्तिप्रति व्यङ्ग्य, महिलामाथि हुने दुराचार, गरिबीले गर्दा पेट पाल्नको लागि देहव्यापार गर्नुपर्ने बाध्यता र विवशता, सडकमा मागेर खानेको दयनीय अवस्था, कर्तव्य, अकर्तव्य, सन्तानको लागि सर्वस्व अर्पण गर्ने तर तिनै सन्तानबाट उपेक्षित आमाहरूको पीडालाई रिजालले आफ्ना लघुकथाहरूमा यथार्थ रूपमा चित्रण गरेका छन् ।

रिजालका लघुकथाहरूमा समाजका विकृति, विस·तिप्रतिको यथार्थ चित्रण र त्यसप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यिनका लघुकथाहरूमा मानवीय र मानवेतर दुवै पात्रको प्रयोग भएको भए पनि मानवीय पात्रकै बाहुल्य रहेको छ । मूलतः निम्नवर्गीय ग्रामीण पात्र र परिवेशको चित्रण उनका लघुकथाहरूमा भएको छ । मानवीय मूल्य, मान्यता र आदर्शका पक्षमा उभिएका उनका लघुकथाहरूमा मानवीय संवेदना, करुणा र पीडाका स्वरहरू मुखरित भएका छन् । विषयगत विविधता र प्रस्तुतिगत नवीनता उनका लघुकथा लेखनका विशेषता हुन् । सामाजिक जीवनको सघन, सरल र सटीक चित्र उतार्न उनका लघुकथाहरू सफल भएको देखिन्छ । उनका लघुकथाको विषय, भाव र शीर्षकका बीचमा सामञ्जस्यता रहेको छ । बिम्बात्मक प्रस्तुतिले उनका लघुकथाहरू अत्यन्त रोचक बनेका छन् । कलात्मक र कौतूहलपूर्ण लेखन, सरल र सम्प्रेष्य भाषाशैलीका कारण रिजालका लघुकथाहरू सशक्त बनेका छन् । हरेक विषय, घटना र परिवेशलाई नवीन रूपमा प्रस्तुत गर्न सक्ने कला उनमा रहेको छ । उनका लघुकथाहरूले समसामयिक समाजको चित्र उतारेका छन् ।

समाजमा विद्यमान सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा देखिएका समस्या, विकृति र विस•तिहरूलाई यथार्थ, अभिधात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक र प्रतीकात्मक शैलीमा प्रस्तुत गरी समतामूलक र आदर्श समाजको निर्माण गर्ने चाहना र उद्देश्य रिजालका लघुकथामा रहेको छ । लघुकथाकार रिजाललाई सामाजिक यथार्थवादी र आदर्शवादी लघुकथाकारको सूचीमा राख्न सकिन्छ भने उनी नारीवादी पनि देखिन्छन् । यस्तै मानव जीवनका दुःखद पीरमर्का, अभाव, अन्याय, अत्याचार, शोषण आदि समस्यालाई उठाई तिनको उचित समाधान खोज्न रिजालका लघुकथा सक्षम रहेका छन् । गास, बास र कपासको लागि मान्छेले पाएका दुःख, भोग्नुपरेका पीडा, विवशता, बाध्यता र सङ्घर्ष उनका लघुकथामा रहेको पाइन्छ । रोग, भोक र शोकले ग्रसित मान्छेका समस्याहरूको उद्घाटन पनि उनका लघुकथाहरूमा यथार्थपरक ढङ्गबाट गरिएको पाइन्छ ।

उनको यस **अदृश्य पीडा** लघुकथासङ्ग्रहका लघुकथाहरूमध्ये ँपीडा', ँबाटो', ँपाटो', ँभोक', ँदीर्घरोग', ँजीवनपथ', ँपेट', ँत्यो रात' र ँचेतना' गरी नौवटा लघुकथाहरूमा वृत्ताकारीय कथानक ढाचा र बााकी लघुकथाहरूमा रैखिक कथानक ढाचा रहेको छ । त्यस्तैगरी ँअभियान', ँअधिकार', ँखोजी', ँमानवता', ँठूलो मानिस', ँविवशता', ँनिरुत्तर' र ँअठोट' लघुकथाहरूमा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ भने बााकी लघुकथाहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसरी के भन्न सकिन्छ भन्दा रिजालका धेरैजसो लघुकथाहरूमा रैखिक कथानक ढाचा र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यिनका लघुकथाहरूमा महिलाभन्दा पुरुष पात्रहरूको बढी प्रयोग भएको पाइन्छ ।

रिजालका लघुकथामा प्रगतिवादी वा सामाजिक यथार्थवादी स्वर प्रमुख रूपमा र आलोचनात्मक यथार्थवादी स्वर गौण रूपमा मुखरित भएको पाइन्छ । तसर्थ उनी समाजवादी यथार्थवादी धाराका लघुकथाकार हुन् भन्न सकिन्छ । नेपाली लघुकथा साहित्यको फााटमा रिजालले आफूलाई स्थापित गरिसकेका छन् । उनको लघुकथाकारिता अत्यन्त सबल, सशक्त र सफल रहेको छ । नेपाली लघुकथा साहित्यमा रिजालको योगदान महत्त्वपूर्ण रहेको छ । समाज चेतना र जागरणको सन्देश दिएर समाजलाई परिवर्तन गरी समतामूलक समाजको निर्माण गर्दै स्वर्णिम भविष्यको निर्माण गर्ने चाहना उनका लघुकथामा जीवन्त रूपमा प्रस्तुत भएको छ ।

रिजालका लघुकथाहरूमा कमैया प्रथा, नारी समस्या, मजदुरका पीडा तथा नेपाली नागरिकले खोक्रो आश्वासन तथा सान्त्वना बाहेक जीवनका लागि आवश्यक धेरै थोक नपाएका घटनाको यथार्थ चित्रण भएको पाइन्छ । उनले ग्रामीण र सहरिया दुवै परिवेशको चित्रण गरेका छन् । स्थानगत परिवेशमा काठमाडौं, सहिदमञ्च, भोटाहिटी, आापचौर, राम्दी खोला, घुमाउने डााडा, रत्नपार्क जस्ता परिवेश उनका लघुकथाहरूमा आएका पाइन्छन् । उनका लघुकथाहरूमा प्रशस्त मात्रामा तत्सम, आगन्तुक शब्द र केही मात्रामा तद्भव

शब्दको प्रयोग भएको पनि पाइन्छ । संरचनाका आधारमा बढीमा ३०४ शब्द र न्यूनतम १०६ शब्दसम्मका लघुकथाहरू रिजालका यस सङ्ग्रहभित्रका लघुकथाहरूमा रहेको पाइन्छ ।

कथावस्तु, पात्र, परिवेश, भाषाशैली, उद्देश्य, संरचना, दृष्टिविन्दु आदि सबै तत्त्वहरूको यथोचित र कलात्मक संयोजनबाट पूर्ण प्रस्तुत **अदृश्य पीडा** लघुकथासङ्ग्रह नेपाली लघुकथाका फाँटमा एक महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ । लघुकथाको सङ्क्षिप्त आयाममा जीवनका गम्भीर र मार्मिक पाटाहरूको सघन रूपमा प्रस्तुत गर्न सक्ने खुबी रिजालको कथाकारिताको प्रमुख विशेषता हो । समाजको ठूलो परिदृश्यलाई क्यामराले खिचेको सानो तस्वीर जस्तै आकर्षक शब्दचित्र खिचेर रिजालले सामाजिक विषमतालाई चिरफार गरेर सचेतताको सन्देश दिएको पाइन्छ ।

साहित्यका विभिन्न विधा उपविधाहरूमा कलम चलाउने रिजाल युगबोध र नवीन चेतनाको शङ्खघोष गर्ने समकालीन साहित्यकार हुन् । नेपाली साहित्यको परम्परामा रिजालले अमूल्य निधिका रूपमा थुप्रै कृतिहरू दिई ठूलो योगदान दिएका छन् । उनले दुईवटा लघुकथाका सङ्ग्रह, एउटा कथासङ्ग्रह, दुईवटा बालकविताका सङ्ग्रह, एउटा बालउपन्यास, नौवटा बालकथाका सङ्ग्रह, एउटा खोजअनुसन्धानपरक कृति र एउटा गजलसङ्ग्रह गरी सत्रवटा पुस्तकाकार कृति नेपाली साहित्यका भण्डारमा दिइसकेका छन् । उनले सत्रवटा कृतिका माध्यमबाट नेपाली साहित्यको भण्डार भरी त्यसलाई समृद्ध पार्ने काम गरेका छन् । लघुकथाको सङ्क्षिप्त आयाममा जीवनका गम्भीर पक्षलाई प्रस्तुत गर्ने खुबी रिजालमा रहेकाले उनी नेपाली लघुकथाको समसामयिक धाराका एक सशक्त लघुकथाकारका रूपमा रहेका छन् ।

## ५.४ सम्भावित शोधशीर्षकहरू

(क) नवराज रिजालका बालकथाको अध्ययन

(ख) नवराज रिजालका बालउपन्यासको अध्ययन

(ग) साहित्यकार नवराज रिजालका कथाको अध्ययन

(घ) साहित्यकार नवराज रिजालका गजलको अध्ययन

# सन्दर्भसूची


अश्क, गोपाल, २०६५, **लघुकथा प्रक्रिया र पाठ**, ललितपुर : साझा प्रकाशन ।

काडेल, राधा, ? ˘अदृश्य पीडाभित्र नवराज', **साप्ताहिक आवाज**, वर्ष ५, अङ्क २३, पृ. ७ ।

कसजू, विनयकुमार, २०६५, **प्रतिनिधि नेपाली लघुकथाहरू**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन

गिरी, गोविन्द, २०५६, ˘लघुकथाको बनोट र नेपाली लघुकथा', **मधुपर्क**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ.७१-७२ ।

गौतम, लक्ष्मणप्रसाद, २०५६, ˘लघुकथाको स्वरूप, संरचना र तत्त्व', मधुपर्क, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ. ६१-६२ ।

क्षेत्री, जुनु, २०५८, ˘अदृश्य पीडाका स्वरहरू', **सगर**, वर्ष ?, अङ्क ?, पृ.४६ (कार्तिक-पुस) ।

घिमिरे, सिर्जना, २०६५, “नवराज रिजालको अदृश्य पीडा लघुकथासङ्ग्रहको विश्लेषण”, त्रि.वि. जनमैत्री क्याम्पस, नेपाली विभागमा प्रस्तुत स्नातक तहको शोधपत्र, अप्र.।

चापागाईं, नरेन्द्र, २०६२, **नेपाली शब्द भण्डार**, काठमाडौँ : श्याम पुस्तक भण्डार ।

ज्ञवाली, ज्ञाननिष्ठ, २०६३, ˘आख्यानकार विश्वेश्वरप्रसाद कोइराला', दोस्रो संस्क., काठमाडौँ : हजुरको प्रकाशन ।

ज्ञवाली, मोतीराज, २०६४, “साहित्यकार विजय सागरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”, त्रि.वि. भैरहवा ब. क्याम्पसमा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र, अप्र. ।

ज्ञवाली, रामप्रसाद, २०५७, ˘घामले मसाग प्रकाश मागेपछि', काठमाडौँ : प्रज्ञापन प्रकाशन ।

थापा, रामविक्रम, २०५५, **पात्रहरू** (लघुकथा सङ्ग्रह), खोटाङ : चन्द्रप्रसाद पौडेल ।

..., ..., २०५६, ˘लघुदृष्टिमा लघुकथा', **मधुपर्क**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ. १४२-१४३ ।

थापा, रोशन, २०५६, ˘लघुकथाको सैद्धान्तिक पक्ष र चालीसको दशकका लघुकथा', **मधुपर्क**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ. २६ ।

धमला, चेतनाथ, २०५८, ˘अदृश्य पीडाभित्र नवराज रिजाल', ?, साहित्यको सेरोफेरो वर्ष ?

अङ्क ? पृ. ? (असोज ३ बुधवार) ।

पहाडी, किशोर, २०६७, ˘लेख्ने नशा बोकेका रिजाल', काठमाडौं : प्रज्ञापन प्रकाशन ।

पूजा, गोबर्द्धन, २०५८, ˘अदृश्य पीडाभित्र खुसीहरू', **युगसम्वाद**, वर्ष ? अङ्क ?, पृ. ६ ।

पोखरेल, ईश्वरीप्रसाद, २०६०, "नेपाली लघुकथाको परम्परा", त्रि.वि., नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र, अप्र. ।

पोखरेल, खिमानन्द, २०५८, ˘अदृश्य पीडा र अनुभूति एक दृष्टिकोण', **मिर्मिरे,** वर्ष ३०, अङ्क ११, पूर्णाङ्क १९८, पृ.६२-६६ ।

पौडेल, अनमोलमाणि अनाथ २०५८, ˘दुख्छ भ साह्रै दुख्छ भ्भ अदृश्यपीडा', **दिव्यदर्शन**, वर्ष ?,

पृ.४ (जेठ २० गते शनिवार) ।

..., ...., २०५८, ˘स्वतन्त्रताको पीडा', **खबर**, वर्ष ङ्क ?, पृ. ? (असार १९) ? अ।

प्रधान, प्रमोद, २०६१, **नेपाली बाल साहित्यको इतिहास,** दोस्रो सस्कं., काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

प्रधान, प्रमोद, २०६५, **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौं : मार्टिन चौतारी ।

बराल, कृष्णहरि र नेत्र एटम, २०५८, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज, ˘नेपाली लघुकथाको पहिलो मौलिक रूप लौकिक न्यायमणिमाला', **मधुपर्क,** वर्ष ३२, अङ्क ४, पूर्णाङ्क, ३६२, पृ.४१-४२ ।

रिजाल, नवराज, २०६५, ˘इच्छा शक्ति भए धेरै काम गर्न सकिन्छ', बाल्यकालका कुरा स्तम्भ, **हाम्रो आगन,** वर्ष ३, अङ्क २, पूर्णाङ्क १३, पृ.३-५ ।

लामिछाने, कपिल, २०६७, ˘नवराज रिजालका यी लघुकथाहरू : लघुकथामा थप एक खुट्किलो', नवराज रिजाल, **माटो खोज्दै,** काठमाडौं : प्रज्ञापन प्रकाशन ।

..., ..., २०६४, ˘नेपाली लघुकथा र समकालीन सन्दर्भ, **मिर्मिरे,** वर्ष ३६, अङ्क ११, पूर्णाङ्क २७०, पृ. १५२-१६४ ।

विवश, ज्ञानेन्द्र, २०५६, ˘नेपालमा लघुकथा राष्ट्रिय सम्मेलनदेखि प्रतियोगितासम्म, **मधुपर्क**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ.९९-१०० ।

शर्मा, मोहनराज, २०५६, ˘लघुकथा : लघुत्तम आख्यान', **मधुपर्क**, वर्ष ३२, अङ्क ४,

पूर्णाङ्क ३६२, पृ.२५-२६ ।

शर्मा, मोहनराज, २०६३, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, दोस्रो संस्क., काठमाडौा :
अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, मोहनराज, २०६६, **आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना**, कीर्तिपुर : क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, २०६६, **शोधविधि,** चौथो संस्क., ललितपुर : साझा प्रकाशन

शर्मा, हरिप्रसाद, २०५९, **कथा सिद्धान्त र विवेचना**, काठमाडौा : ने.रा.प्र.प्र. ।

शाह, कृष्ण, २०५८ 'पठनीय सङ्ग्रह', **मधुपर्क**, वर्ष ३४, अङ्क ९, पूर्णाङ्क ३८९, पृ.२३ ।

श्रेष्ठ, श्रीओम, २०५६, 'लघुकथा र यसका प्रकाशन', **मघुपर्क**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, पृ.१०९-१११ ।

श्रेष्ठ, दयाराम, २०३४, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौा : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, दयाराम, २०५६, 'नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप', **मधुपर्क**, वर्ष ३२, अङ्क ४ पूर्णाङ्क ३६२, पृ.१३-१६ ।

श्रेष्ठ, दयाराम, २०६०, **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन ।